# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ४, अङ्क ८, पूर्णाङ्क १५४ | २०७५ साउन १६ गते बुधवार | Wednesday, 1 Aug 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## केपी र प्रचण्डका नेता-कार्यकर्ता विप्लवतिर

■ रातो खबर संवाददाता/काठमाडौं

तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) का नेता-कार्यकर्ताहरू नेकपामा प्रवेश गर्ने लहर चलिरहेको छ। कालीकोटमा पूर्वमाओवादी केन्द्र र पूर्वनेकपा (एमाले) का नेता-कार्यकर्ताहरू नेपाल कम्युनिस्ट पार्टी कालीकोटमा प्रवेश गरेका छन्। नेकपाले चलाएको एकीकृत जनजागरण अभियानअन्तर्गत कालीकोटको सदरमुकाम मान्मामा विभिन्न पार्टी परित्याग गरी ३१ जना नेकपामा प्रवेश गरेका हुन्। प्रवेश गर्नेहरूमा रणबहादुर, जितबहादुर विक, बिर्खबहादुर विक, दान विक, कवि गोरेत, वीरेन्द्र विक, कमल विक, छत्र विक, भैरव विक, तपेन्द्र विक, कर्ण विक, सौरव विक, मान विक, प्रकाश विक, पदम विक, उपेन्द्र विक, चक्र विकलगायत

... बाँकी पृष्ठ ३ मा

## भूमाफियालाई नेकपाको चेतावनी

■ रातो खबर संवाददाता/कास्की

नेपाल कम्युनिस्ट पार्टी कास्कीका सेक्रेटरी रूपेशले राज्यको सम्पत्ति संरक्षण गर्न हाह्वान गर्दै दलाल र भूमाफियालाई चेतावनी दिएका छन्। मंगलबार अपिल प्रकाशित गर्दै रूपेशले कास्की जिल्लामा विगतदेखि लगातार भूमाफिया र राज्यको सम्पत्तिमा अतिक्रमण विकराल रूपमा फैलिरहेकाले त्यो अतिक्रमण फेवाताल, गुठीका स्वामित्वका जमिन, नगर विकासका जमिन र अन्य सार्वजनिक र पर्ती जमिनको क्षेत्र रहेको जनाएका छन्। यस्तो अतिक्रमणमा केही माफियाको साथमा राजनीतिक दल, तिनका भ्रष्ट नेता, केही प्रशासनिक निकायका मानिससमेत सामेल रहेको उनको अपिलमा उल्लेख छ।

नेकपाले पोखरा सभागृहको निजीकरण, हिमागृहको निजीकरण र सार्वजनिक जमिनको अतिक्रमण गरी व्यक्ति रातारात करोडपति बन्ने प्रक्रियाको विरोध र सङ्घर्ष सञ्चालन गर्दै आएको जनाउँदै २०३२ सालदेखि राज्यको स्वामित्वमा आउनुपर्ने न्युरोडको जमिनमा ठूलो चलखेल र सेटिङको आधारमा जग्गाधनीका नाममा करुणानिधि कोइराला परिवारलाई अगाडि सारेर दलालहरूको गिरोह अघि बढिरहेको जनाइएको छ। पार्टीले आमजनतालाई उक्त उपत्यका नगर विकास समितिको जमिनको संरक्षणका लागि अपिलमार्फत आह्वान गरेको हो।

... बाँकी पृष्ठ ३ मा

# अपहरणशैलीमा नेकपाका नेता गिरफ्तार

## बिनासर्त नछाडेमा कडा आन्दोलन

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका दुईजना पोलिटब्युरो कृष्ण धमला 'गम्भीर' र मोहन कार्की 'जीवन्त' लाई यही साउन १० गते दिउँसो २ बजेतिर नागढुङ्गामा बसबाट ओराली आफूलाई सुरक्षा फौज भन्ने १५ जनाको टोलीले अपहरणको शैलीमा गिरफ्तार गरी बेपत्ता बनाएको उहाँहरूका आफन्तले जनाएका छन्। काठमाडौंमा दुई दिनसम्म यातना दिई काभ्रेको धुलिखेलमा राखिएका धमला र कार्कीलाई भेट्न गएका मानवअधिकारवादी र पत्रकारसँग कुरा गरेका नेताद्वयले गिरफ्तार हुनेबित्तिक्कै आफूहरूको आँखामा पट्टी बाँधिएको, रातभरि सोधपुछका नाममा पिटेको, सुत्न नदिएको जनाएका छन्। जनयुद्धकालमा माओवादीका नेता/कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई यातना दिन, हत्या गर्न र बेपत्ता पार्न बनाइएको सेललाई अहिले केपी ओली सरकारले ब्युँताएर पुनः सक्रिय पारी आफ्नो मातहतमा राखेको खबर आइरहेको अवस्थामा यसरी नेताहरूमाथि त्यही सेलले दुर्व्यवहार गरेको कार्की र धमलाले बताएका छन्। आफ्ना नेताहरूको गिरफ्तारीलाई लिएर नेकपाका महासचिव विप्लवले वक्तव्य निकाली विरोध गर्नुभएको छ।



वक्तव्यमा भनिएको छ, 'हाम्रो पार्टीका पोलिटब्युरो सदस्यद्वय कृष्ण धमला 'क.गम्भीर' र मोहन कार्की 'क.जीवन्त' लाई सामाजिक फासिवादी, दलाल सरकारको सुरक्षा फौजले अपहरणको शैलीमा काठमाडौंको नागढुङ्गाबाट बसमा यात्रा गरिरहेको अवस्थामा यही साउन १० गते गिरफ्तार गरी तीन दिनसम्म बेपत्ता पारी मानवअधिकारवादी र पत्रकारको खोजीपछि मात्र सार्वजनिक गरेको छ। साङ्गठनिक कामको सिलसिलामा बस चढी काठमाडौं आइरहेको अवस्थामा मुखमा मास्क लगाएका १५-१६ जना सादा पोसाकका सुरक्षा फौजले बसबाट बल प्रयोग गरेर झारी आँखामा पट्टी र नकाब लगाउन लगाई काठमाडौंमा रहेका विभिन्न प्रहरी कार्यालय, जनयुद्धकालमा चरम यातना दिन प्रयोग गरिएका यातनागृहमा

... बाँकी पृष्ठ ७ मा

## देशलाई युद्धमा धकेल्ने षड्यन्त्र हुँदैछ : प्रकाण्ड

■ अम्बिका चन्द/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य प्रकाण्डले सत्ताधारीहरूद्वारा देशलाई जबर जस्त युद्धमा धकेल्ने षड्यन्त्र भइरहेको बताएका छन्। उक्त पार्टीका प्रवक्तासमेत रहेका प्रकाण्डले साउन ९ गते विज्ञप्ति जारी गर्दै सरकारले राज्यआतङ्क मच्चाउने र झूट्टा मुद्दा लगाएर देशलाई युद्धमा धकेल्ने षड्यन्त्र गरिरहेको बताएका हुन्। विज्ञप्तिमा प्रकाण्डले आफ्नो पार्टीको गत छैटौं केन्द्रीय समितिको बैठकको योजनाअनुसार अहिले देशैभरि जनजागरण अभियान चलिरहेको र अभियानअन्तर्गत पार्टी, जनता र जनवर्गीय सङ्गठहरूसँग सम्बन्धित विभिन्न कार्यक्रम भइरहेको बताएका छन्।



उनले अभियानका क्रममा देशैभरिबाट तत्कालीन माओवादी केन्द्र र अन्य विभिन्न पार्टीबाट सयौंको सङ्ख्यामा नेता-कार्यकर्ता आफ्नो पार्टीमा प्रवेश गरेको पनि जनाएका छन्। आफ्नो पार्टीको राजनीतिक प्रभावबाट अत्तालिएर सरकारले दमन र हस्तक्षेपकारी नीति अवलम्बन गरेको पनि प्रवक्ता प्रकाण्डको भनाइ छ। प्रकाण्डले आफ्नो पार्टीका पक्षमा उत्साहपूर्ण जनलहर सिर्जना भइरहेको, दलाल सत्ताको जनविरोधी एवम् राष्ट्रघाती चरित्र एकपछि अर्को गरी नाङ्गिएको र त्यो दलाल पुँजीवादी चरित्र साबित भएको पनि बताएका छन्। साथै उनले यसअघि आफ्नो पार्टीका नेताहरूको टोली र प्रहरीबीच मुठभेट भएको तथा नेताहरू प्रहरीको घेरामा रहेको भन्ने समाचार झूटो भएको पनि स्पष्ट पारेका छन्। उनले

बाँकी पृष्ठ ७ मा

## बलात्कारीलाई फाँसी दिन माग




■ रातो खबर संवाददाता/काठमाडौं

कञ्चनपुरमा बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तका हत्यारालाई कारबाहीको माग गर्दै मङ्गलबार काठमाडौंमा विरोध प्रदर्शन गरिएको छ। प्रदर्शनपछि रत्नपार्कमा आयोजित सभालाई सम्बोधन गर्दै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय महासचिव धीरेन्द्रा

बाँकी पृष्ठ ७ मा

## एनआईसी एसिया बैङ्कको कालो कर्तुत

■ रातो खबर संवाददाता/काठमाडौं

NIC ASIA

एन आई सी एशिया बैंक लि.

पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भक्तपुरमा रहेको नेपाल इन्जिनियरिङ कलेजले निजी क्षेत्रको बैङ्क एनआईसी एसियाको भक्तपुर चाँगुनारायणमा रहेको शाखामा धर्ना दिएको छ। आइतबार उक्त कलेजका सञ्चालक समितिका सदस्य, शिक्षक र कर्मचारीहरूले एनआईसी एसियाविरुद्ध नाराबाजी गरेका छन्। उनीहरूले उक्त बैङ्क खातामा रहेको ४ करोड २६ लाख रकम बिनाकारण रोक्का गरिएको बताएका छन्। साथै बैङ्कले बिनाकारण यसरी संस्थाको रकम रोक्का गरिदिएपछि कलेजको दैनिक कार्यसञ्चालनमा समेत अवरोध भएको बताएका छन्। बैङ्कविरुद्ध आन्दोलनमा सहभागी भएका उक्त कलेजका कर्मचारी मनोहर खनालले भने, 'हाम्रो आन्तरिक कारणले पहिले एउटा बैङ्कमा खोलिएको खाता रोक्का भएको थियो। हामीले दैनिक कलेज सञ्चालनमा समस्या परेपछि जिल्ला प्रशासन कार्यालयमा गएर छलफल गर्दा प्रमुख जिल्ला अधिकारीको आदेशमा सञ्चालक समितिबाट नभई लेखा शाखाबाट एकजना र अर्को एकजनाका नाममा खाता खोलेका थियौं। पछि विश्वविद्यालयलाई बुझाउनका लागि ४ लाखको चेक बनाएर पठाउँदा हाम्रो खाता रोक्का भएको जानकारी गराइयो। तर के कारणले रोक्का गरिएको हो भन्ने जानकारी गराइएन। त्यसैले यो बैङ्कको सरासर बेइमानी तरिका हो।'

खनालका अनुसार एनआईसी एसिया चाँगुनारायण शाखाका प्रबन्धक पैसा गन्ने मेसिन, गाडी र ५ जना कर्मचारी

बाँकी पृष्ठ ३ मा

## वैज्ञानिक समाजवादको सफलता

⏭ गताङ्कबाट क्रमशः ....

**देश/परिवेश**

■ विप्लव



**(ग) पूर्वी युरोपमा समाजवादी सत्ता**

पूर्वी युरोपका आठवटा देशहरू (पोल्यान्ड, युगोस्लाभिया, चेकोस्लाभिया, रुमानिया, हगेरी, अल्बानिया, बुल्गेरिया, पूर्वी जर्मनी) मा सन् १९४५ देखि १९५० सम्म वैज्ञानिक समाजवादी सत्ताहरू स्थापना भए। पूर्वी युरोपमा उन्नाईसौं शताब्दीदेखि नै पुँजीवाद विकास भइरहेको थियो। पुँजीवादको विकाससँगै त्यहाँ दिनप्रतिदिन उद्योग र मजदुरहरूको सङ्ख्या बढ्दै थियो भने मजदुर सङ्घर्षहरू पनि सङ्गठित भइरहेका थिए। जब दोस्रो विश्वयुद्धमा जर्मन साम्राज्यले पूर्वी युरोपलाई अतिक्रमण गर्‍यो तब पूर्वी युरोपमा साम्राज्यवादविरोधी सङ्घर्षहरू उठ्न थाले। दोस्रो विश्वयुद्धमा रुसी लालसेनाले हिटलरको फासिवादलाई परास्त गर्दै लगेपछि पूर्वी युरोपमा राष्ट्रिय स्वाधीनता र समाजवादी क्रान्तिहरू विकास भए। हिटलरको अन्त्यसँगै दोस्रो विश्वयुद्धको समाप्ति भयो भने पूर्वी युरोपमा समाजवादी सत्ताहरूको जन्म हुँदै गयो।

पूर्वी युरोपका पोल्यान्ड, हङ्गेरी, जर्मनी, रुमानियाका मजदुर वर्गीय-सङ्घर्ष र समाजवादी आन्दोलन कमरेड लेनिनकै समयदेखि सशक्त थिए। रुसमा महान् अक्टोबर क्रान्ति सम्पन्न भई वैज्ञानिक समाजवादी सत्ता स्थापना भएपछि ती देशमा क्रान्तिको सकारात्मक प्रभाव पर्नु र क्रान्तिकारी सर्वहारावर्गीय आन्दोलन सुदृढ हुनु स्वाभाविक थियो। समयसमयमा हङ्गेरी, पोल्यान्ड र जर्मनीमा सर्वहारावर्गका विद्रोहहरू उठ्ने र दब्ने भइरहेको थियो। जब सन् १९३९ बाट दोस्रो विश्वयुद्ध सुरु भयो रुसमा हमला गर्ने उद्देश्यका साथ जर्मनीको हिटलरले पूर्वी युरोपलाई निशानामा पार्न पुग्यो। विश्वयुद्धको सुरुसँगै हिटलरले पूर्वी युरोप (पोल्यान्ड, हङ्गेरी, चेकोस्लाभिया, युगोस्लाभिया र फ्रान्सको ठूलो भाग) लाई लगभग नियन्त्रणमा लियो। उसको मुख्य उद्देश्य रुसको कम्युनिस्ट राज्यव्यवस्थालाई सखाप पार्नु भएकाले सोहीअनुरूप हिटलरले आफ्नो सबैभन्दा उत्तम फौज र हतियारसहित सन् १९४१ मा रुसमाथि हमला गर्‍यो। रुससँगको युद्ध नै हिटलरका लागि पतनको मुख्य कारण बन्न पुग्यो। जर्मन फासिवादविरुद्ध कमरेड स्टालिनको कुशल नेतृत्वमा रुसी लालसेनाले अतुलनीय युद्धमोर्चा खडा गर्‍यो। सुरुमा जर्मनीले केही सफलता पाए पनि जब वास्तविक युद्ध अगाडि बढ्यो तब हिटलरको सेनाले अकल्पनीय पराजयको सामना

क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# 'समृद्ध नेपाल' कि कङ्गाल !

संसदीय पार्टीहरूले संविधानसभाको चुनाव भएर संविधान बनी स्थानीय, प्रदेश र सङ्घको चुनाव सकिसकेपछि देशको विकास तीव्र हुन्छ, नेपालले समृद्धिको बाटो लिन्छ, नेपाली सुखी हुन्छन् भनेका थिए । केपी ओली सरकारले त समृद्ध नेपाल सुखी नेपालीको नारा नै दिइराखेको छ तर अहिले उनीहरूले भनेको जस्तो संविधान बनिसक्यो । उनीहरूकै योजना र पहलमा सबै तहको चुनाव सकिइसकेको छ । साथै उनीहरूका प्रतिनिधिहरूले तीनवटै तहमा सरकार चलाइराखेका छन् । यसैलाई उनीहरूले कानुनी राज्य र समाजवाद उन्मुख समाज भनिराखेका छन् ।

अहिले संविधानसभाको चुनाव भएको ५ वर्ष पुगेर ६ वर्ष लागिरहेको छ । संविधान घोषणा भएको पनि तीन वर्ष पुगेर चौथो वर्षमा प्रवेश गरेको छ । तर सबै तहहरूको सरकार गठनपछिका प्रत्येक दिनहरूले नेपाली जनतालाई निराश बनाइरहेका छन् । यहाँ महँगी बढेको छ । भ्रष्टाचार खुलेआम छ । कालोबजारीले आकाश छोएको छ । राष्ट्रघातले शिखर चुमेको छ । सरकारका मन्त्रीहरू दिनदिनै विवादमा परिरहेका छन् । चुनावका बेला यिनीहरूले दिएका आश्वासनहरू कुनै पनि पूरा गरिएका छैनन् । बरु ती आश्वासनका विरुद्ध उनीहरू अघि बढिरहेका छन् । सरकारमा पुग्दै गर्दा उनीहरूले फर्माएका कुनै पनि पूरा गरेका छैनन् । सबै उल्टिँदै गएका छन् । अहिलेसम्म आइपुग्दा सरकार फाल्तु जोकर हुन पुगेको छ ।

तर पनि यसले केही कामहरू गरेको छ । उनीहरूले पछिल्लो क्रममा गरेका कामहरूमा विगतमा सत्ता टिकाउन तानाशाहहरूले अपनाएका दमन र उत्पीडनका चालहरू चालिरहेका छन् । संविधानमा किटान गरिएका प्रावधानहरू जस्तै : विरोध गर्न पाउने, सभा-जुलुस गर्ने सबै अधिकार हरूमाथि अघोषित प्रतिबन्ध लगाएका छन् । विरोध गर्दा यो सरकार गोली हान्नसम्म पछिपरेको छैन । चितवनमा विरोध कार्यक्रम गरेका अटोचालक मजदुरहरूमाथि गोली हानी चालक मजदुरलाई सशक्त घाइते बनाइएको छ । राजधानीमा नै अश्रुग्याँस प्रयोग गरिएको छ । प्रत्येकजसो शान्तिपूर्ण कार्यक्रमहरूमा दमन गरेको छ । यात्रा गरिराखेका मान्छेलाई आस्थाकै आधारमा बिनाकारण गिरफ्तार गरी बेपत्ता पारिराखेको छ । यी सबै कार्य उसले कम्युनिस्ट, वामपन्थी वा समाजवादउन्मुख सरकारका नाममा गरेर जनतालाई ठूलो भ्रम दिइराखेको छ । यसरी अहिलेको केपी ओली सरकार आफू बदनाम त भएको छ नै, साथै कम्युनिस्टहरूलाई पनि बदनाम बनाइरहेको छ ।

केपी सरकार र यो संसदीय व्यवस्थाका हिमायतीहरूले समृद्ध नेपालको सपना बाँडेका थिए तर उनीहरू सत्तासीन भएपछि देशको आर्थिक अवस्था भनै ओरालो लागिरहेको छ । उनीहरूको तथ्याङ्कमा प्रतिव्यक्ति आय बढेको भनेको छ । तर उनीहरूले देशको मुद्रास्फीतिको कुरा छैन । राज्यऋणका कुरा छैनन् ।

तथ्याङ्कअनुसार संविधानसभाको पछिल्लो चुनावपछि देशको वैदेशिक ऋण ६१.६५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७०/०७१ मा ३ खर्ब ४६ अर्ब ८१ करोड रहेको वैदेशिक ऋण बढेर आर्थिक वर्ष २०७४/०७५ मा ५ खर्ब ३ अर्ब ६२ करोड पुगेको छ भने आन्तरिक ऋण २ खर्ब ६ अर्ब ५८ करोडबाट बढेर ३ खर्ब ९१ अर्ब १५ करोड पुगेको छ । यसरी आर्थिक वर्ष २०७०/०७१ मा जम्मा ऋण ५ खर्ब ५३ अर्ब ५० करोड रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा ८ खर्ब ९४ अर्ब ७८ करोड पुगेको छ । एक वर्षमा मात्र १ खर्ब ९७ अर्ब १० करोड ऋण बढेर गएको छ । यसरी प्रत्येक नेपालीको टाउकोमा ३० हजार ५ सय ४७ रुपैयाँ ऋण पर्न गएको छ । महालेखा परीक्षक कार्यालयको यो तथ्याङ्कले नेपाल र नेपालीको आर्थिक अवस्था दिनानुदिन खस्कँदै गएको छ । नेपालीहरू दिनानुदिन गरिब बन्दै गएका छन् । यो तथ्याङ्क र पछिल्ला आर्थिक गतिविधिले नेपालीहरू समृद्धितिर हैन, कङ्गाल बन्दै गएका छन् । यो सूचकाङ्कले राज्यको अहिलेको अवस्था सामान्य पुँजीवादी राज्यव्यवस्थाको चरित्र पनि देखाउँदैन ।

त्यसैले संसदीय व्यवस्था त्यसमा पनि दलाल संसदीय व्यवस्था अहिले सरकारको नेतृत्व गरिराखेको पार्टीको एक नेताको भनाइ- आफूहरूले दलाल पुँजीवादको नेतृत्व गरेको कुरा सार्वजनिक भएको थियो– ले नेपालको सङ्कट मोचन गर्न सक्दैन । त्यसका लागि देशमा आमूल परिवर्तनको आवश्यकता रहेको छ । देशलाई समृद्धिका नाममा बनाउन लागिएको हरिकङ्गालबाट बचाउन जरुरी छ । तुरुन्तै यसको पहल लिनु आवश्यक छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखककै हुनेछ – रातो खबर साप्ताहिक

# वर्तमान शिक्षाका समस्या र समाधान


गुणराज लोहनी

**सन्दर्भ**

नेपालमा नयाँ शिक्षाप्रणाली स्थापनाको माग गर्दै धेरै आन्दोलनहरू भएका छन् । शैक्षिक आन्दोलनहरूलाई राजनीतिक परिवर्तनसँग जोड्ने गरेको पाइन्छ । राणा शासन, पञ्चायती निरङ्कुशता, राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध भएका ठूला आन्दोलनहरू प्रशस्तै भएका थिए र ती आन्दोलनहरूको अग्रमोर्चामा विद्यार्थी र युवाहरू रहँदै आएका छन् । उनीहरूको विगतको आन्दोलन राज्यसत्तामा परिवर्तनका साथै शिक्षाप्रणालीमा पनि आमूल परिवर्तन गर्नुपर्ने आवाज उठाइएका थिए ।

अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ जारी गरिएको छ । त्यो संविधानको प्रस्तावनामा नै 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' उल्लेख गरिएको छ । यसरी संविधानले समाजवाद लागू गर्ने कुरा गरेको छ । यद्यपि कस्तो समाजवाद, कसरी समाजवाद भन्ने स्पष्ट गरिएको छैन । खासमा दृष्टिकोणका आधारमा समाजवाद पनि फरक हुने गर्दछ । त्यसैले शिक्षा पनि समाजवादअनुरूप हुने गरेको छ । यो राज्यप्रणालीभित्र समाजवादी शिक्षाप्रणाली लागू हुन सक्दैन तर पनि शैक्षिक सुधार गर्न सकिन्छ । सुधार गर्नका लागि पहिला शिक्षाप्रणालीमा देखिएका मुख्य समस्याहरू पहिचान गर्नुपर्दछ । त्यसैले यहाँ शैक्षिक समस्याहरू पहिचान गर्न खोजिएको छ ।

**अ. विद्यालय शिक्षा**

**क. बढ्दो निजीकरण**

२०६८ साल र २०७३ सालको विद्यालय शिक्षाको तथ्याङ्क तालिकाअनुसार ३३ हजार ४०४ वटा बालविकास केन्द्रहरू सञ्चालन गरिएका थिए । तीमध्ये १३.८ प्रतिशत अर्थात् ४ हजार ६३१ वटा निजी संस्थाबाट सञ्चालित थिए तर पाँच वर्षपछि २०७३ सालमा त्यो सङ्ख्या बढेर ३६ हजार ९३ वटा बालविकास केन्द्रहरू सञ्चालनमा आए । त्यसमध्ये १५.७ प्रतिशत अर्थात् ५ हजार ६४५ वटा निजी क्षेत्रद्वारा सञ्चालित छन् । यसैगरी २०६८ सालमा कक्षा १-५ सम्मका ३३ हजार १५० वटा विद्यालयमा ४५ लाख १९ हजार ४४७ जनामध्ये निजी ३ हजार २९४(९.९३ प्रतिशत) प्राथमिक विद्यालय ४ लाख ७३ हजार ४२ (१०.४६प्रतिशत) विद्यार्थी पढ्दथे । २०७३ सालमा त्यही कक्षा १-५का ३६ हजार ६७० विद्यालयमा पढ्ने जम्मा ४१ लाख ३५ हजार २५३ विद्यार्थीहरूमध्ये निजी क्षेत्रमा सञ्चालित ५ हजार ६८३ (१६.९ प्रतिशत) विद्यालयमा ६ लाख ८५ हजार २३० (१६.५७ प्रतिशत) ले पढेका थिए । यसैगरी नेपालको संविधान २०७२ र विद्यालय क्षेत्रसुधार कार्यक्रम (सन् २००० अहिले विद्यालय क्षेत्र विकास कार्यक्रम) ले कक्षा १-८ सम्मलाई आधारभूत शिक्षा भनेको छ । संविधानको धारा ३१ को शिक्षासम्बन्धी मौलिक हकको १ मा 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ' भनिएको छ ।

तर आधारभूत शिक्षाको तथ्याङ्क हेर्ने हो भने यी पाँच वर्षहरूमा बालविकासदेखि कक्षा ८ सम्मको शिक्षामा निजीकरण बढ्दै गएको देखाएको छ । २०६८ सालमा कक्षा १-५ निजी क्षेत्रमा रहेको १०.४६ बाट २०७३ मा १६.५७ प्रतिशत पुग्यो । त्यसैगरी कक्षा १-८ मा १०.५६ प्रतिशतबाट बढेर १६.७५ र त्यसैगरी कक्षा ९-१२ मा १२.०९ प्रतिशतबाट बढेर २३.० ९ प्रतिशत पुगेको छ । वर्तमान शिक्षामा देखिएको यो प्रवृत्तिले संविधानमा किटान गरिएको 'प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ' वाक्यांशको कार्यान्वयन कसरी गर्ने ?

**ख. विद्यालय छाड्ने र दोहोऱ्याउने (विद्यालय शिक्षा पूरा नगर्ने)**

२०७३ सालको फ्ल्यास रिपोर्ट १ अनुसार कक्षा १-५ मा ७.८ प्रतिशत दोहोऱ्याउने र ४ प्रतिशतले विद्यालय छाड्ने गरेका छन् । कक्षा ६-८ मा ४.४ प्रतिशतले दोहोऱ्याउने र ४.९ प्रतिशतले कक्षा छाडेका छन् । त्यसैगरी कक्षा ९-१० मा ३.२ प्रतिशतले दोहोऱ्याएका छन् भने ५.४ ले कक्षा छाड्ने गरेका छन् । अहिले पछिल्लो क्रममा कक्षा १ मा भर्ना हुनेका सङ्ख्या बढेको छ । २०६८ सालमा कक्षा १ मा भर्ना हुने विद्यार्थीको सङ्ख्या १२ लाख ८४ हजार ४८ जना थियो भने २०७३ सालमा ९ लाख ७३ हजार ५९५ जना भर्ना भएका थिए । यी सङ्ख्याहरू तत् समयको पढ्न जाने उमेरसमूहका बालबालिकाको ९४.६ प्रतिशत हुन आउँछ । २०६३ सालको कक्षा १ मा भर्ना भएका १४ लाख ४१ हजार ४६० विद्यार्थीमध्ये २०७३ सालको एसईईमा परीक्षा दिनका लागि ४ लाख ८३ हजार ९६७ जनाले फर्म भरेकोमा केवल ४ लाख ६२ हजार १३६ जना मात्र परीक्षामा सामेल भएका थिए । यो सङ्ख्या कक्षा १ मा भर्ना भएको विद्यार्थीको केवल ३२ प्रतिशत मात्र हुन आउँछ । अहिले नेपालको विद्यालय तहमा अनुत्तीर्ण नगराई सबैलाई ग्रेडिङ पद्धतिमा उत्तीर्ण गर्ने प्रणाली लागू भएको छ । माथिको यो तथ्याङ्कले ६८ प्रतिशत विद्यार्थी कक्षा १० नपुग्दै छाड्छन् । कक्षा १२ सम्मको परिणामलाई हेर्ने हो भने यो सङ्ख्या अझै घटेर जान्छ ।

**किन थोरै विद्यार्थीले मात्र विद्यालय शिक्षा पूरा गर्दछन् ?**

यसबारेमा नेपालमा कुनै पनि अध्ययन गरेर सार्वजनिक गरिएको छैन । यो साह्रै दुःखद् कुरा हो । नेपालमा शिक्षामा विकास र सुधारका लागि भनेर दर्जनौं आयोग र अध्ययन समितिहरू बनाइएका छन् । अहिले पनि गत भदौ १९ गते शिक्षामन्त्रीको संयोजकत्वमा ६५ सदस्यीय उच्चस्तरीय शिक्षा आयोग गठन भएको छ । यद्यपि त्यसको समय अझ ४ महिना बाँकी छ तर त्यसले पनि यी कुराहरूका बारेमा चासोसम्म पनि देखाएको पाइएको छैन । सायद आउने पनि छैन । विद्यालय पढ्दापढ्दै छाड्नुका केही कारणहरू छन् :

१. घरको कमजोर आर्थिक अवस्था
२. सानै उमेरदेखि भाइबहिनी हेर्नुपर्ने
३. आर्थिक अवस्था कमजोर हुँदा अर्थोपार्जन गर्नुपर्ने भएकाले
४. पढेर रोजगारी, व्यवसाय वा आर्थिक उत्पादन गर्नसक्ने सम्भावना नदेखेर
५. उपयोगी शिक्षाप्रणाली नभएर

**ग. वर्तमान संरचना र शिक्षा**

२०७२ को संविधानबमोजिम नेपालमा ७ वटा सङ्घ कायम गरिएको छ र ७५७ वटा स्थानीय तह तोकिएको छ । संविधानमा 'आधारभूत र माध्यमिक शिक्षासम्बन्धमा २३ वटा प्रावधान' किटान गरिएको छ । यी स्थानीय तहहरूले आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मा लिनुपर्छ । अहिले विद्यालय शिक्षा भन्नाले कक्षा १-१२ को शिक्षा हो । यी तहका शिक्षाका लागि चाहिने विद्यालय निर्माण, शिक्षक व्यवस्थापन, विद्यार्थीको पाठ्यसामग्रीको व्यवस्थापन आदिको सुनिश्चितता ती तहहरूले गर्नुपर्ने हुन्छ । विद्यालय शिक्षा हिजोको जस्तो छैन । अहिले साधारण र प्राविधिक/व्यावसायिक पनि छ । यी स्थानीय सरकार वा तहहरूलाई सबैभन्दा पहिला आर्थिक समस्या पर्नेछ । स्थानीय साधनस्रोतबाट विद्यालय निर्माण, शिक्षक/कर्मचारीको व्यवस्थापन, पाठ्यसामग्री (पुस्तक, पुस्तकालय, प्रयोगशाला आदि), पाठ्यक्रम निर्माण र लागू गर्ने जिम्मा पूरा गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीय तहले विभिन्न कर, राजस्व उठाउनुपर्नेछ । अहिले त शिक्षक नियुक्तिमा राजनीतिकरण भएकाले सामुदायिक विद्यालयको शिक्षास्तरीय नभएको आरोप लाग्दै आएको छ । शिक्षक नियुक्ति स्थानीय तहबाट गरिने हो भने के हाल होला ? अहिलेको संविधान र स्थानीय तहको अधिकारलाई कार्यान्वयन गर्ने हो भने नेपालमा विद्यालय शिक्षामा ७५७ किसिमको शिक्षा देखिनेछ ।

**घ. शिक्षाको उत्पादनमा**

नेपालको वर्तमान शिक्षाको उत्पादन कस्तो छ भनेर धेरै व्याख्या गर्नुपर्ने आवश्यकता छैन । नेपालको गार्हस्थ उत्पादनको २९ देखि ३३ प्रतिशतसम्म बिदेसिएका युवाहरूले पठाएको विप्रेषणले ओगट्ने गर्दछ । यो शिक्षाले बेरोजगार उत्पादन गरेको छ । अहिलेको शिक्षाप्रणालीले बिदेसिने जनशक्ति उत्पादन गरिरहेको छ । यी जनशक्ति पनि दुई किसिमका हुने गरेका छन् । सामुदायिक विद्यालयमा पढेका अधिकांश विद्यार्थी जसको सङ्ख्या असाध्यै धेरै रहेको छ, उनीहरू मलेसिया, कतार, साउदी अरबजस्ता अति नै गर्मी देशका दिनको १८ घन्टा काम गर्न जान्छन् । महँगा बोर्डिङ स्कुलमा पढेका विद्यार्थी अमेरिका, बेलायत, अस्ट्रेलियाजस्ता देशमा दैनिक १८ घन्टा नै काम गर्न जान्छन् । नेपालमा नै बसेकाहरू पनि उद्यममा लागेको पाइँदैन ।

**प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम एक झलक**

पछिल्लो क्रममा नेपालमा मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने क्षेत्र बनेको छ, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (सीटीईभीटी) । यसबाट उत्पादित जनशक्ति नेपाल र विदेशी श्रमबजारमा बिक्री हुने गरेको छ । विद्यालय शिक्षा र विश्वविद्यालय शिक्षाका बीचमा रहेको यो प्रणालीमा विद्यार्थीको आकर्षण बढेको देखिन्छ । यसको मसिनो अध्ययनले नेपालको प्राविधिक शिक्षाको अवस्था थाहा पाउन सकिन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सूचना तथा अनुसन्धान महाशाखा सानोठिमीद्वारा प्रकाशित 'प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम : एक झलक' अनुसार स्वास्थ्य र इन्जिनियरिङमा आङ्गिकमा कुनै भर्ना र क्षमता नै नरहेको देखाएको छ । यसैगरी सामुदायिक विद्यालय प्राविधिक शिक्षामा स्वास्थ्यमा शून्य रहेको छ भने इन्जिनियरिङमा ९ हजार ४ सय ६४ मा जम्मा ८ सय ४० अर्थात् ८.८७ प्रतिशत मात्र क्षमता दिइएको छ तर कृषिमा ६ हजार ७ सय ६८ मा आङ्गिकमा ८० अर्थात् १.१८ प्रतिशत र सा.वि.प्रा.शि.मा १०.०७ प्रतिशत क्षमता राख्दछ । यसैगरी अन्यमा ७ सय ३० मा आङ्गिकमा ९० अर्थात् १२.३२ प्रतिशत र सा.वि.प्रा.शि.मा ४० अर्थात् ५.४७ प्रतिशत रहेको छ । यसले पछिल्लो क्रममा विद्यालयस्तरमा प्राविधिकमा शिक्षामा पनि निजी वा साझेदारीको अत्यधिक बाहुल्य रहेको देखिन्छ ।

नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम जसलाई छोटकरीमा सीटीईभीटी भनिने गरिएको छ, यो कार्यक्रम असाध्यै महँगो छ । प्रवीणता र स्नातक स्तरका कार्यक्रम सीटीईभीटीले सञ्चालन गरेको छ । शिक्षा क्षेत्रमा हुने गरेको भ्रष्टाचारको एउटा केन्द्र सीटीईभीटी पनि हो । त्यसैले यस क्षेत्रबाट शिक्षा पाएकाहरू महँगो लगानीमा उत्पादित जनशक्ति रहने गरेका छन् । नेपालबाट ठूलो सङ्ख्या युवाशक्ति रोजगारीका लागि बिदेसिने गरेको छ । १ करोड १४ लाखको आसपासमा नेपालमा युवाहरू रहेका छन् तर महँगो भएकै कारण यस क्षेत्रमा अध्ययन गर्नेको सङ्ख्या असाध्यै कम छ । सीटीईभीटीको २०७३ को तथ्याङ्कअनुसार आङ्गिक, सा.वि.प्रा.शि., साझेदारी, सम्बन्धनप्राप्त र शिक्षा मन्त्रालयअन्तर्गत १५ तथा १८ महिने टीसीएलसी कार्यक्रमहरूमा जम्मा २६ हजार २२ जना मात्र पढ्न पाएका छन् । त्यसैगरी सीटीईभीटीको २०७३ को तथ्याङ्कअनुसार आङ्गिक, सा.वि.प्रा.शि., साझेदारी, सम्बन्धनप्राप्त र शिक्षा मन्त्रालयअन्तर्गत २९ महिने टीसीएलसी कार्यक्रमहरूमा जम्मा ३ हजार ३ सय ५९ जना मात्र पढ्न पाएका छन् । सीटीईभीटीको २०७३ को तथ्याङ्कअनुसार आङ्गिक, सा.वि.प्रा.शि., साझेदारी, सम्बन्धनप्राप्त डिप्लोमा प्रमाणपत्र तहको भर्नाक्षमता केवल १७ हजार ६ सय १८ मात्र छ ।

**आ. विश्वविद्यालय शिक्षा**

नेपालमा सुदूरपश्चिम, काठमाडौं, लुम्बिनी बुद्ध, मध्यपश्चिम, कृषि तथा वन, नेपाल संस्कृत, पोखरा, पूर्वाञ्चल, त्रिभुवन र नेपाल खुला विश्वविद्यालयहरू छन् । यसमध्ये नेपाल खुला विश्वविद्यालयबाहेक सबैसञ्चालनमा छन् । नेपालमा ए लेबल पनि साधारण प्रमाणपत्र शिक्षा (२भलबमचभव ऋभचतषष्अबतभ भ्मगअबतथल) पनि सञ्चालनमा आएका छन् । यी नेपालका कुनै पनि विश्वविद्यालयसँग सम्बन्धन प्राप्त नभएर विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन भएकाले असाध्यै महँगा छन् । त्यसैले नेपालका महँगा कलेजहरू बूढानीलकण्ठ, रातो बङ्गला, चेल्सी इन्टरनेसनल एकेडेमी, ग्लोबल कलेज इन्टरनेसनल, द ब्रिटिस कलेज, सेन्ट जेभियर्स माइतीघर र ट्रिनिटी एचएस इन्टेल कलेजले यो कार्यक्रम सञ्चालन गरेका छन् ।

**क. त्रिभुवन विश्वविद्यालय**

नेपालको सबैभन्दा पुरानो, ठूलो र पूर्ण सरकारी त्रिभुवन विश्वविद्यालयको स्थापना सन् १९५९ मा भएको थियो । यसले कृषि तथा बन विज्ञान, इन्जिनियरिङ, बन विज्ञान, चिकित्साशास्त्र र विज्ञान तथा प्रविधिशास्त्रहरू सञ्चालन गरेको छ । अहिले कृषि तथा बन विश्वविद्यालय छुट्टै बनेपछि यसले कृषि तथा बन विज्ञानअन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गरेको छ । नेपालमा पछिल्लो क्रममा धेरै नै विश्वविद्यालय भए पनि अहिलेसम्म ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय नै हो । त्यसैले यो विश्वविद्यालयको अध्ययन गरेमा नेपालको विश्वविद्यालय शिक्षाको चरित्र थाहा पाउन सकिन्छ ।

**चिकित्साशास्त्र**

**आङ्गिक कलेजहरू**

यहाँ सम्बन्ध कलेजहरू भन्नाले निजी भन्ने बुझ्दा हुन्छ । माथेमा उच्च आयोगले एमबीबीएसका लागि निजी कलेजहरूले ३५ लाख लिन पाउने, बीडीएस कार्यक्रमका लागि १८ लाख लिन पाउने, सशुल्क पढाउने मेडिकल तथा डेन्टलतर्फको स्नातकोत्तर तहको शुल्क अधिकतम ४० लाख हुनेछ भनिएको छ । यसरी तोकिएको शुल्कभन्दा बढी लिइरहेका छन् ।

**विज्ञान र प्रविधि सङ्काय**

त्रिभुवन विश्वविद्यालयले विज्ञान र प्रविधि सङ्कायमा पनि २५ वटा आङ्गिक र १०३ वटा सम्बन्धन प्राप्त कलेजहरू सञ्चालनमा आएका छन् ।

**मानविकी र व्यवस्थापन सङ्काय**

यसअन्तर्गत ३० वटा आङ्गिक र २६५ वटा सम्बन्धन प्राप्त कलेज छन् । त्यसैगरी व्यवस्थापन कार्यक्रम पनि सञ्चालनमा आएका छन् ।

भर्खर सार्वजनिक गरिएको तथ्याङ्कअनुसार नेपालका विश्वविद्यालयहरूमा पढ्ने विद्यार्थीको जम्मा सङ्ख्या २ लाख २८ हजार ९ सय ६ जना मात्र हो । माथिको तथ्याङ्कलाई हेर्ने हो भने प्राविधिक शिक्षा पढ्नेहरूको सङ्ख्या न्यून छ । त्यसपछि क्रमशः विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र रहेका छन् । यी तथ्याङ्कहरूले विश्वविद्यालय शिक्षामा पहुँच कम रहेको, देश र जनताको विकासका लागि अत्यावश्यक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षामा पहुँच झनै कम रहेको, शिक्षा महँगिँदै गएको देखाएको छ । अनुसन्धानका क्षेत्रमा विज्ञान, प्रविधिमा त झनै कम मात्र सङ्ख्या रहेको देखाएको छ ।

यसरी हेर्दा नेपालको बालविकासदेखि विश्वविद्यालयसम्मको शिक्षामा एकै किसिमका समस्याहरू रहेका छन् । यी समस्याहरूलाई समाधान गर्न वैज्ञानिक समाजवादी सिद्धान्तमा आधारित राज्यप्रणालीअन्तर्गतको शिक्षाप्रणालीको आवश्यकता रहेको छ । विश्वका पुँजीपतिहरू जसले विश्वमा कर्पोरेट पुँजीको माध्यमबाट विश्वमा शोषण गरिराखेका

बाँकी पृष्ठ ४ मा

पृष्ठ १ बाट क्रमशः ...

# वैज्ञानिक समाजवादको सफलता

गर्नुपर्‍यो। रुसी लालसेनाले स्टालिनग्राडको लडाइँमा जर्मन सेनालाई खरानी बनाउँदै निर्णायक विजय हासिल गरेपछि फासिवादविरोधी युद्धको अभियान अगाडि बढ्यो। सोही समयमा जर्मनी, जापान र इटालीले फासिवादी मोर्चा बनाएर विश्वभरि चौतर्फी हमला गरे भने त्यसको प्रतिरोधमा रुस, अमेरिका, ब्रिटेन, फ्रान्सलगायत राष्ट्रहरूको मोर्चा अगाडि आयो। पूर्वी युरोपको मोर्चामा रुसले नेतृत्व गर्‍यो भने पूर्वी मोर्चामा अमेरिकाले नेतृत्व गर्‍यो। रुसको लालसेनाले हिटलरको सेनालाई लखेट्दै जर्मनीको बर्लिनमा पुर्‍यायो। लालसेनाको घेरामा परिसकेपछि हिटलरले आफ्नो सुरक्षित बङ्करमा श्रीमतीसहित आत्महत्या गरे।

हिटलरको आत्महत्या र जापानमा अणुबम खसालिएपछि दोस्रो विश्वयुद्धमा जर्मनी र जापान पक्ष पराजित हुन पुग्यो। हिटलरलाई पराजित गर्दै रुसबाट पूर्वी युरोप हुँदै पश्चिम युरोप पुग्न थालेको लालसेनाले पूर्वी युरोपका श्रमिक जनतासँग मिलेर फासिवादलाई मात्र पराजित गरेनन्, फासिवादको स्रोत पुँजीवादलाई पनि उखेल्दै गए जसको कारणले पूर्वी युरोपमा वैज्ञानिक समाजवादी सत्ताहरू स्थापना हुँदै गए। पूर्वी युरोपमा सबैभन्दा पहिले सन् १९४५ को अप्रिल ८ मा पोल्यान्डमा समाजवादी सत्ता स्थापना भयो। त्यसको नेतृत्व एकीकृत मजदुर पार्टीले गरेको थियो। त्यसपछि युगोस्लाभियामा सन् १९४५ नोभेम्बरमा समाजवाद स्थापना भयो। त्यसको नेतृत्व टिटोले गरेका थिए। सन् १९४६ मा अल्बानियामा समाजवाद स्थापना भयो। त्यसको नेतृत्व अनवर होक्जाले गरेका थिए। सन् १९४७ मा रुमानियामा समाजवाद स्थापना भयो। सन् १९४९ अक्टोबरमा पूर्वी जर्मनीमा र डिसेम्बरमा हङ्गेरीमा पनि समाजवाद स्थापना भयो। यी सबै समाजवादी सत्ताहरूको नेतृत्व मजदुरवर्गीय पार्टीहरूले गरेका थिए। फासिवादविरोधी मोर्चामा अमेरिका र ब्रिटेनहरू पूर्व सोभियत सङ्घसँग आउनु आवश्यक र बाध्यता थियो तर पनि उनीहरू समाजवादी सत्ताहरू युरोपमा स्थापना होऊन्, समाजवादी आन्दोलन फैलियोस् भन्ने पक्षमा थिएनन् र हुने कुरा पनि भएन। उनीहरूले युद्धकै क्रममा पूर्वी युरोपको समाजवादी प्रवाहलाई रोक्न अनेकौँ प्रयत्न गरे तर समाजवादको प्रभाव कति बलियो भएर गयो भने त्यसलाई रोक्न त सम्भव रहेन नै, फासिवादविरोधी मोर्चाका कारण स्टालिनले अमेरिका र ब्रिटेनसँग अनेकौँ सहमति गर्नु नपरेको भए फ्रान्स, पश्चिम जर्मनी र स्पेनमा पनि समाजवादको विजय हुने सम्भावना देखिँदै थियो। तथापि पूर्वी युरोपमा समाजवादी सत्ताहरूको स्थापनाले समाजवादी धारालाई विस्तार गर्न र विश्वमा समाजवादी धारालाई जबर्जस्त एक शक्तिका रूपमा स्थापित गर्न निकै ठूलो योगदान गर्‍यो।

**(घ) चिनियाँ नयाँ जनवादी क्रान्ति**

सन् १९४९ अक्टोबर १ मा चीनमा अर्को विश्वव्यापी महत्वको नयाँ जनवादी (वैज्ञानिक समाजवादी) क्रान्ति सम्पन्न भयो। यो ऐतिहासिक क्रान्तिको नेतृत्व चिनियाँ कम्युनिस्ट पार्टी र त्यसका नेता कमरेड माओको नेतृत्वमा भएको थियो। चीन एउटा अति गरिब, पछौटे, अर्धसामन्ती र अर्धऔपनिवेशिक तर विशाल भूभाग र सबैभन्दा ठूलो जनसङ्ख्या भएको देश थियो। सन् १९११ मा सन यात सेनको नेतृत्वमा पुँजीवादी गणतान्त्रिक क्रान्ति भएपछि हजारौँ वर्षदेखि विभिन्न वंशले शासन गर्दै आएको राजतन्त्रको अन्त्य भयो र गणतन्त्र स्थापना भयो तर सन् १९२५ मा सन यात सेनको मृत्यु र च्याङ काइसेकको गद्दारीका कारण चीनलाई सामन्तवादबाट मुक्त गर्ने उद्देश्य पूरा हुन सकेन। सन यात सेनको मृत्युपछि कोमिन्ताङ पार्टीलाई उल्टै सामन्तवादी र दलालहरूले कब्जा गर्न पुगे र त्यसको नेतृत्वमा च्याङ काइसेक आइपुग्यो। च्याङ काइसेकले कोमिन्ताङ पार्टीको नेतृत्व हत्याएपछि चीनमा सामन्ती व्यवस्थालाई निरन्तरता दिँदै एकदलीय र दलालखालको निरङ्कुश व्यवस्था लादन पुग्यो। अर्कोतिर जापान, ब्रिटेन, पोर्चुगलजस्ता साम्राज्यवादी देशहरूले चीनमाथि अतिक्रमण र हस्तक्षेप गरिरहेका थिए। जापानी साम्राज्यवादले त चीनको ठूलो भूभाग, साङ्घाई, उहान, नानकिङसम्म नियन्त्रण गरेको थियो। चिनियाँ जनताले साम्राज्यवादी अतिक्रमणको विरोध गरे पनि शासक च्याङ काइसेकले साम्राज्यवादसामु आत्मसमर्पण गर्ने नीति लियो जसको कारणले चीन माओको विश्लेषणमा एक अर्धऔपनिवेशिक देशमा बदलियो। चीन र चिनियाँ जनताको स्वतन्त्रता र स्वाधीनताको चाहनाअनुरूप चिनियाँ कम्युनिस्ट पार्टीले सन् १९२४ देखि चलाइरहेको सामन्तवादविरोधी क्रान्तिमा कमरेड माओको नेतृत्व आइसकेपछि सन् १९३१ देखि साम्राज्यवादविरुद्ध पनि राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढायो। चिनियाँ क्रान्ति माओले विकास गर्नुभएको नयाँ जनवादी क्रान्ति, दीर्घकालीन जनयुद्धको सिद्धान्तअनुसार सञ्चालन भयो। कम्युनिस्ट पार्टीले गाउँबाट सहर घेर्ने, स्थानीय लालसत्ता हुँदै केन्द्रीय सत्ता कब्जा गर्ने, कम्युनिस्ट पार्टी र देशभक्त शक्तिको संयुक्त मोर्चा निर्माण गर्ने, जनमुक्ति सेना र जनताको एकतामा युद्ध लड्ने, समाजवादी अन्तर्राष्ट्रवादसँग एकाकार भएर जाने नीति बनायो र सोही नीतिका आधारमा क्रान्तिलाई निरन्तर अगाडि बढाइरह्यो। माओको वैज्ञानिक र वस्तुवादी कार्यदिशाअनुरूप २७ वर्ष लामो दीर्घकालीन जनयुद्ध लड्दै चिनियाँ कम्युनिस्ट पार्टीले सामन्तवादी च्याङ काइसेकको सत्तालाई समाप्त गर्‍यो र चीनमा किसान, मजदुर, देशभक्त शक्तिहरूको नयाँ जनवादी राज्यव्यवस्था स्थापना भयो। सन् १९४९ अक्टोबर १ मा कमरेड माओले बेइजिङको तियानमेनचोकबाट चिनियाँ जनताले विजय हासिल गरेको र चीनमा नयाँ जनवादी राज्यसत्ता स्थापना भएको घोषणा गर्नुभयो। चीनको क्रान्तिलाई कमरेड स्टालिन र महान् समाजवादी देश पूर्व सोभियत सङ्घबाट निकै नजिकको सहयोग भएको थियो। जब चीनमा क्रान्ति सफल भयो स्टालिनले यसको निकै प्रशंसा गर्नुभयो। विशाल भूभाग र ठूलो जनसङ्ख्या भएको चीनमा सफल भएको यो क्रान्तिले विश्व कम्युनिस्ट आन्दोलनलाई निकै ठूलो सहयोग गर्‍यो। चिनियाँ नयाँ जनवादी क्रान्तिपछि समाजवादी सत्ताको प्रभाव विश्वको आधा जनसङ्ख्या र एक तिहाइ भूभागमा फैलिन पुग्यो। त्यसैले चिनियाँ क्रान्तिलाई विश्व ऐतिहासिक महत्वको क्रान्ति मानिन्छ।

चिनियाँ क्रान्तिको महत्व के कुरामा पनि छ भने त्यस बेलासम्म कम्युनिस्ट क्रान्ति (वैज्ञानिक समाजवादी क्रान्ति) पुँजीवादी वा विकसित देशमा मात्र हुन्छ; अविकसित, सामन्तवाद र कृषिप्रधान देशमा हुन सक्दैन भन्ने थियो। एकथरी कम्युनिस्टहरूले त नारा नै दिएका थिए- जहाँ पुँजीवाद आएको छैन त्यहाँ पहिले पुँजीवादी क्रान्तिलाई कम्युनिस्टहरूले सहयोग गर्नुपर्छ। क्रान्तिको नेतृत्व पुँजीपतिवर्गले नै गर्नुपर्छ। पुँजीवाद नआएको देशमा कम्युनिस्टहरूले क्रान्तिको नेतृत्व गर्न खोज्नु भनेको बच्चालाई समयअगावै जन्माउन खोज्नुजस्तै हुन्छ। कमरेड माओले यो विचारलाई गलत साबित गर्दै नयाँ विचारको संश्लेषण गर्नुभयो र भन्नुभयो- सामन्तवाद भएको किसान प्रधान मुलुकमा पनि कम्युनिस्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी (नयाँ खालको पुँजीवादी) क्रान्ति गर्दै देशलाई औद्योगिकीकरणसहित वैज्ञानिक समाजवादतिर अगाडि बढाउन सकिन्छ। त्यस समयमा माओको यो सिद्धान्तलाई गलत व्याख्या गर्दै कैयौँ कम्युनिस्टले माओलाई युद्धवादी र किसान मनोवृत्तिको नेता भनेर पनि आरोपित गरे। जब माओको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादलाई परास्त गर्दै चीनमा नयाँ जनवादी गणतन्त्र स्थापना भयो र केही समयमै त्यो (सन् १९५६ बाट) वैज्ञानिक समाजवादतिर अगाडि बढ्यो, तब माओको विचार वैज्ञानिक रहेको प्रमाणित भयो। त्यसपछि माओको नयाँ जनवादी क्रान्तिको सिद्धान्त विश्वव्यापी महत्वको विचारमा स्थापित बन्न पुग्यो। माओले संश्लेषण गरेको नयाँ जनवादी-वैज्ञानिक समाजवादी क्रान्तिको सिद्धान्तअनुरूप नै कैयौँ पछौटे सामन्तवादी र पुँजीवादी देशहरूमा क्रान्तिहरू सम्पन्न भए।

**(ङ) भियतनामी क्रान्ति**

भियतनाम अठारौँ र उन्नाइसौँ शताब्दीको मध्यसम्म हिन्द-चीनको एउटा सामन्तवादी र स्वतन्त्र देश थियो। सन् १८८७ मा साम्राज्यवादी फ्रान्सले भियतनामलाई बलपूर्वक उपनिवेश बनायो। त्यसपछि भियतनाम पूर्ण उपनिवेशमा बदलियो। कमरेड हो ची मिन्हको नेतृत्वमा कम्युनिस्ट पार्टी स्थापना भएपछि उपनिवेशवादी साम्राज्यवादी फ्रान्सका विरुद्ध कम्युनिस्ट पार्टीको नेतृत्वमा राष्ट्रिय क्रान्ति सङ्गठित गरियो। यस क्रान्तिलाई भियतनामी जनताले पूर्ण रूपले साथ दिए। दोस्रो विश्वयुद्धमा जर्मनीको हमलाले आफ्नै देशमा विनासको मुखमा पुगेको फ्रान्सलाई सन् १९४५ मा जापानले भियतनामबाट लखेट्यो। त्यसपछि केही समय भियतनाम जापानको नियन्त्रणमा पुग्यो तर सन् १९४५ मा जापान पराजित भएपछि भियतनाम साम्राज्यवादको शासनबाट केही क्षण मुक्त भयो। परन्तु जब भियतनामभित्र कमरेड हो ची मिन्हको नेतृत्वमा रहेको कम्युनिस्ट पार्टी लोकप्रिय हुँदै गयो र जनताको नेतृत्व गर्न थाल्यो तब अमेरिकाको सहयोगमा फ्रान्स पुनः फर्कियो। कम्युनिस्ट पार्टी र श्रमिक जनता एकातिर र अमेरिका, फ्रान्स अर्कोतिर भएर विवाद हुन थाल्यो। साम्राज्यवादीहरूले मुख्यतः दक्षिण भियतनामपट्टि उनका समर्थकमार्फत उपद्रो गर्न थाले। अमेरिका र फ्रान्सले त्यही बहानामा भियतनामलाई दुईवटा बनाउने प्रस्ताव राखे। भियतनामी जनता र कम्युनिस्टहरूले त्यसको कडा प्रतिवाद गरे। परन्तु जटिल अन्तर्राष्ट्रिय राजनीतिक अन्तर्विरोधका कारण जनताको इच्छाविपरीत सन् १९४६ मा भियतनाम पहिलोपटक दुई देश (उत्तरभियतनाम र दक्षिणभियतनाम) मा विभाजित भयो। उत्तरभियतनाममा वैज्ञानिक समाजवाद स्थापना भयो भने दक्षिणमा फ्रान्सको कठपुतली दलाल पुँजीवादी सत्ता सञ्चालन गरियो तर भियतनामी जनताले यो विभाजनलाई अपूरणीय पीडाका रूपमा लिए र एकीकृत भियतनाम तथा स्वाधीन भियतनामका पक्षमा देशभक्तिको सङ्घर्ष सञ्चालन गरिरहे। यसको नेतृत्व कम्युनिस्टहरूले गरे भने सारा देशभक्त भियतनामीले एकमनले साथ दिए। फलस्वरूप फ्रान्सेली साम्राज्यवादविरुद्ध विद्रोह भड्कियो। विशेषतः दक्षिणभियतनाममा घमासान युद्धहरू भए। सन् १९५३ मा कम्युनिस्ट पार्टीको नेतृत्वमा भियतनामी जनता (दुवै भियतनाम, मुख्यतः उत्तरभियतनामी सेना) ले फ्रान्सलाई 'डियन बियन फु' को लडाइँमा निर्णायक रूपले परास्त गरेपछि सन् १९५४ मा फ्रान्स भियतनामबाट भाग्यो र भियतनाममा समाजवाद स्थापना भयो तर अमेरिका र पश्चिम युरोपले यसलाई मान्यता दिन अस्वीकार गरे। लामो बहस र विवादको बीचबाट अमेरिकी हस्तक्षेपका कारण सन् १९५६ मा भियतनाम पुनः टुक्रिन पुग्यो। फेरि उत्तरमा समाजवाद र दक्षिणमा अमेरिकी उपनिवेशवादी दलाल सरकार बन्न पुग्यो तर भियतनाम कम्युनिस्ट पार्टीले यसलाई अस्वीकार गर्‍यो। कमरेड हो ची मिन्हको नेतृत्वमा दुवै भियतनामी जनताले अमेरिकाविरुद्ध सशस्त्र विद्रोह कायमै राखे। सन् १९६५ देखि अमेरिका आफैँ विशाल सेनासहित भियतनामी जनताविरुद्ध युद्धमा उत्रियो। यो युद्ध सन् १९७५ सम्म भीषण र विध्वंसात्मक प्रकारले चल्यो। दोस्रो विश्वयुद्धकै विनासकारी युद्धका रूपमा यसलाई बुझिन्छ। दसौँ लाख भियतनामी जनताले बलिदान गरे तर मुक्तियुद्धलाई एकरत्ति कम गरेनन्। अमेरिकामा समेत भियतनाममा अन्यायपूर्ण तरिकाले छेडिएको अमेरिकी अतिक्रमणको सशक्त विरोध भयो। अन्ततः सन् १९७५ मा भीषण युद्धको बीचबाट भियतनामी जनताले महान् विजय हासिल गरे। अमेरिका भियतनामबाट भाग्न बाध्य भयो। भियतनाम पुनः एकीकृत बन्यो र कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी भियतनाम स्थापना भयो। भियतनामको राष्ट्रिय स्वाधीनताको युद्ध कम्युनिस्ट इतिहासमा मात्र नभएर मानवजातिकै युद्धइतिहासमा अद्वितीय मानिन्छ। यो युद्ध एउटा कमजोर र सानो देशले पनि सत्यका निम्ति लड्दा कसरी अमेरिकाजस्तो महाशक्तिलाई हराउन सक्छ भन्ने उदाहरण बन्न पुग्यो।

**(च) कोरियन क्रान्ति**

उन्नाइसौँ शताब्दीसम्म कोरिया समुद्री किनारमा अवस्थित अर्धसामन्ती र औपनिवेशिक मुलुक थियो। जापान साम्राज्यवादमा परिणत भएपछि उसले सन् १९१० मा कोरियामाथि अतिक्रमण गर्‍यो। त्यसपछि कोरिया सन् १९४५ सम्म जापानी उपनिवेश बन्न पुग्यो तर जापानी साम्राज्यवादविरुद्ध कोरियन जनताले राष्ट्रिय स्वाधीनताका लागि निरन्तर प्रतिरोध गरिरहे। सन् १९३० देखि त्यसको नेतृत्व कोरियन कम्युनिस्ट पार्टीले गर्न थाल्यो। कम्युनिस्ट पार्टीलाई तेस्रो अन्तर्राष्ट्रिय र चिनियाँ कम्युनिस्ट पार्टीको भाइचारा सहयोग रह्यो। कोरियामा जापानी साम्राज्यवादले कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाएपछि रुस र चीनमा बसेर कम्युनिस्टहरूले कोरियाको राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गरिरहे। सन् १९४० पछि कोरियाली युवाहरूले गोरिल्ला सेना बनाएर कम्युनिस्ट पार्टीको नेतृत्वमा जापानी साम्राज्यवादविरुद्ध सशस्त्र कारबाहीहरू सञ्चालन गरे भने क्रान्तिकारी र देशभक्तहरूले देशबाहिर बसेर पनि कोरियन सरकार निर्माण गरेर सञ्चालन गरे। जब सन् १९४५ मा जापानी साम्राज्यवाद दोस्रो विश्वयुद्धमा परास्त भयो तब कोरिया रसियन लालसेनासहितको मद्दतले स्वतन्त्र भयो। तर दक्षिण भेगमा अमेरिकी सेना प्रवेश गर्न थाल्यो। कम्युनिस्टको नेतृत्वमा सरकार बन्ने सम्भावना देखेपछि अमेरिकाले निहुँ खोज्दै समाजवादी कोरिया हुन नसक्ने जिकिर गर्न थाल्यो। उसले दक्षिणमा आफ्नो दलालहरू खडा गर्‍यो। विवाद बढ्दै गएपछि सन् १९४८ मा कोरियालाई अमेरिकी प्रस्तावमा दुई भागमा विभाजित गरियो। उत्तरमा समाजवादी सरकार बन्यो भने दक्षिणमा अमेरिकी साम्राज्यवादको दलाल सरकार बन्न पुग्यो तर कोरियाभरिका कम्युनिस्टहरूले एउटै पार्टी बनाएर त्यसको विरोध गरेर राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गरे भने देशभक्त कोरियन जनताले सहयोग गरिरहे। सन् १९५० मा अमेरिकी साम्राज्यवादविरुद्ध विद्रोह सुरु भयो। उत्तरमा मात्र होइन, दक्षिणमा पनि कम्युनिस्टहरूले अमेरिकालाई परास्त गर्ने सम्भावना बन्यो। कोरियाली जनविद्रोहलाई चिनियाँ, रुसी जनस्वयम्सेवकहरूले साथ दिएका थिए भने अमेरिकालाई ब्रिटेन, फ्रान्स, जर्मनी, इटालीलगायत पुँजीवादी मुलुकहरूले साथ दिएका थिए। पछि अमेरिकासँग भीषण युद्ध हुन थालेपछि सन् १९५३ मा पुनः सम्झौता भयो र कोरियालाई फेरि पनि विभाजन गरियो। उत्तरकोरियामा समाजवादी सत्ता चल्यो भने दक्षिणमा दलाल पुँजीवादी सरकार बन्यो। यो कोरियन युद्ध पनि भियतनामपछिको भीषण युद्धका रूपमा प्रख्यात छ। यद्यपि कोरिया एकीकरण र स्वाधीन कोरियाको सङ्घर्ष आज पनि चलिरहेको छ। यसरी कोरियामा पनि समाजवादी क्रान्ति एक तहसम्म पूरा भयो। विश्व कम्युनिस्ट आन्दोलनमा कोरियन क्रान्तिको पनि उल्लेखनीय महत्व रहेको छ।

**(छ) क्युबाली क्रान्ति**

क्युबा उत्तर अमेरिकाको ढोकामा रहेको दक्षिण अमेरिकी देश हो। यसको चारैतिर समुद्र रहेको छ। पन्ध्रौँ शताब्दीदेखि क्युबा स्पेनिस साम्राज्यवादको उपनिवेश भयो। उन्नाइसौँ शदीमा आउँदा यो अमेरिकाको अर्धउपनिवेश भयो। क्युबाली देशभक्तहरूले स्पेनिस साम्राज्यदेखि अमेरिकी साम्राज्यसम्मको विरुद्धमा प्रतिरोध सङ्घर्ष गर्दै आएका थिए तर सफल हुन सकेका थिएनन्। सन् १९४० तिरबाट अमेरिकी समर्थक फुलगेन्सियो बतिस्टाको दलाल सरकार र अधिनायकत्व आयो। यसले भ्रष्टाचार र गरिबी अति बढाउन पुग्यो। क्युबाली जनताले त्यसका विरुद्ध सङ्घर्ष उठाउन थाले। यही क्रममा सन् १९५३ को २६ जुलाईबाट कमरेड फिडेल क्यास्ट्रो, चे ग्वेभारा, राहुल क्यास्ट्रोहरूको नेतृत्वमा सशस्त्र सङ्घर्ष सुरु भयो। सुरुमा बतिस्टा सरकारले भीषणस्थल र हवाई हमला गरेर क्रान्तिकारीहरूलाई ठूलो क्षति पुर्‍यायो तर निरन्तर सशस्त्र क्रान्ति अगाडि बढाएपछि क्युबाली जनताले क्रान्तिलाई साथ दिए। यो क्रान्ति ५ वर्ष चलेर सन् १९५९ जनवरीमा सम्पन्न भयो। क्रान्तिद्वारा बतिस्टाको दलाल सत्तालाई परास्त गरियो र स्वतन्त्र क्युबा राज्य स्थापना गरियो। क्रान्ति सफल भएपछि राज्य कस्तो बनाउने भनेमा बहस गर्दै गएर समाजवादी राज्यसत्ता स्थापना गर्ने निर्णय गरियो। कमरेड फिडेल क्यास्ट्रो समाजवादी क्युबाको प्रधानमन्त्री हुँदै राष्ट्रपति भए। फिडेलको नेतृत्वमा सन् १९६५ मा कम्युनिस्ट पार्टी निर्माण भयो। क्युबाली क्रान्तिलाई कैयौँ विश्लेषकले विशिष्ट क्रान्ति भन्ने गरेका छन् भने केहीले क्युबाली क्रान्तिको नमुनालाई दस्तावादी (फोकोवादी) पनि भन्ने गर्छन् तर यो कमरेड फिडेलको नेतृत्वमा सिर्जनात्मक प्रकारले अमेरिकी नाकैमुनि गरिएको वैज्ञानिक समाजवादी क्रान्ति थियो। क्युबेन समाजवादी क्रान्तिको महत्व पनि विश्व कम्युनिस्ट आन्दोलनमा उल्लेखनीय रहेको छ।

---

## एनआईसी. ...

सहित कलेजमै पुगेर पैसा लिएका थिए। तर अहिले एक्कासि कसैको उजुरीबिना नै उक्त खाता रोक्का भएको छ। कलेज सञ्चालकहरूका अनुसार राष्ट्र बैङ्कमा एनआईसी एसिया बैङ्कका अधिकारी र नेपाल इन्जिनियरिङ कजेलका अधिकारीहरूबीच छलफल पनि भएको थियो। उक्त छलफलमा राष्ट्र बैङ्कले संस्थाको पैसा एनआईसी एसियाले रोक्का गर्न मिल्दैन भनेको थियो। तर पनि राष्ट्र बैङ्कको आदेशविपरीत एनआईसीले पैसा रोक्का भएपछि विद्यालयका सञ्चालकहरू बैङ्कविरुद्ध क्रुद्ध भएका छन्। उनीहरूले बैङ्क अफ एसोसिएसनको कालोसूचीमा परेको एनआईसी एसियाले सर्वसाधारण जनतालाई ठग्नसक्ने भन्दै कलेजका करिब २१ सय विद्यार्थी र करिब ३ सय शिक्षकको सहभागितामा अझै आन्दोलन चर्काउने बताएका छन्।

कलेजको खाता रोक्का गर्नुको कारणबारे बैङ्कका शाखा प्रमुख सरिता श्रेष्ठले यस विषयमा आफूहरूले जबाफ दिन नसक्ने भन्दै केन्द्रीय कार्यालयसँग सोध्नुहोस् भन्ने प्रतिक्रिया दिएका छन्। उता आन्दोलनमा उत्रिएका कलेजका सञ्चालकहरूले भने यो बैङ्कको ठगी धन्दा भएको भन्दै बैङ्कले संस्थाको खाता रोक्का गर्नुको कारण माग गरिरहेका छन् र उनीहरूले आवश्यक परे अझ सशक्त आन्दोलनमा जाने वा कानुनी प्रक्रिया दुवै अवलम्बन गर्ने बताएका छन्।

नेपाल इन्जिनियरिङ कलेज सामाजिक संस्थाका रूपमा स्थापना गरिएको भए पनि सञ्चालक समितिभित्रका केही सदस्यहरूले कलेजलाई प्रालि बनाएर व्यापार गर्न खोजेपछि सञ्चालक समितिभित्र विगत एक वर्षदेखि सुरु भएको विवाद अहिले उत्कर्षमा छ।

## के.पी. र प्रचण्डका ...

३१ जना छन्।

पार्टी प्रवेश कार्यक्रममा सामना परिवारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै सहभागीहरूलाई भरपूर क्रान्तिकारी मनोरञ्जन प्रदान गरेको थियो। कालीकोट ४ मान्मामा आयोजित कार्यक्रमका बीच नेकपा कर्णाली ब्युरो सदस्य विराटले उनीहरूलाई स्वागत गरेका थिए। त्यस्तै कार्यक्रममा रमेश र जिल्ला सेक्रेटरी रणदीपको विशेष उपस्थिति थियो।

## भूमाफिया. ...

अपिलमा लेखिएको छः

जमिनको स्वामित्वबारे

सिसुवा पञ्चायत वडा नं. १ को कि.नं. २७०७, २५६, २९०६ र पो.ले.उ.म.न.पा. वडा नं.९ को कित्ता नं. १६६८ का जग्गाको साबिक कि.नं. ६७६ जग्गासमेत करुणानिधि कोइरालाका नाउँमा रहँदाको समय १०-१२-०-१ क्षेत्रफलसमेत कायम भई सोही क्षेत्रफलमध्ये नगर योजनालाई ५० प्रतिशत दिई बाँकी ५० प्रतिशत सम्बन्धित जग्गाधनी (करुणानिधि) लाई विकसित घडेरी फिर्ता दिने २०३२ भद्रौ २३ मा सामूहिक सर्त तथा कबुलियत भएको थियो। निज कोइरालाले सर्तनामा पालना नगरी साबिक कि.नं. ६७६ बाट कित्ता नं. १४५५,१४५६,१४५७,१६६६ र १६६७ समेत ५ कित्ताको कुल क्षेत्रफल ५-७-३-३ विभिन्न व्यक्तिलाई आफूखुसी बिक्रीवितरण गरेसँगै नगर विकास समिति २०३८।४।२९ मा बसेको बोर्ड बैठकले कित्ताफोडपछि कायम भएको कि.नं. १६६८ क्षेत्रफल ५-४-० -२(३२.१२ मिटर) जग्गा बेचबिखन, दाखिला खारेज, रजिस्ट्रेसन पारित नगर्न/नगराउन निर्णय भई नेपालभरका ७५ वटै जिल्लास्थित मालपोत कार्यालयहरूको नाउँमा परिपत्रसमेत भएको थियो। जिल्ला अदालत कास्कीले २०६२ साल भदौ २३ गते मालपोत कार्यालय कास्कीका नाउँमा फुकुवापत्र तयार पार्न लगाई उक्त फुकुवापत्र, जिल्ला अदालतको फैसला र पुनरावेदन अदालतको फैसला साथै राखी २०६२ भदौ २९ गते नगर विकास समितिको नाउँमा जग्गाधनी प्रमाणपुर्जा बनाइदिन मालपोत कार्यालय कास्कीमा पत्राचार भएको थियो। २०३२ भदौ २३ गते करुणानिधि कोइरालाले उपत्यका नगर विकाससँग कबुलियत सर्तनामा गरेपछि उक्त जमिन स्वतः नगर विकास समितिको स्वामित्वमा गएको थियो। तत्कालीन समयमा सबै जग्गाधनीहरूसँग जग्गा प्राप्त भई योजनाअनुरूप कार्य सम्पन्न भए पनि करुणानिधिको उक्त जग्गा सरकारी तायदातीमा चढेका कारण रोक्का रहेकाले नगर विकास समितिको नाउँमा रजिस्ट्रेसन पारित हुन सकेको थिएन। निजले उक्त समयमा पनि अन्य जिल्लामा गई गलत तरिकाले केही जग्गा बिक्री गरेपछि उक्त १६६८ कित्ताको ५-४-० -२ क्षेत्रफल मात्र बाँकी रहन गएको थियो।

**अदालतको फैसला**

उक्त जग्गामा कोइराला पक्षका कथित हकवालाहरूले पुनरावेदन अदालत पोखरामा दायर रिट २०५२ पुस १२ उक्त रिट खारेज भएको थियो। पुनः उनीहरू सर्वोच्च प्रवेश गर्दा त्यहाँबाट पनि सर्तनामा कागजलाई मान्यता दिई हक नपुग्ने भनी रिट खारेज भएको थियो। निज कोइरालाका परिवारजनले नगर विकासको नाउँमा जग्गाधनी पुर्जा बन्ने क्रममा जिल्ला अदालत कास्कीमा अंशबण्डातर्फको बखेडा झिकेर गएकोमा अदालतले २०६१ साउन १८ गते कसैको हक नपुग्ने भनी प्रस्ट बोलेकोमा त्यसका विरुद्ध निज कोइराला परिवार पुनरावेदन अदालत प्रवेश गरेका थिए। त्यहाँ जिल्ला अदालतकै फैसला सदर गर्दै २०६२ भदौ ६ गते निजको हक नलाग्ने प्रस्ट गरेको थियो। त्यसलगत्तै जिल्ला अदालतले मालपोत कार्यालयलाई सोही साल भदौ २९ गते उपत्यका नगर विकास समितिको नाउँमा जग्गाधनी प्रमाणपुर्जा बनाइदिन पत्राचार गरेको थियो। कि.नं. १६६८ को जग्गा कोइराला परिवारबीच अबन्डा जग्गा बन्डा गरी पाऊँ भनी जिल्ला अदालत र पुनरावेदन अदालत प्रवेश गर्दा फैसलाले अंशबण्डाको कुनै हकदाबी नपुग्ने भनी स्पष्ट गरेको। त्यसपछि निज कोइराला परिवार रोक्का जग्गा फुकुवा गराई आफ्नो नाउँमा नामसारी गराइपाऊँ भनी मुद्दा दायर गरी सर्वोच्चसम्म पुगेका छन्। विगतका सबै प्रमाणहरूले उक्त जमिन कुनै पनि हालतमा निजहरूको नभई नगर विकास समिति वा राज्यको सम्पत्ति ठहर्दछ।

# एकीकृत जनक्रान्ति र मधेस



राजु कार्की

*'जुन अनुपातमा एक व्यक्तिद्वारा अर्को व्यक्तिको शोषणको अन्त्य हुन्छ त्यही अनुपातमा एक जातिद्वारा अर्को जातिको शोषणको पनि अन्त्य हुनेछ । जुन अनुपातमा एउटा जातिभित्र वर्गहरूबीचको विरोध समाप्त हुन्छ त्यही अनुपातमा जातिहरूबीचको आपसी वैरभाव पनि हराउनेछ ।'*

***– मार्क्स-एङ्गेल्स***

*'समाजवादको लक्ष्य सानासाना राज्यहरूबीच मानव जातिको विभाजन र समस्त प्रकारका जातीय पार्थक्यको अन्त्य गर्नु जातिहरूलाई निकट ल्याउनु मात्र नभएर यिनीहरूको विलयनसमेत हो ।'*

***– लेनिन***

राज्यबाट उत्पीडनको सिकार बनेको मधेस र मधेसी जनता राज्यविरोधी जुनसुकै आन्दोलनमा पनि बलिदानको कोटा चुक्ता गर्न पछि पर्दैनन् । जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनमा बगेको रगत त्यसैको एउटा उदाहरण हो । किन मधेस, मधेसी जनता र राज्यबीचको अन्तरविरोध यति माथि चुलिएको छ । एकीकृत जनक्रान्तिका बारेमा बहस छेड्दै गर्दा मधेसले भोगेको उत्पीडनका बारेमा बुझ्न, अध्ययन गर्न जरुरी थियो । यो विषयले समयको अवश्य माग गर्ला तर सुरुआत गर्दै जाऔँ । यो आलेखमा मधेसको नालीबेली ऐतिहासिक अभिलेखहरूको लामो व्याख्या-विश्लेषण गर्ने उद्देश्य राखिएको छैन । मधेसमा एकबर्से बसाइका क्रममा अनुभूत गरेका विषयका तथ्यगत आधारहरूलाई चिरफारमा बढी ध्यान दिइएको छ । शीर्षकमा मधेस शब्द राखिएको छ । मधेस र मधेसवादी पदावली आफैँमा विवादित शब्द हुन् । हालको २ नं. प्रदेश विशेष गरेर मिथिला, भोजपुरा क्षेत्र नै सही अर्थमा मधेस हो । मधेस तराईको एउटा सानो अंश हो । आखिर यही मधेस र मधेसी जनताले केकेबाट उत्पीडनको सिकार हुनु परिरहेको छ ?

**१. केन्द्रीकृत सामन्ती चिन्तनबाट उत्पीडन**

अङ्ग्रेज साम्राज्यको बढ्दो प्रभाव रोक्न सानासाना भुरेटाकुरे राज्यलाई एउटै केन्द्रीकृत राज्य विस्तार गर्ने कामको नेतृत्व गोरखाका राजा पृथ्वीनारायण साहले गरे । त्यो तत्कालीन आवश्यकता थियो आफ्नो अस्तित्वरक्षाका लागि पनि । पृथ्वीनारायण शाहपछिका केही राजाहरूले पनि राज्य विस्तार गर्ने कार्यलाई निरन्तरता दिए । नेपाल-अङ्ग्रेज युद्धपछि राज्य विस्तार अभियान ठप्पप्रायः नै भयो । त्यसपछिका राजाहरू आफ्नो काम केन्द्रीकृत राज्यलाई सुदृढ र सुव्यवस्थित बनाउनभन्दा मोजमस्तीमा लागे । जसका कारण विकास सूचकाङ्कमा नेपाल निकै पछाडि धकेलियो । नेपालको विकासको यात्रा मात्रै रोकिएन, नेपाली जनताको जीवनस्तर दयनीय बन्दै गयो । नेपाल राज्यको एकीकरण अभियानभित्र नेपाली जनताको पनि एकीकरण आवश्यक पर्ने थियो, त्यो कार्य गर्न तत्कालीन शासकहरू असमर्थ रहे ।

राजा महेन्द्रले मधेसलाई ध्यान दिएर पश्चिम राजमार्ग निर्माण, उत्तरको नाका जोड्न अरनिको राजमार्ग निर्माण, ५१ वटा आत्मनिर्भर उद्योगधन्दा खोल्नुका साथै हिन्दुस्तानले नेपाली भूमिमा राखेका १८ वटा चेकपोस्ट हटाउनु सराहनीय काम हुँदाहुँदै पनि छिमेकीसँगको सम्बन्ध कस्तो राख्ने भन्ने विषयमा ख्याल नगर्दा मधेसमा उनको पालामा राष्ट्रवादको आडमा एकथरी जातिलाई उचाल्ने, जातजातबीच अविश्वास उत्पन्न गराएर फुट-घृणा पैदा गराउने कार्य गरे । यसको प्रभाव पहाडमा पनि पर्‍यो । त्योभन्दा कैयौँ गुणा बढी प्रभाव मधेसमा पर्‍यो । धोती लगाउने सबै भारतीय नै हुन्छन् भन्ने छाप पारियो । सबै मधेसीहरू भारतीय नै हुन् जस्तो व्यवहार गरियो । मधेसी जनताको अविश्वासका कारण सीमानाकामा पहाडियाहरूको बस्ती बसाउन थालियो । प्रत्येक गाउँमा पहाडिया अनुहारको सामन्त जमिनदारलाई खडा गराइयो र मधेसी आदिवासीलाई घृणा र तिरस्कार गर्ने, दासजस्तो व्यवहार गर्ने कुत्सित कार्य तत्कालीन राज्यबाट नै गरियो । यो कार्य प्रजातन्त्र बहालीपछि पनि रोकिएन । यसको सिकार उत्पीडित मधेसी जनता बनिरहे ।

मधेसी अनुहारका सम्पन्न जमिनदार र नेताहरूले पनि सामन्तकै सिको गरे । मधेसी अनुहार वेदानन्द झादेखि उपराष्ट्रपति परमानन्द झासम्मले सत्तामा अवसर पाएकै हुन् । अझ लोकतन्त्र आएपछि राष्ट्रपति, उपराष्ट्रपति मात्र होइन, मधेसबाट मात्र मन्त्री हुनेहरूको सङ्ख्या कम्ती छैन । २००७ सालदेखिको इतिहास हेर्ने हो भने नेपाली समाजको रूपान्तरणमा लगानी गर्ने, बलिदानको मूल इतिहास रच्ने आधारभूत वर्ग र समुदायले कहिल्यै अवसर पाएको छैन । यो करिबकरिब पहाड र मधेस दुवैको स्थिति हो । अझ मधेसमा बढी हो ।

पछिल्लो कालखण्डमा पहाडिया अनुहारका जमिनदार मधेसमा छैनन् भन्दा पनि हुन्छ तर जमिनदारी प्रथा कायमै छ । भारतीय जमिनदार हरूको दबदबा अझै छँदैछ । आपत्‌विपत्‌मा परेका गरिब मधेसी किसानलाई चक्रवृत्ति ब्याज लगाउने सूदखोर, महाजन, मधेसी नै छन् । उनीहरू गरिब किसानलाई घरबारविहीन गराई गाउँबाट उठीबास गराउनेसम्मको कुकृत्य गरिरहेकै छन् ।

मधेसमा ठूलो सङ्ख्यामा रहेका दलित जाति जसमा मुसहर, डुम, चमारलगायतको अवस्था, उच्च जातिका मधेसीले उनीहरूलाई गर्ने व्यवहार कति क्रूर र अमानवीय छ भने शब्दमा व्याख्या गर्न गाह्रो छ । सामन्ती चिन्तनले उत्पीडित मधेसी जनसमुदाय उत्पीडनमा परेका छन् भन्दा अन्यथा हुँदैन ।

**२. भाषिक उत्पीडन**

भाषिक उपनिवेशको कुरा गर्दा मूलतः अङ्ग्रेजी भाषाको बढ्दो प्रभावको चिन्ता गरिन्छ । पुँजीवादको बदलिँदो स्वरूप र साम्राज्यवादी भूमण्डलीकरणका कारण भाषिक उपनिवेशवादको चरित्र पनि फरक किसिमले विकसित र विस्तारित भएको छ । भाषा आफैँमा समस्या होइन । यसको वर्गीय चरित्र पनि हुँदैन । यो त प्रभुत्वशाली र विजयी वर्गले लाद्ने गर्छ । यो राज्यसत्ताद्वारा लादिन्छ । नेपालमा खसभाषाले नेपाल खाल्डोमा प्रभुत्व कायम गर्नुअघि मैथिली भाषा नेपाल खाल्डोमा राजकाजको भाषा थियो । चौधौँ शताब्दीमा भक्तपुरका राजा हरिसिंह देवको समयमा यहाँ बोलिने भाषा मैथिली थियो भन्ने कुराको प्रमाण शिलालेखहरूमा पाइन्छ । नेपालमा बोलिने सबै मातृभाषाहरूले प्रायः यस्तै नियति भोगेका होलान् ।

शासकहरूले नेपालमा बोलिने सबै भाषाहरूको रक्षा र विकासको प्रश्नलाई सार्वभौम प्रश्न नबनाइदिँदा भाषाहरू लोप हुने अवस्था उत्पन्न भयो । अझ मधेसमा बोलिने मैथिली, भोजपुरी, अबधी, थारू, कुञ्जिका, राजवंशीलगायत भाषाहरूका विरुद्ध योजनाबद्ध रूपमा हिन्दी भाषाको प्रवेश गराउन खोजिँदैछ । यो हिन्दी भाषाको प्रवेश भाषागत साम्राज्य फैलाउनका लागि गरिने साम्राज्यवादी योजनाका साथ आएको देखिन्छ । यसको उत्पीडनमा मैथिली, भोजपुरीलगायत भाषाहरू पर्ने निश्चित छ ।

**३. सीमानाकामा हुने उत्पीडन**

भारतसँगै सीमा जोडिएका २६ जिल्लामध्ये २१ जिल्ला ५३ ठाउँमा नेपाली भूभाग मिचिन पुगेको देखिन्छ । मिचिएको भूभागको क्षेत्रफल लगभग ११ लाख ७९ हजार रोपनी भएको अनुमान गरिएको छ । मधेसका ८ जिल्लामध्ये ५ जिल्लाको १४ ठाउँमा सीमा मिचिएको पाइएको छ । पर्सामा ४ स्थानमा, रौतहटमा १ स्थानमा, सर्लाहीमा २ स्थानमा, सिराहामा २ स्थानमा र सप्तरीमा ५ स्थानमा सीमा मिचिएको छ । (सीमाविद् बुद्धिनारायण श्रेष्ठ) ।

भारतले दसगजानजिकै बनाएको हाइड्याम्प होस् वा नदीमा बनाएको बाँध, दुवैले वर्षायाममा नेपाली भूभाग जलमग्न हुने, ठूलो मात्रामा धनसम्पत्तिको नोक्सानी बेहोर्नु परिरहेको छ ।

सीमास्तम्भ सारेर होस् वा बाँध बनाएर मधेसी जनतालाई बारम्बार उत्पीडनमा पार्ने काम भैरहेको छ । सप्तरीको तिलाठीका जनताले गरेको विरोधबाट पनि सिमानामा कति उत्पीडन बेहोर्नुपरेको छ भन्ने अनुभूत गर्न सकिन्छ ।

**४. विखण्डनकारी चिन्तनबाट उत्पीडन**

भारतले ३ दशकअगाडि सिक्किम भारतमा विलय गरेकै समयमा नेपालको तराई भारतमा गाभ्ने योजना व्यवहारमा ल्याउन लागेको कुरा त्यतिबेलाका भारतीय गुप्तचर निकाय 'र' का एकजना जिम्मेवार व्यक्ति आर.के. यादवले आफ्नो पुस्तक 'मर्ज अफ सिक्कम, सिमन र' मा प्रस्ट पारिसकेका छन् । अहिले पनि भारत विभिन्न रूपमा त्यही योजना कार्यान्वयनका पक्षमा छ र यसका लागि उसले नयाँनयाँ क्लाइन्टहरू तयार पारेर अभ्यास गरिरहेको छ भन्ने कुरामा विवाद छैन । हरेक देशका आआफ्ना संवेदनशील स्थानहरू हुन्छन् जस्तो चीनको तिब्बत, भारतको जम्मुकस्मिर, नेपालको मधेस आदि । यी संवेदनशील स्थानमा छिमेकीले खेल्नु कति जायज हुन्छ ?

मिथिलाको इतिहासप्रतिको चिन्ता र यसको समृद्धिप्रतिको गम्भीरताप्रति कतै आपत्ति छैन परन्तु उत्तेजना र भावावेगमार्फत नयाँ आतङ्क सिर्जना गर्न खोज्नु कति जायज हुन्छ ? आवेग र उत्तेजना फैलाएर आन्तरिक विद्वेष र वितण्डा मच्चाउन चाहन्छन् एकथरी । नेपाली राष्ट्रियता र पहाडिया समुदायप्रति जुन किसिमको आक्रोश र विसङ्गत चिन्तन पाइन्छ त्यो विखण्डनकारी सोचाइ हो । यसको सिकार बनेका छन् मधेसी जनता । यिनीहरूको उद्देश्य विभाजन, विखण्डन र विसर्जन नै हो, राष्ट्रिय स्वाधीनतामाथि आक्रमण हो । अहिले मधेसमा यो विखण्डनकारी सोचाइलाई योजनाबद्ध रूपमा हाबी गराउन खोजिँदैछ जसको उत्पीडनमा राष्ट्रवादी मधेसी जनता परिरहेका छन् ।

**५. सांस्कृतिक उत्पीडन**

सभ्य र समृद्ध मिथिला संस्कृतिका बारेमा व्याख्या गरिरहनु पर्दैन । कतिपय विश्वका मानिसले राम्रोसँग खान पनि नजान्दा मिथिलामा विद्वान्‌हरूले शास्त्रार्थ गर्ने गर्दथे । यो संस्कृति प्रायः लोप नै भइसकेको छ । मिथिला संस्कृतिमा रोटी र बेटीका नाममा बिहारी संस्कृति मिसिँदा दूषितजस्तो बनेको छ । आज उत्पादनको प्रक्रिया फेरिँदै गर्दा रोटी र बेटीको नाराले मधेसका घरघरमा पीडाबाहेक अरू दिनसकेको छैन । आज सीमापारि बिहेबारी गर्नु हुँदैन भन्न थालेका छन् मधेसबासीहरू । जातीय विभाजनसँग जोडेर मधेसमा एउटा नयाँ समस्या खडा गरिएको छ । मधिसे र पहाडियाबीच नयाँ अन्तरविरोध चर्काउन खोजिँदैछ । यो निकै नै हानिकारक र विभेदकारी छ । धर्म र संस्कृतिसँग जोडिएर सांस्कृतिक द्वन्द्वकै रूपमा नेपालको इतिहासमा खासै समस्या देखिँदैन । पृथ्वीनारायण शाहले उपत्यका कब्जा गरेर राजा हुँदासमेत उनी पहिलेका मल्ल राजाहरूले अँगालेकै संस्कृतिमा आफू पनि समाहित भएको देखिन्छ । नेपालमा अहिलेको प्रमुख सांस्कृतिक समस्या भनेको पश्चिमा उपभोक्तावादी अराजकतावादी संस्कृतिको समस्या हो । मधेसमा भारतीय साम्राज्यवादी संस्कृति हाबी हुनु मुख्य समस्या हो जसको उत्पीडनमा मधेसी जनता परेका छन् ।

**६. ल्न्इरक्ष्ल्न्इ को उत्पीडन**

राज्यको संवेदनशील भूगोल, जाति, भाषामा प्रहार गर्ने र राज्यलाई कमजोर बनाउने साम्राज्यवादी सिद्धान्त हो । त्यही सिद्धान्तलाई सफल पार्न आफ्नो मिसनसहित ल्न्इरक्ष्ल्न्इ ले लगानी गर्ने गर्दछन् । यस्ता लगानी गर्नेहरू मधेसमा प्रशस्त मात्रामा भेटिन्छन् । उनीहरूको लगानी उत्पीडित मधेसी जनता जसको घरको छानो छैन, शुद्ध खानेपानी छैन, शौचालय छैन, एक छाक राम्रो खान पाउँदैनन्, सुत्ने ओछ्यान छैन, त्यहाँ हुँदैन । बरु कहाँ एक मधेस एक प्रदेशको नारा घन्किन्छ, कहाँ देश टुक्रिने गरी विखण्डनकारी हावा चल्छ त्यहाँ लगानी छ । त्यसैले मधेसी जनता ल्न्इरक्ष्ल्न्इ को उत्पीडनमा पनि परेका छन् ।

**७. युवा पलायन**

रेमिट्यान्सको आडमा चलेको राज्यले युवाहरूलाई स्वदेशमा रोजगारी दिनुको सट्टा वैदेशिक रोजगारीलाई प्राथमिकतामा राख्नु स्वाभाविक हुन्छ । जुन देशले युवा जनशक्तिलाई स्वदेशमै रोजगारी दिने क्षमता राख्दैन त्यसले समृद्धिको सपना देख्नु पनि निरर्थक हुन्छ । पछिल्लोपटक मधेसमा युवा पलायन व्यापक मात्रामा भइरहेको छ । जसले मधेसको उर्वर भूमिबाट उत्पादन वृद्धि गर्न सकिन्थ्यो त्यो रोकिएको छ । विदेशमा काम गर्दा घरमा एउटा टी.भी., ब्लाड्केट र केही पैसा त मधेसमा भित्रिएको छ तर राष्ट्रप्रेम, राष्ट्रभक्तिको भावबाट युवाहरू टाढिँदै जाने जोखिम बढ्दै गएको छ । यसको फाइदा विखण्डनकारी तत्वले भारतीय साम्राज्यवादी योजना सफल पार्नका लागि पुग्ने देखिन्छ । यसको उत्पीडनमा मधेसी जनता परेका छन् ।

**निचोड**

मधेसको विशिष्टतामा वैचारिक तथा राजनीतिक पक्षलाई केन्द्रमा राखेर मधेसका उत्पीडित जनताको आन्दोलनलाई मधेसी सामन्त तथा भारतीय दलाल वर्गको स्वार्थ र भ्रमबाट मुक्त गरेर सही दिशा दिनु आवश्यक छ । भैरहेका मार्क्सवादविरोधी कार्यको भण्डाफोर गर्दै दुःखकष्ट सहने त्याग र बलिदान गर्ने भावनालाई उत्कर्षमा लैजानु पर्दछ । सम्पूर्ण समस्यालाई वर्गसङ्घर्षबाट पृथक राखेर साम्राज्यवादीहरूको षड्यन्त्रलाई परास्त गर्न सकिँदैन । उत्पीडित मधेसी जनताको वास्तविक मुक्ति वर्गसङ्घर्षबाट मात्र सम्भव छ जुन बाटो भएर एकीकृत जनक्रान्तिमार्फत समाजलाई वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुर्‍याउन सकिन्छ ।

स्रोत : जनविद्रोह त्रैमासिक

---

## वर्तमान शिक्षाका ...

छन् । तिनीहरूले आफूअनुकूलको शिक्षाप्रणालीको विकास गरेका छन् जसका कारण समस्याग्रस्त शिक्षाप्रणालीमा झनै समस्या थपिदिएको छ । उक्त शिक्षानीतिलाई कर्पोरेट शिक्षानीति पनि भन्न सकिन्छ ।

**के हो कर्पोरेट शिक्षा ?**

नेपालमा अहिले लागू गरिएको शिक्षाप्रणालीमा परिवर्तन गर्नुपर्छ भन्ने बहस उठेको छ । त्यो राम्रो कुरा हो । दुःखको कुरा त्यो परिवर्तन अरू केही नभएर यहाँका केही शिक्षाविद् र शिक्षा मन्त्रालयका पदाधिकारीहरू कर्पोरेट शिक्षाप्रणाली लागू गर्दैछन् । जसरी अहिले विश्व अर्थतन्त्रमा कर्पोट पुँजीको एकछत्र पकड छ ठीक त्यसैगरी शिक्षामा पनि पकड जमाउँदै गएको छ । अहिले विश्वव्यापी रूपमा तयार पारिएको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणविधि तयार पार्नुभन्दा पहिला ओईसीडीले विकसित राष्ट्रका शिक्षामा देखिएका समस्याहरूलाई पाठ्यक्रमको उद्देश्य पूरा गर्न नसकेको, विद्यालय शिक्षा निःशुल्क हुनु तर गुणस्तर नहुनु, प्राज्ञिक शिक्षालाई महत्व दिनु तर उद्यमशील शिक्षामा ध्यान नदिनु, शैक्षिक बेरोजगारको सङ्ख्या बढ्दै जानु र नैतिक शिक्षाको कमी हुनु भन्ने निष्कर्ष निकालेका थिए । त्यसपछि नै विकसित राष्ट्रहरूमा शिक्षामा उद्यमशीलता नीति लागू भयो । प्राविधिक र व्यावसायिक शिक्षामा मात्र नभएर प्राज्ञिक शिक्षामा पनि प्रयोग गरियो । आफैँमा यो विषय असाध्यै राम्रो हो तर यसको गुदी उद्देश्य लुकाइएको छ । केही कुरा बाहिर आएका छन् । शिक्षामा कर्पोरेट पुँजीको नीति भनेको प्राविधिक र व्यावसायिक शिक्षाका नाममा अविकसित राष्ट्रहरूमा व्यापार गर्ने हो । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणविधि कर्पोरेट पोषित शिक्षाविद्‌ले तयार पार्दछन् । प्राविधिक र व्यावसायिक शिक्षालाई महँगो प्रविधिका माध्यमद्वारा बेचिइन्छन् । यसरी कर्पोरेटले शिक्षालाई नाफामुखी बनाउँछ । यसरी शिक्षा बजारमा आफ्नो प्रभुत्व कायम राख्नका लागि निश्चित वर्षमा नयाँ आवश्यकता र नवीनताका नाममा पाठ्यक्रम, पाठ्पुस्तक र शिक्षणविधि परिवर्तनको विज्ञापन गर्दछ । वास्तवमा पाठ्यक्रम, पाठ्यपुस्तकमा परिवर्तन गरिएको हुँदैन । विशिष्टीकरणका नाममा खण्डीकरण गर्दछन् र नयाँ नाम दिन्छन् । उदाहरणका लागि, विश्वविद्यालय शिक्षाको व्यवस्थापन सङ्कायलाई लिन सकिन्छ । आजभन्दा २० वर्ष अगाडिसम्म व्यवस्थापन सङ्कायको स्नातकलाई बीकम भनिन्थ्यो । अहिले बीबीएस, बीबीए गरी दर्जनौँ विषयमा टुक्र्याइएको छ । विज्ञान, प्राविधिक र व्यावसायिक सङ्कायहरूमा पनि त्यही हाल छ । यी सङ्कायहरूमा राखिएका विषयहरू केही समयपछि बजारमा नबिक्ने हुन पुग्छन् ।

यी समस्याहरूको सिकार नेपालका विश्वविद्यालयहरू पनि भएका छन् । आफूलाई चाहिने जनशक्ति उत्पादन होस् भन्नाका लागि आफ्नै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि प्रयोग गर्ने गरेको छ जसले गर्दा त्यहाँ उत्पादित जनशक्तिले कर्पोरेटहरूमा केही समयका लागि रोजगारी पाउँछन् । नेपालको दक्ष र प्राविधिक ठूलो जनशक्ति बिदेसिनुको मुख्य कारण यही हो । केही समयपछि त्यही जनशक्ति समयानुकूल नभएको भन्दै रोजगारीबाट बाहिरिन्छ । पछिल्लो उदाहरण अमेरिकालगायत विकसित राष्ट्रहरूमा शैक्षिक बेरोजगारहरूको सङ्ख्या बढ्नु हो ।

**नेपालको शिक्षाप्रणालीमा कर्पोरेटको प्रवेश**

सन् २००० मा डकारमा भएको अन्तर्राष्ट्रियस्तर सम्मेलनमा 'सबैका लागि शिक्षा' ले पारित गरेको ६ बुँदे लक्ष्यमा नेपालले पनि हस्ताक्षर गर्‍यो । यी ६ बुँदा आफैँमा बेठीक छैनन् । अहिलेसम्म नेपालले यी लक्ष्यहरू पूरा गर्न सकेको छैन । सन् २०१० देखि नेपालमा 'विद्यालय क्षेत्र सुधार' कार्यक्रम अहिले आएर 'विद्यालय क्षेत्र विकास' कार्यक्रमका रूपमा सञ्चालन भइराखेको छ । विक्षेसुको खुबै विरोध भयो तर पनि लागू भएर नै छाड्यो । यी दुईवटा कार्यक्रम नेपालमा कसरी आइपुगे ? त्यतातिर हाम्रो ध्यान गएको छैन । वास्तवमा विक्षेसुद्वारा कर्पोरेट शिक्षाप्रणालीले प्रवेश पायो ।

सन् १९४८ मा संयुक्त राज्य अमेरिकाले युद्धबाट उजाड स्थानको पुनर्निर्माण गर्न भनी आर्थिक लगानी गरी मार्सल प्लान बनायो । त्यसैको विकसित रूपमा सन् १९६१ को सेप्टेम्बर ३० मा अन्य देशका संस्थाहरू पनि सङ्गठित हुँदै गए । उक्त संस्थाको नाम अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट नाम दिइयो । उक्त संस्थाले १९१०-२००० सम्म लगातार विश्व अर्थतन्त्र, शिक्षाका बारेमा अध्ययन गरेर इन्टप्राइजिङ हेड : इन्टप्राइजिङ स्कुल्स, स्किल्स फर इनोभेसन एन्ड रिसर्च इन्टरप्रेनरसिप एन्ड इनोभेसनजस्ता शिक्षासम्बन्धी खोज गरेर तयार पारिएका १० वटा किताब प्रकाशन गरेको छ । यी किताबहरूमा विश्वभरिकै शिक्षाप्रणालीलाई पूर्ण रूपले बदल्नुपर्दछ । शिक्षामा उद्यमशीलता लागू गर्नुपर्दछ । त्यसैले प्राविधिक र व्यावसायिक शिक्षा प्रवृत्तिलाई बढाउनुपर्दछ भन्ने सुझाव दिएको छ । तिनै सुझावलाई आधार मानेर विश्वका धनी राष्ट्रहरूका शिक्षानीति नै परिवर्तन गरिएको छ । यसैको प्रभावमा परेर नेपालमा विक्षेसु लागू गरिएको हो भन्नेमा कुनै द्विविधा नराखे हुन्छ ।

**अब के गर्ने त ?**

वर्तमान शिक्षामा देखिएका समस्या समाधान गर्नका लागि दुईवटा विधि अपनाउन सकिन्छ । अहिले समाजवादी शिक्षाको कुरा खुबै सुन्न पाइन्छ । अहिलेको संविधानलाई समाजवाद उन्मुख भनिएको छ । उनीहरूले भन्ने गरेको समाजवाद उन्मुख राज्यका प्रदेशहरूका शिक्षामन्त्रीहरूलाई सङ्घका शिक्षामन्त्री गिरिराजमणि पोख्रेलले चैत २५ गते काठमाडौँमा बोलाएर छलफल गरेका थिए । उनले १० बुँदे अवधारणा पनि सार्वजनिक गरे तर यी सबै क्रियाकलापहरू केवल लोकप्रियताका लागि भएका हुन् । पहिलो कुरा, उनीहरूले वर्तमान शिक्षाका समस्याहरूको पहिचान गरेको देखिँदैन । दोस्रो कुरा, उनीहरू जुन राज्यप्रणालीभित्र रहेर बात बेचिरहेका छन् यो प्रणालीले शिक्षा मात्र होइन, कुनै पनि समस्याको अचुक समाधान दिन सक्दैन । यसको सशक्त उदाहरण शिक्षा र स्वास्थ्य क्षेत्रमा थपिँदै गएका समस्याहरू नै हुन् । २०६३ सालपछि नेपालको शिक्षा र स्वास्थ्यमा असाध्यै विकृति बढेर गएको छ । यी दुवै क्षेत्रमा तीव्र रूपमा निजीकरण भएको छ । प्राविधिक र व्यावसायिक शिक्षामा ८० प्रतिशत जनताको पहुँच नै नहुने गरेको छ । १० प्रतिशतभन्दा बढी जनताका छोराछोरीले नीतिगत रूपमा नै चिकित्साशास्त्र पढ्न नसक्ने भएका छन् । चिकित्साशास्त्रको शिक्षा महँगो र साधारणको पहुँचभन्दा बाहिर रहेकाले स्वास्थ्य क्षेत्र महँगो मात्र होइन, आपराधिक पनि बन्दै गएको छ ।

अहिले शिक्षामा देखिएका समस्याहरू समाधान गर्न सरकारसित पूर्वकम्युनिस्टहरूले भनेको जस्तो समाजवादी व्यवस्था नै चाहिँदैन, यही व्यवस्थामा हुनसक्छ । यी समस्यालाई पुँजीवादी राज्यभित्र नै समाधान गरिएका छन् । यी समस्याको समाधान भनेको पहिलो समस्याको पहिचान गर्नु हो । यहाँ त शिक्षाका खासोखास समस्या खोज्नुभन्दा पनि एउटा क्षेत्रलाई दोष लगाएर मुख्य कार्यान्वयनकर्ताहरू पानीमाथिको ओभानो हुने गरेका छन् । शिक्षाको परिणामलाई लिएर शिक्षकलाई दोष दिने गरिएको छ । वास्तवमा यो सरासर गलत छ ।

यसै प्रणालीमा विद्यालय शिक्षामा पहुँच बढाउन सकिन्छ । प्राविधिक र व्यावसायिक शिक्षालाई सस्तो सर्वसुलभ बनाउन सकिन्छ । अनुसन्धान शिक्षाको दिशा परिवर्तन गराएर खोज र आविष्कारमा लगाउन सकिन्छ । शिक्षामा भएको निजीकरण र व्यापारीकरणलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि निजी शिक्षामा नियमन, निरीक्षण र अनुगमन गरे पुग्छ । निजी र सामुदायिक विद्यालयहरूमा खर्चिलो लगानीले विद्यालय भर्ना भएर छाड्ने विद्यार्थीलाई रोकिराख्न सकिन्छ । प्राविधिक शिक्षालाई सस्तो र सर्वसुलभ बनाउनुपर्छ । विद्यालयमा शिक्षकको समस्या अहिलेसम्म समाधान हुन सकेको छैन । विद्यालयका विद्यार्थी/शिक्षक अनुपात मिलाएर शिक्षक व्यवस्थापन गर्नुपर्छ ।

अब आयो समाजवादी शिक्षाको कुरा । समाजवादी शिक्षा कुनै छुट्टै प्रणाली होइन । यो दृष्टिकोण हो । यो शिक्षामा ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण दिइन्छ । यसमा पाँचवटा प्रश्नको समाधान खोजिन्छ । 'कसलाई पढाउने' को उत्तर 'श्रमजीविका बालबालिकालाई पढाउने' भनेर दिइन्छ । कहाँ पढाउने भन्दा श्रमिक क्षेत्रमा पढाइन्छ । के पढाइन्छ भन्दा भौतिकवादी दृष्टिकोणबाट संसारलाई बुझ्ने र बदल्न सहयोग हुने पाठ्यसामग्री पठाइन्छ । कहिले पढाइन्छ भन्दा पढ्न-लेख्न सक्ने भएदेखि चाहेको अवधिसम्म पढाइन्छ । कसरी पढाइन्छ भन्दा वर्तमान बैङ्किङ शिक्षणविधि जसलाई शोषकहरूको शिक्षणविधि भनिन्छ । त्यसको ठाउँमा शोषितहरूको शिक्षणविधि अपनाइन्छ । सबैभन्दा महत्वपूर्ण प्राविधिक र व्यावसायिक शिक्षालाई निःशुल्क र जीवनको कार्यकाल अनिवार्य पढ्ने बनाइन्छ ।

नोट : यसमा तालिकाहरू हटाइएको छ ।

# विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवादको प्रादुर्भाव र सङ्घर्ष



धर्मेन्द्र बास्तोला

मार्क्सवादको उदयसँगै मार्क्सवादमा संशोधनवादको विकास भएको देखिन्छ । तर संशोधनवादी अथवा सुधारवादी विचारको जग मार्क्सवादको उदयभन्दा पहिले नै भएको स्पष्ट हुन्छ । युटोपियन कम्युनिज्म एउटा सुधारवादी विचार हो । मार्क्सवादको विकास हुनुपूर्व समानता र न्यायपूर्ण समाजको परिकल्पनाभित्र वर्गसङ्घर्षका विरुद्ध वर्गसमन्वय, क्रान्तिकारी रूपान्तरणका विरुद्ध शान्तिपूर्ण सहअस्तित्व, वर्गविलोपीकरणका विरुद्ध वर्गअस्तित्वका विचारहरू सुधारवादकाविशेषता रहँदै आएका थिए । यद्यपि मार्क्सकै समयमा मार्क्सवादविरोधी विचारर बहस चलिरहेका थिए तथापि मार्क्सवादको उदयपछि संशोधनवादको संस्थागतविकास जर्मन आन्दोलनमा बर्नस्टिन र लासालले गरे । वास्तवमा सुधारवादलाईसंशोधनवादको व्याख्या बर्नस्टिनले नै गरेका थिए। सुधारवाद, संशोधनवाद अथवाबर्नस्टिनवाद अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा एउटा मार्क्सवादविरोधी प्रवृत्ति होजो उन्नाईसौं शताब्दीको अन्त्यतिर इडवार्ड बर्नस्टिनका नाममा स्थापित भएको हो ।बर्नस्टिनले मार्क्सवादको आत्मा वर्गसङ्घर्षलाई भुत्ते पार्दै क्रान्तिकारी आन्दोलनमाबुर्जुवा उदारवादको वकालत गरेका थिए । रुसमा यो प्रवृत्ति मेन्सेबिकहरूमादेखापरेको थियो जसका विरुद्ध बोल्सेभिकहरूले कडा वैचारिक सङ्घर्ष गरेकाथिए । बर्नस्टिनवाद वा संशोधनवादका समर्थकहरू, तिनका पिछलग्गुहरू अर्थात् योमान्यताका अनुयायीहरू विभिन्न देशमा पाइन्छन् । कुनै देशका पार्टीहरूले खुलेआमरूपमा वा घोषित रूपमा संशोधनवाद अङ्गीकार गरेको पाइन्छ र कुनै देशमा छद्मरूपमा अथवा एकै देशका कतिपय पार्टीहरूले खुलेआम बर्नस्टिनवादको वकालतगरेको पाइन्छ र कतिपय पार्टीहरूले छद्म रूपमा । दोस्रो अन्तर्राष्ट्रियमा बर्नस्टिनर काउत्स्कीहरूले पुँजीवादी मुलुकहरूमा उत्पादक शक्तिको विकास भएकै कारणउच्च आर्थिक विकास भएका औद्योगीकृत पुँजीवादी देशहरूमा समाजवादी क्रान्ति हुनेछ भन्ने तर्क गरेका थिए । उनको तर्कअनुसार यस्ता देशहरूमा सशस्त्रविद्रोह वा दीर्घकालीन जनयुद्ध लड्नु आवश्यक थिएन अथवा पुरानो सत्ताकोध्वंसात्मक अन्त्यको आवश्यकता थिएन । यसको तात्पर्य यो पनि हुन्थ्यो कि उत्पादकशक्तिको विकास नभएका अल्पविकसित पुँजीवादी देशहरूमा क्रान्ति सम्पन्न गर्नकालागि पहिलो सर्त उत्पादक शक्ति मजदुरवर्गको विकास हुनु अनिवार्य हुन्छ । यसरीबर्नस्टिनवादले क्रान्तिको आवश्यकतालाई पूर्ण रूपले इन्कार गर्थ्यो । संशोधनवाद जोसुधारवाद वा जुझारु अर्थवाद पनि हो, यसले उत्पादन सम्बन्धले उत्पादक शक्तिकोविकासमा प्रभाव पार्छ र आर्थिक आधारमा उपरिसंरचनाको प्रभाव पर्दछ भन्ने कुरालाईइन्कार गर्थ्यो । संशोधनवादले ऐतिहासिक भौतिकवादको मान्यतालाई इन्कार गर्छ ।ऐतिहासिक भौतिकवादले मान्दछ- वर्गविभाजित समाजमा समाजिक रूपान्तरणकेवल भीषण वर्गसङ्घर्षको प्रक्रियाद्वारा मात्र सम्भव हुन्छ । बर्नस्टिनले भनेका थिए,‘हामी चाहन्छौं- जो जे हो त्यसको स्पष्ट मान्यता होस्, त्यसकारण ‘आन्दोलन’कुनै ‘अन्तिम लक्ष्यबिना’ पवित्र मनसायबाट चलोस्, प्रतिरक्षात्मक कार्यनीतिकोस्वीकार गरियोस् जसबाट बुर्जुवावर्ग यो कार्यनीतिबाट केवल त्रसित मात्र बनोस् ।’यसबाट स्पष्ट हुन्छ- बर्नस्टिनले आन्दोलन सबथोक हो र लक्ष्य केही होइन भन्नेमान्यता राख्दथे र उनले शत्रुविरुद्धको रणनीति र कार्यनीतिलाई कमसेकम ऊ पछिहट्ने कार्यनीतिसम्म मात्र प्रयोग गर्न चाहन्थे । यसरी संशोधनवादले वर्गसङ्घर्षकोबाटो परित्याग गर्छ र वर्गसमन्वयको बाटो समात्न पुग्दछ । यसप्रकारको सुधारवादीमान्यता युरोपेली, अमेरिकी, पूर्वी एसियाली तथा भारतीय कम्युनिस्ट आन्दोलनमा समेतप्रचुर मात्रामा देख्न पाइन्छ ।

युरोपमा संशोधनवादले गहिरो जरा गाडेको थियो । दोस्रो अन्तर्राष्ट्रियकोपतन युरोपेली कम्युनिस्टहरूमा पैदा भएका मतभेद र उनीहरूले अख्तियार गरेकोसंशोधनवादी कार्यदिशाकै कारण थियो । दोस्रो अन्तर्राष्ट्रियमा युरोपका अधिकांशसंशोधनवादी कम्युनिस्टहरूले साम्राज्यवादी युद्धमा पितृभूमिको रक्षाका लागि सङ्घर्षकोकार्यनीति अख्तियार गरे जो सर्वहारा अन्तर्राष्ट्रवादका विरुद्ध थियो । संशोधनवादन केवल राजनीतिक रूपले सुधारवाद हो तथापि यो सामाजिक अन्धराष्ट्रवाद पनिहो । युरोपमा दोस्रो अन्तर्राष्ट्रका अधिकांश नेताहरूले त्यही सामाजिक अन्धराष्ट्रवाददेखाएका थिए जसको मुखमा समाजवाद थियो, विचार र चेतनामा अन्धराष्ट्रवादजसको कारण साम्राज्यवादी युद्धमा उनीहरूका लागि सर्वहारावर्गको विजय वामुक्तिभन्दा पहिले पितृभूमिको रक्षा गर्नु बनेको थियो ।लेनिनले पश्चिम युरोप र पूर्वी युरोपका संशोधनवादी कम्युनिस्टहरूकाविरुद्ध भीषण सङ्घर्ष गर्नुपरेको थियो । लेनिनको समयमा सर्वहारा क्रान्ति, जनवादर सर्वहारा अधिनायकत्वको प्रश्न प्रखर रूपमा उठेको थियो । एकातिर ट्राट्स्कीजसले निरन्तर क्रान्तिको प्रश्न अगाडि सारेका थिए तिनका विरुद्धको सङ्घर्षथियो र अर्कोतिर काउत्स्की जसले सर्वहारावर्गको अधिनायकत्वसम्बन्धी मार्क्सवादीमान्यतालाई परित्याग गरेका थिए, त्यसका विरुद्ध पनि सङ्घर्ष चलाउनुभयो ।ट्राट्स्की, बुखारिनलगायत रुसी संशोधनवादीहरूले रुसमा क्रान्ति सम्पन्न गर्नकालागि पहिले उत्पादक शक्तिको विकास हुनुपर्ने कुराको माग गर्दथे । ट्राट्स्कीलेआफ्नो निरन्तर क्रान्तिको सिद्धान्तअनुसार साम्यवादमा नपुग्दासम्म क्रान्तिकारीआन्दोलन चलाइरहने तर समाजवादी सत्ता कहीँ पनि स्थापना गर्न नसकिने बताउँथे ।त्यसकारण पनि ट्राट्स्कीले युरोपका कुनै पनि देशहरूमा एक्लाएक्लै क्रान्ति सम्पन्नहुन नसक्ने बताएका थिए । उनका लागि रुसमा मात्र क्रान्ति सम्पन्न गर्ने कुरा सम्भवथिएन । समाजवादी क्रान्तिमा पनि सर्वहारावर्गको अधिनायकत्व रहने भएकाले त्योसमाज समाजवादी हुन सक्दैनथ्यो तर लेनिनले ट्राट्स्कीका संशोधनवादी विचारहरूकोखण्डन गर्नुभएको थियो र रुसमा सर्वहारावर्गको नेतृत्वमा क्रान्ति सम्पन्न हुन सक्नेर सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्न सकिने स्पष्ट गर्नुभयो ।

संशोधनवादी तमाम नेतृत्वमध्ये कार्ल काउत्स्की पनि एक थिए । काउत्स्कीलेभनेका थिए, ‘सर्वहारावर्गको शासनमा किन यस्तो रूप धारण गर्ने अथवा यस्तोरूप किन धारण गर्न के आवश्यक छ ? जसले प्रजातन्त्रसँग मेल खाँदैन ?काउत्स्कीको संशोधनवाद बुर्जुवा आदर्शवाद तथा बुर्जुवा उदारतावादसँग मेल खान्थ्यो ।कम्युनिस्टका नाममा देखापरेका गैरमार्क्सवादी, उदारवादी पुँजीवादी काउत्स्कीकोप्रश्नको जबाफ मार्क्स र एङ्गेल्सका भनाइहरूबाट दिनुभएको थियो । लेनिनलेमार्क्सको भनाइ दोहोऱ्याउँदै समाजवादी सत्ताभित्र सर्वहारावर्गको अधिनायकत्वकोआवश्यकता स्पष्ट गर्नुभएको थियो ।

माओको नेतृत्वमा चीनमा पनि संशोधनवादविरुद्धको सङ्घर्ष तीव्र बनेकोथियो । रुसमा ट्राट्स्की, बुखारिनजस्ता संशोधनवादी नेताहरूले जस्तै चीनमाछन तुस्यूजस्ता संशोधनवादी नेताहरूले उत्पादक शक्तिको सिद्धान्त अघि सारेसमाजवादी क्रान्तिभन्दा अगाडि पुँजीवादी क्रान्ति अनिवार्य भएको बताएका थिए ।छन तुस्यूको भनाइमा चीन अति गरिब देश भएको कारण त्यहाँ क्रान्ति गर्ने कुरासम्भव थिएन । चीनमा क्रान्ति सम्पन्न गर्नका लागि पहिले चीनमा उत्पादक शक्तिकोविकास हुन आवश्यक हुनेछ र त्यसप्रकारको शक्ति पुँजीवादी क्रान्तिबाट मात्रपैदा हुन सक्नेछ । तसर्थ चिनियाँ समाजमा समाजवादी क्रान्तिका लागि आवश्यकउत्पादक शक्ति मजदुरवर्गको विकास हुनका लागि पुँजीवादी क्रान्ति आवश्यकथियो । त्यसकारण छन तुस्यू पुँजीवादी क्रान्तिका पक्षमा थिए ।

सुधारवाद तथा संशोधनवादको बेग्लै नमुना इन्डोनेसिया र चिलीको कम्युनिस्टआन्दोलनमा देख्न सकिन्छ । चिलीको कम्युनिस्ट पार्टीले ख्रुस्चेभको तीन शान्तिपूर्णसिद्धान्त : शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण प्रतिस्पर्धा र शान्तिपूर्ण रूपान्तरणकाआधारमा समाजवादमा जान सकिने कार्यदिशा अपनाएपछि पार्टी चुनावीप्रक्रियाबाटसरकारमापुगेको थियो। कुनै कम्युनिस्ट पार्टी सरकारमा जानुले सत्तालाई आफैँमासर्वहारावर्गको अधिनायकत्वमा लान सक्दैन, क्रान्तिकारी पार्टी सरकारमा पुगे पनिसत्तामा भने बुर्जुवावर्गको अधिनायकत्व कायम हुन सक्छ । पुरानो बनिबनाउ बुर्जुवासत्ता पूर्ण रूपमा ध्वस्त वा नयाँमा रूपान्तरण नगरीकन बुर्जुवावर्गको अधिनायकत्वभित्रसर्वहारावर्गको सरकार टिकिरहनु सम्भव हुँदैनथ्यो र त्यो चिलीमा सम्भव भएनपनि । जतिबेला क्रान्तिकारी सरकारले सत्ताका संयन्त्रहरूलाई परिवर्तन गर्न खोज्यो,साम्राज्यवादी र पुँजीवादीहरूका दलालहरू रहेको चिलीको सेना, प्रशासन तथावित्तीय संस्थाहरूको आडमा त्यहाँको सेनाले अमेरिकी साम्राज्यवादको निर्देशनमाकम्युनिस्ट आन्दोलनमाथि दमन चलायो र ठूलो नरसंहारको थालनी गऱ्यो । चिलीमाचलाइएको आमहत्यामा चिलीका करिब एक लाख जनताको हत्या गरिएको विश्वासगरिन्छ ।

चिलीमा त्यहाँको पार्टीले अख्तियार गरेको संशोधनवादी कार्यदिशालेअन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा अत्यन्त महँगो पाठ सिकाएको छ । चिलीमात्यहाँका क्रान्तिकारीहरू तथा आमजनतामाथि गरिएको नरसंहार अभियानले माओलेभन्नुभएको सत्यलाई अरू स्पष्ट पारेको छ- आफ्नो सेना नभएको जनतासँगआफ्नो भन्ने केही हुँदैन ।

इन्डोनेसियामा कम्युनिस्ट पार्टी इन्डोनेसिया पीकेआईको नेतृत्व सन् १९५१देखि सन् १९६५ को ३० सेप्टेम्बर आन्दोलन अथवा गेराकान ३० सेप्टेम्बरसम्म कमरेडआइदितले गरेका थिए । उनको नेतृत्वमा रहेको कम्युनिस्ट पार्टी पीकेआईले त्यहाँकोराष्ट्रवादी शक्तिसँग संयुक्त मोर्चा गरी सरकारसमेत बनायो । सरकारमा जानुअघिकम्युनिस्ट पार्टी आमजनतामा जति प्रख्यात थियो सर्वहारा अधिनायकत्वबिनात्यो बचाइराख्न पार्टीका लागि सम्भव थिएन किनभने त्यहाँ सर्वहारावर्गकोअधिनायकत्वबिना मुलुक स्वाधीन हुन सक्दैनथ्यो । आर्थिक, राजनीतिक, सामाजिकपरिवर्तन हुन सक्दैनथ्यो । तमाम जातजाति र भाषाभाषीका समस्या पनि समाधानहुन सक्दैनथ्यो । फलस्वरूप, त्यहाँको कम्युनिस्ट पार्टी पीकेआईले एउटा सशस्त्रविद्रोह गर्ने निर्क्योल गऱ्यो, जनताको आफ्नो फौजी सङ्गठनबिना गरिएको विद्रोहकेवल आफ्नै लागि मात्र घातक रहेन, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा समेतधक्का दिन पुग्यो ।

सन् १९६५ को आमहत्यापछि बचेका क्रान्तिकारीहरूले स्थितिकोमूल्याङ्कन गरेका छन् । उनीहरूले भनेका छन्- पीकेआईले क्रान्तिकासन्दर्भमा मार्क्सवाद-लेनिनवादका आधारभूत मान्यताहरूको परित्याग गरेकै कारण३० सेप्टेम्बरको घटना हुन पुगेको थियो । ती क्रान्तिकारीहरूले इन्डोनेसियाकोसंशोधनवादका सन्दर्भमा यस्तो भन्ने निष्कर्ष निकालेका थिए :

१. सेप्टेम्बर ३० को घटना आन्दोलन नभई वाम दुस्साहसवाद थियो ।
२. पार्टीले रणनीतिक र कार्यनीतिक प्रश्नहरूमा सैद्धान्तिक र व्यावहारिक गल्तीहरूगरेको थियो ।
३. पार्टी मुख्यतया वाम अवसरवाद-संशोधनवादको प्रतिरूपका रूपमा विकासभएको थियो ।
४. इन्डोनेसियामा संशोधनवादको विकास भयो ।

३० सेप्टेम्बरको घटना वाम दुस्साहसवाद थियो भन्ने सन्दर्भमा त्यो दस्तावेजमाभनिएको छ, ‘जी-३०-एसको प्रक्रिया वाम दुस्साहसवाद नै थियो । सुरुदेखि नै यसलेबुर्जुवाहरूको प्रक्रियाको नक्कल गरेको थियो । यो मूलतः ट्राट्स्कीवादी षड्यन्त्र रआतङ्कमा टिकेको थियो र यसले देशभक्त फौजलाई फाँसीको स्थितिमा छाड्योजुन दोस्रो उलटभन्दा बढी हुनुहुँदैनथ्यो ।’

त्यस्तैगरी, पार्टीले रणनीतिक र कार्यनीतिक क्षेत्रमा सैद्धान्तिक र व्यावहारिकगल्तीहरू गरेको थियो भन्ने सन्दर्भमा उल्लेख गरिएको छ, ‘मार्क्सवादी-लेनिनवादीरणनीति, जुन सर्वहारा क्रान्तिको मुख्य विज्ञान हो यसलाई लामो समयदेखि पार्टीनेतृत्वले परित्याग गरेको थियो । यसैको पराकाष्टाका रूपमा जी-३०-एस देखियो ।पार्टीको दोस्रो अन्तर ाष्ट्रियदेखि मुख्यतः यी १५ वर्षहरूमा पार्टी नेतृत्व समग्र रूपमारणनीति र कार्यनीतिको तय गरेको छैन र यी दुवै पक्ष एकअर्कामा छुट्टाछुट्टै भएकाकारण कमजोर देखिन्छन् ।

पार्टी नेतृत्वले संसद् उपयोग गर्ने नीति मात्र एउटा प्रमुख विचलन थिएन तरयसको प्रयोगका बारेमा दिएको अतिशयोक्तिपूर्ण अर्थ, सबै ध्यान, शक्तिलाई संसदीयसङ्घर्ष र शान्तिपूर्ण आन्दोलनका पक्षमा भएका अभिव्यक्ति प्रमुख समस्या थिएजसलाई सङ्घर्षको मुख्य स्वरूप ठानियो ।

जी-३०-एसको जबर्जस्त विद्रोहपछि जब संसदीय सङ्घर्षको रूप देखापऱ्योपार्टी नेतृत्वले आफ्नो सोचाइ गुमायो र सङ्घर्षलाई ठीक ढङ्गले नेतृत्व दिन सकेन ।

कार्यनीति रणनीतिको भाग हुनुपर्छ । कानुनी, संसदीय र सुधारवादी कामकोसार क्रान्तिको निश्चित समयसम्म रणनीति परिवर्तन हुँदैन तर कार्यनीति रणनीतिकोसहयोगी नीति भएका कारण क्रान्तिको उतारचढावसँगै यो पटकपटक परिवर्तनगरिनुपर्छ ।’

त्यस्तैगरी, पार्टीभित्रको वाम अवसरवाद संशोधनवादमा कसरी परिणत भयोभन्ने सन्दर्भमा भनिएको छ, ‘संशोधनवादले पार्टी नेतृत्वलाई पूरै यसरी प्रभावमा पाऱ्यो- उसको भ्रमले पार्टी नेतृत्वलाई राज्यसत्ता सशस्त्र शक्तिबाट नभई शान्तिपूर्णतरिकाले मात्र लिन सकिन्छ भन्ने कुरा नै पार्टीको आमआधार बनायो ।’

इन्डोनेसियामा संशोधनवादको विकास कसरी भयो भन्ने सन्दर्भमा त्योदस्ताबेजमा भनिएको छ, ‘इन्डोनेसियामा सचेततापूर्वक वर्गसङ्घर्ष त्यागियो । शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन गर्ने भन्ने विषयका सबै आधारभूत प्रक्रियालाईअगाडि सारियो ।’

सन् १९७० को दसकमा मलेसियामा क्रान्तिकारी आन्दोलनको ज्वालादन्किएको थियो । कम्युनिस्ट पार्टी मलेसियाको स्थापना भएपछि त्यहाँका आमजनतामा उत्साह छाएको थियो तर सन् १९७६ मा माओको निधन र महान् सर्वहारासांस्कृतिक क्रान्तिको विश्रामपछि मलेसियाको क्रान्तिकारी आन्दोलनले समेत विश्रामलिन पुग्यो । मलाय कम्युनिस्ट पार्टी सन् १९३० मा स्थापना गरिएको थियोर यो पार्टीले मलाय राष्ट्रिय मुक्ति सेनाको निर्माणसमेत गरेको थियो । मलायराष्ट्रिय मुक्ति सेनाले बेलायती साम्राज्यवादका विरुद्ध समयसमयमा भीषण युद्धहरूलड्यो तर त्यो पार्टीका नेता लाई तेको आत्मसमर्पणवादी कार्यनीतिका कारण सन् १९४५ मा बेलायती साम्राज्यवादीहरूसँग सहअस्तित्वको नीति अख्तियार गऱ्यो । पछिजानकारीमा आयो- लाई ते बेलायती साम्राज्यवादीहरूको पार्टीभित्रको गुप्तचरथियो र उसलाई कारबाही गरेपछि चीन पेङको नेतृत्वमा सन् १९४८ र सन् १९५८मा बेलायती साम्राज्यवादका विरुद्ध राष्ट्रिय मुक्तियुद्ध लड्यो तर मलेसियाकोनेतृत्वमा देखापरेको राजनीतिक अकर्मण्यता र पार्टीको सुधारवादी तथा संशोधनवादी कार्यदिशाका कारण भीषण वर्गसङ्घर्षको प्रक्रियाबाट अगाडि बढेको पार्टी भए पनित्यसले अन्ततः सन् १९८९ मा त्यहाँको सरकारका अगाडि आत्मसमर्पण गर्न पुग्यो रत्यो पार्टी एउटा वैधानिक बुर्जुवा पार्टीका रूपमा पतन हुन पुग्यो ।

महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावका कारण फिलिपिन्समा पनि सन् ६० को दसकमा सशस्त्र युद्ध चलेको थियो । तानशाह रामोसका विरुद्ध त्यहाँकोपार्टीले राष्ट्रवादी बुर्जुवा एकिनोसँग संयुक्त मोर्चा खडा गऱ्यो । तानशाह रामोसकोअन्त्यपछि फिलिपिन कम्युनिस्ट पार्टीका संस्थापक अध्यक्ष प्रोफेसर जोसे मारियासिसोनलाई गिरफ्तार गरी कडा एकान्तवासमा राखियो । सिसोनको रिहाइपछिपार्टीले सङ्गठनभित्र पैदा भएको सुधारवादका विरुद्ध वैचारिक सङ्घर्ष चलाउँदैशुद्धीकरण अभियान चलायो । अहिले फिलिपिन्स कम्युनिस्ट पार्टीले छापामार युद्धचलाइरहेको छ ।

क्रान्तिकारी पार्टीभित्र पैदा हुने संशोधनवादी धारका कारण तमाम क्रान्तिकारीआन्दोलनहरूले नोक्सान बेहोर्नुपरेका इतिहास प्रसस्त पाइन्छन् । टर्की कम्युनिस्टपार्टीको प्रश्न होस् वा भारतीय कम्युनिस्ट पार्टीको, बङ्गलादेशको क्रान्तिकारीआन्दोलनको प्रश्न होस् वा श्रीलङ्काको क्रान्तिकारी आन्दोलनको, सबै देशहरूमासंशोधनवादका विरुद्धको सङ्घर्षबिना कुनै पनि स्थानहरूमा क्रान्तिकारी नेतृत्व रक्रान्तिकारी आन्दोलनको विकास हुन सकेको छैन । टर्कीमा इब्राहिम काइप्पाकाया, भारतमा चारुमजुमदार, बङ्गलादेशमा सिरज सिकन्दर तथा श्रीलङ्कामासन-मुगथासनको नेतृत्व र उहाँहरूको नेतृत्वमा चलेका क्रान्तिकारी आन्दोलनहरूसंशोधनवादका विरुद्धको सङ्घर्षका परिणामहरू हुन् ।

नेपालमा पनि संशोधनवादको प्रभाव खुला र छद्म दुबै रूपमा देखापर्छ । एमालेको संशोधनवाद खुला रूपमा देखापर्छ भने मोहनविक्रम सिंहको संशोधनवादछद्म रूपमा । चीनमा भएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति तथा ख्रुस्चोभीसंशोधनवादका विरुद्ध माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले चलाएको महान्बहसले नेपालको क्रान्तिकारी आन्दोलनमा पनि प्रत्यक्ष असर पार्नु स्वाभाविक हुन्थ्यो ।यसको परिणाम सन् १९४९ मा स्थापना भएको कम्युनिस्ट पार्टीभित्र सन् ६० र सन् ७०को दसकमा सैद्धान्तिक र राजनीतिक विषयमा गम्भीर बहस चल्यो जसको परिणामनेपालको कम्युनिस्ट आन्दोलन विभिन्न समूहमा विभक्त भएको कुरा स्पष्ट छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) एमालेको दक्षिणपन्थी संशोधनवाद,मोहनविक्रम समूहको जडसूत्रीय नवसंशोधनवाद तथा अन्य समूहहरूका विभिन्न रूपर रङका संशोधनवादी धारका विरुद्धको तीव्र वैचारिक सङ्घर्ष र समाजमा विद्यमानभीषण वर्गसङ्घर्षको बीचबाट विकास हुँदै आएको छ । हाम्रो पार्टीले अत्यन्त प्रतिकूल विश्वपरिस्थितिमा पनि महान् जनयुद्धमा एकपछि अर्कोगरी सफलता हासिल गर्दै आयो । यसबीचमा हामीले मार्क्सवाद-लेनिनवाद-माओवादमा नयाँ विकास गरेका छौं र यो विचारलाई नयाँउचाइमा संश्लेषण गर्न आवश्यक भइसकेको छ । आधुनिक संशोधनवाद जसलेकार्यनीतिको आवश्यकता भन्दै सुधारवादको मुखौटोसहित पार्टीभित्र घुस्ने काम गर्दछत्यसले क्रान्तिकारी आन्दोलनलाई सुधारवादतिर लैजाने खतरा पनि त्यत्तिकै रूपमारहेको छ ।

आधुनिक संशोधनवाद वा सुधारवाद नयाँ नयाँ तर्क र बहसका साथ अगाडिआइरहेको छ । आधुनिक संशोधनवादको व्यवस्थित विश्लेषण आधुनिक संशोधनवादीहरूमाइकल हार्डिट र एन्टोनियो नेग्रीले साम्राज्य ‘इम्पायर मल्टिच्युड’ भन्ने पुस्तकमाआधुनिक साम्राज्यवादका विशेषताहरूलाई राम्रोसँग खुलासा गरेका छन् । सुधारवादकोआम विशेषता युरोपियन कम्युनिज्मदेखि युरो कम्युनिज्म, बर्नस्टिनदेखि एमालेसम्मका संशोधनवादीहरूसम्म एकैनास रहँदै आएका छन्, वर्गसङ्घर्षको परित्याग, वर्गसमन्वयप्रतिको मोह, क्रान्तिकारीहरूप्रतिको शत्रुता, क्रान्तिविरुद्ध षड्यन्त्र र छलछाम आदि । सुधारवादका आमविशेषताहरू हार्डिट र नेग्रीहरूमा पनि देख्नसकिन्छ । साम्राज्य ‘इम्पायर’ सन् २०००, बृहत् ‘मल्टिच्युड’ सन् २००४ मा उनीहरूले साम्राज्यवाद अब साम्राज्यवाद नरहेर केवल साम्राज्य रहेको र वर्गसङ्घर्षबिना नैराष्ट्र राज्यहरूको अन्त्य र एक विश्व हुने कुरा बताइरहेका छन् । हार्डिट र नेग्रीकोसंशोधनवादले अब वर्गसङ्घर्ष होइन, वर्गसङ्घर्षबिना नै साम्राज्यवादको विकास प्रक्रियाबाटै समाजवादी समाजमा आधारभूत रूपले रूपान्तरण हुने कुरा पत्ता लगाएको कुरा इम्पायर र मल्टिट्युडमा विश्लेषण गरेका छन् । इम्पायरमा उनीहरूले तर्कगरेका छन्, ‘साम्राज्य भनेको साम्राज्यवादभन्दा पर पुँजीवादको नयाँ युगमा प्रवेश हो जहाँ लेनिनले प्रतिपादन गर्नुभएका साम्राज्यवादी युगका विशेषताहरू लागू हुँदैनन् ।

विशेषतः राष्ट्र राज्य ‘नेसन स्टेट’ को भूमिका यो युगमा अत्यधिक मात्रामा घटेकोछ । साम्राज्य भनेको विश्वमै कुनै पनि ठाउँ नछाडीकन पुँजीवादी सम्बन्ध लादिएकोव्यवस्था हो । उत्पादन र सञ्चारको सम्बन्ध संसारभर एकापसमा कसरी जोडिएका छन् भने जो विगतमा कहिल्यै कल्पना गर्न सकिँदैनथ्यो । यसबाट नयाँ मजदुर उदाएको छ जसबाट नयाँ वर्गको उदय हुँदै गएको छ । विश्वका गाउँहरूमानाटकीय परिवर्तनहरू भएका छन् । अहिलेको साम्राज्यवादी व्यवस्थामा कुनै केन्द्रवा केन्द्रहरू छैनन् ।’ हार्डिट र नेग्रीको संशोधनवाद पनि ठीक त्यही किसिमलेअभिव्यक्त हुन्छ जसरी जर्मनीमा काउत्स्की, रुसमा ट्राट्स्की र बुखारिन, चीनमा छनतुस्यू र देङ सियाओपिङबाट उपरिसंरचनाबाट अलग आर्थिक आधारको विकास रउत्पादन सम्बन्धबाट अलग उत्पादक शक्तिको विकासको सिद्धान्त अगाडि सारिएकोथियो । त्योभन्दा अगाडि हार्डिट र नेग्री भन्दछन्- इम्पायरमा ‘उत्पादक शक्तिउत्पादन सम्बन्धसँग विलय हुनेछ ।’ आधुनिक संशोधनवादले उत्तरआधुनिकतावादी मान्यतालाई सीधै अँगाल्दछ र साम्राज्यवादी विश्वव्यवस्थालाई साम्राज्यका रूपमाग्रहण गर्दछ ।

सुधारवाद वा संशोधनवाद क्रान्तिकारी आन्दोलनको एउटा विशेष उपजहो । जब क्रान्तिकारी आन्दोलनमा कठिनाइहरू पैदा हुन्छन् जब आन्दोलनले नयाँकार्यदिशा र कार्यनीतिको माग गरिरहेको हुन्छ जब पार्टीभित्र वैचारिक, राजनीतिक रसङ्गठनात्मक एकता कमजोर हुन थाल्दछ त्यही अवस्थामा पार्टीभित्रैबाट सुधारवादवा संशोधनवाद पैदा हुने खतरा रहन्छ । सुधारवाद क्रान्तिकारी आन्दोलनभित्रसिर्जनात्मकताको पर्दाभित्र पैदा हुने वैचारिक समस्या पनि हो । यसको नवीनतमदृष्टान्त पेरूको आन्दोलनमा देख्न सकिन्छ । अध्यक्ष गोन्जालोको गिरफ्तारीपछित्यहाँको पार्टी पीसीपीको एउटा हिस्साले आसुमिर दस्ताबेजका नाममा आत्मसमर्पणका ११ बुँदा अगाडि सारेको थियो । त्यसले क्रान्तिकारी युद्धको अन्त्य, जनमुक्ति सेनाकोविघटन, हतियार सरकारलाई बुझाइदिनुपर्ने, पार्टीको विघटनलगायत मागहरूअगाडि सारेको थियो ।

नेपालको क्रान्तिकारी आन्दोलन अहिले एउटा गम्भीर घुम्तीमा आइपुगेको छ । वस्तुगत अवस्थाका हिसाबले आन्दोलन रणनीतिक प्रत्याक्रमणमा रहेको छ भनेकार्यनीतिका हिसाबले हामी वार्ता र कूटनीतिको समायोजनको अभ्यास गरिरहेका छौं ।नेपाली समाजको सङ्क्रमणकालीन चरित्रका कारण पनि यो सुधारवादी प्रवृत्तिकोविकास हुन अत्यन्तै अनुकूल अवस्था हो । इतिहासमा देखापरेका सुधारवादका विभिन्नप्रवृत्तिहरूको अध्ययन र आँकलन गर्दै आन्दोलनको विशिष्ट अवस्थामा पैदा हुनेसुधारवादका विरुद्ध हाम्रो पार्टीले ऐतिहासिक मुकाबिला गर्ने कुरा स्पष्ट छ । नेपालीकम्युनिस्ट आन्दोलनमा आमरूपमा जनसमुदाय यो कुरामा चिरपरिचित रहेका छन्- विगतमा संशोधनवादी नवसंशोधनवादी, ट्राट्स्की तथा बुखारिनवादीहरूले ठीकत्यसैगरी भन्ने गर्दथे- माओवादी क्रान्तिकारीहरूबाट अनावश्यक रूपमा त्रसितहुनु पर्दैन । केही समयभित्र उनीहरूलाई पूर्ण नियन्त्रणमा लिइनेछ । जस्तो इटलीमात्यहाँका समाजवादी पार्टीका संशोधनवादी नेता तुराती र उनका मण्डलीहरूबाटभन्ने गरिन्थ्यो- ‘क्रान्तिकारी खतरा यति धेरै छैन इटलीमा निराधार चिन्तालिनु परोस् ।’ तुरातीले बेलायतको एउटा पत्रिकालाई अन्तर्वार्ता दिँदै भनेका थिए,‘म्याक्सिमालवादीहरूले जनतालाई केवल जागृत र उत्तेजित बनाउन सोभियतसिद्धान्तको आगोमा पङ्खा हम्किरहेका छन् । तथापि यो सिद्धान्त शुद्ध पौराणिकधारणा मात्र हो, यस्तो अपरिपक्व कार्यक्रम हो जो व्यवहारमा उपयोगयोग्यछैन ।’ संशोधनवादको यो भद्दा नमुना इटालीको समाजवादी पार्टीका तुरातीमात्यत्तिकै भेटिन्थ्यो जति आज माओवादी एकताका नाममा पार्टीको पहिचान माओवादजो माओवादी सिद्धान्त केवल केही ‘जडसूत्रवादी’, केही ‘सङ्कीर्णतावादी’ हरूकोक्रान्तिकारी भावनामा पङ्खा लगाउन साधन मात्र बनेको छ त्यसको अन्त्य गर्न कुनैबार नलाग्ने केही व्यक्तिहरूले ठान्दछन् ।

संशोधनवाद जति नयाँ रङ र ढङ्गसँग समायनुकूल प्रस्तुत भए पनिउसको वास्तविक चरित्र एकै हुने गरेको पाइन्छ त्यो हो क्रान्तिकारी मूल्य रमान्यताबाट आत्मसमर्पणवाद । इटलीका पाल्मिरो तोलियाटी र फ्रान्सका मोरिस थोरेजआत्मसमर्पणका भद्दा नमुनाहरू हुन् । हामीलाई फेरि लेनिनको भनाइ सम्झना हुन्छ- क्रान्तिकारी कार्यदिशा सही वा गलत हुने कुराले सबै कुराको फैसला गर्दछ । त्यसमामाओले थप्नुभएको वाक्यांशले अझ संवेदनशील बनाउँछ- कार्यदिशा सही छ भनेआफूसँग नभएका चीजहरू प्राप्त हुन्छन् र त्यो गलत छ भने आफूसँग भएका सबैचीजहरू पनि गुम्नेछन् । इटलीका कम्युनिस्ट नेता तोलियाटीको नेतृत्वमा कम्युनिस्टआन्दोलन यति सशक्त थियो- इटालियन जनसेनाले मुसोलिनीको दम तोडेकोथियो तर बुर्जुवावर्गसँगको उनको वर्गसमन्वयवाद वा निम्नबुर्जुवा उदारतावादलेबुर्जुवावर्गले स्वयम् जनसेनाको दम तोडिदियो । आज तोलियाटीसँग जोडिएकोइटलीको कम्युनिस्ट आन्दोलन अतीतको कथा बनेको छ र नयाँ क्रान्तिकारीहरूकालागि पुस्तकालयका सन्दर्भ सामग्री बनेको छ । फ्रान्सका क्रान्तिकारी आन्दोलनकाहिरो मोरिस थोरेज जबसम्म अनुकूल अवस्था थियो, उनी नेता थिए र जब प्रतिकूलअवस्था आयो उनले जीवनको भीग मागेका थिए ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवाद आन्दोलनको एक अपरिहार्यअङ्ग बन्दै आएको छ । यस प्रवृत्तिसँगको भीषण वैचारिक राजनीतिक एवम्सङ्गठनात्मक सङ्घर्षले मात्र देशमा क्रान्तिकारी आन्दोलनको विकास सम्भवहुँदै आएको छ । नेपालको क्रान्तिकारी आन्दोलनका लागि विश्वका नकारात्मकशिक्षाहरू, संशोधनवादी अनुभवहरूले क्रान्तिकारी दर्शन र विज्ञानमा अडिग रहनएउटा नकारात्मक दृष्टान्त निश्चित रूपले दिनेछन् जसरी त्यसका विरुद्ध मार्क्स,एङ्गेल्स, लेनिन, स्टालिन र माओका भीषण वैचारिक एवम् राजनीतिक सङ्घर्षहरूलेसकारात्मक शिक्षा दिने गरेका छन् ।

**स्रोत : समकालीन विश्व कम्युनिस्ट आन्दोलन**

# कथित मदन पुरस्कारको हरियो घाँस



अशोक सुवेदी

गतसाता कथित मदन पुरस्कारसम्बन्धी एउटा समाचारले प्रगतिशील र प्रगतिवादी वृत्तमा सनसनी नै मच्चाइदियो। सन्दर्भ थियो- कथित मदन पुरस्कार गुठीले मार्क्सवादी सौन्दर्यचिन्तक एवम् समालोचकसमेत रहेका नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' को हिमाली दर्शननामक पुस्तकलाई उक्त पुरस्कारको सूचीमा समावेश गराएको समाचार विभिन्न सञ्चारमाध्यममा प्रकाशित हुनु।

कथित मदन पुरस्कार के हो, यो किन र कोबाट सञ्चालित छ भन्ने विषयमा नेपालको प्रगतिशील तप्का अनभिज्ञ छैन तर पनि यसले बेलाबेलामा यस्तो हरियो घाँस फ्याँकेर प्रगतिशील तथा प्रगतिवादी स्रष्टाहरूलाई समेत भ्रमजालमा पारिरहन्छ । यो उसको षड्यन्त्र र चाल हो । कथित कम्युनिस्ट नामको सरकार बनेको समयमा उसले आफ्नो कालो र धमिलो छवि सुधार्न पनि यो प्रपञ्च रचेको हुनसक्छ । सञ्चारमाध्यममा मोहन वैद्यको पुस्तक सूचीमा राखिएको सन्दर्भ आउनासाथ यो स्तम्भकारले कथित मदन पुरस्कारबारे केही समयअघि नै लिखित तथा प्रकाशित एउटा छोटो समीक्षा ईरातोखबरडटकममा प्रकाशित भएपछि एउटा शक्तिशाली बहस नै उठ्यो र कमरेड मोहन वैद्यले आफू त्यो प्रक्रियामा सामेल नै नभएको अन्तर्वार्ता दिनुभयो। यो समीक्षा त्यही बहसपछि उठेको तरङ्गको एक अंश हो र यसमा पूर्वप्रकाशित लेख समावेश गरिएको छ।

बहस आरम्भ गर्दै उक्त लेखमा मैले लेखेको थिएँ : नेकपा क्रान्तिकारी माओवादीका महासचिवसमेत रहेका मार्क्सवादी सौन्दर्यचिन्तक क. मोहन वैद्य 'किरण' को 'हिमाली दर्शन' पुस्तकको नाम कथित मदन पुरस्कार प्राप्त गर्न छानिएका आठ कृतिको सूचीमा परेको सुनेपछि केही समयअघि नै लेखिसकिएको यो लेख यहाँ प्रकाशन गरिएको हो। यसका तथ्याङ्कहरू पनि पुरानै हुन्। तथ्यहरूले के देखाउँछन् भने यो कुनै सम्मानजनक पुरस्कार होइन। कुनै समयका प्रगतिशील साहित्यकार श्यामप्रसाद शर्मा र मोदनाथ प्रश्रितहरूले यस्तै बदनाम पुरस्कार थापेपछि प्रगतिशील आन्दोलन नै विवादित बनेको थियो । त्यसैले पूर्वसावधानीका लागिसमेत यो लेख प्रकाशित गरिएको हो- लेखक।

बहस आरम्भ भएपछि सामाजिक सञ्जाल फेसबुकमा एचएम दुःखी नामका व्यक्तिले लेखेका थिए- स्टाटस अलिकति लामो भएकाले कृपया पढेर मात्रै लाइक वा कमेन्ट गरिदिनुहोला।

मदन पुरस्कार र हिमाली दर्शनबारे

आजको नयाँ पत्रिकालगायत केही अनलाइनहरूमा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव कमरेड मोहन वैद्यद्वारा रचित हिमाली दर्शनलाई मदन पुरस्कार गुठीको पुरस्कार छनोट समितिबाट पुरस्कारका लागि छनोटको सूचीमा पारेको भनेर समाचार प्रकाशित भयो । यो समाचार प्रकाशित-प्रसारित भएपछि यसले निकै ठूलो तरङ्ग पनि ल्यायो। सामाजिक सञ्जाल समर्थन र विरोधमा रञ्जिए, रञ्जिइरहेका छन् । यस विषयमा स्वयम् उक्त हिमाली दर्शन कृतिका लेखकबाट कुनै प्रतिक्रिया आएको पनि छैन। सामाजिक सञ्जालमा सकारात्मक-नकारात्मक टिप्पणीमा सामाजिक सञ्जालमै सवालजबाफ पनि भइरहेका छन्।

यसबारेमा मलाई के लाग्छ भने यो विषय यति धेरै 'उठापटक्की' गर्नुपर्ने कुरा नै होइन। पहिलो कुरा त मदन पुरस्कार गुठीले उक्त हिमाली दर्शनलाई पुरस्कार दिनका लागि अन्तिम छनोटमा पारेकै छैन । अहिले केही सय किताबहरूबाट आठवटा छनोट गरेको छ र उक्त कृतिलाई आठौं नम्बरमा पारेको छ । अब आठवटाबाट एउटा छनोट गर्नुपर्ने हुन्छ । त्यतिबेला यो कृति छनोट नहुन पनि सक्छ। यो कृति छनोट हुँदैन भन्ने पहिलो आधार त तुलनै गर्न नमिल्ने पुस्तकहरूसँग तुलना गरेर आठौं नम्बरमा पार्नुले नै यस कृतिलाई उक्त गुठीले कति महत्व दिएको छ भन्ने कुरा प्रस्ट भइसकेको छ। दोस्रो कुरा मलाई विश्वास छ, कमरेड किरणले पुरस्कारको याचना गर्दै निवेदन हालेर यो छनोटको सूचीमा परेको कुरा पनि होइन। उहाँसँगको पार्टीजीवनको सहकार्यले म यति कुरा दाबीका साथ भन्न सक्छु । तेस्रो कुरा पुरस्कारका लागि अन्तिम छनोटमा परी नै हालेछ भने पनि उक्त पुरस्कार लिन हुने कि नहुने भन्ने निर्णय गर्ने अधिकार स्वयम् कमरेड किरणमा सुरक्षित रहन्छ। उहाँको प्रतिक्रिया आएपछि मात्रै बाँकी पाठक, दर्शक, शुभेच्छुक, समर्थक, उहाँ सम्मिलित पार्टी र सङ्गठनले प्रतिक्रिया दिने कुरा हुन्छ।

जहाँसम्म उक्त पुस्तक मदन पुरस्कार गुठीसम्म केकसरी पुग्यो होला भन्ने कुरा छ, हिमाली दर्शन साझा प्रकाशनबाट प्रकाशित पुस्तक हो । साझा प्रकाशनले विभिन्न लाइब्रेरीहरूमा पठाउन सक्छ र पठाउनु पनि पर्छ। कुनै पनि पुस्तक प्रकाशित हुनु भनेको आमपाठकमा पुऱ्याउने कुरा नै हो। मार्क्सवादी पुस्तकहरू पनि विभिन्न भाषामा प्रकाशित भएर आमपाठकमा नपुगेको भए हामीले कसरी पढ्न सक्थ्यौं र ? हिमाली दर्शन पनि सकेसम्म विभिन्न भाषामा प्रकाशित भएर संसारैभरि फैलियोस्, यो त राम्रो कुरो हो । अध्ययन गरिसकेपछि समर्थन र विरोधको कुरा त उसको विचारधाराले निर्धारण गर्ने कुरा हो। सबैले पढ्नका लागि त सबै ठाउँमा पुस्तक पुग्नुपर्ने हुन्छ । त्यसै आधारमा मदन पुस्तकालयमा पुस्तक पुऱ्याइनु पनि कुनै गलत कुरा होइन, बरु ठीक कुरा हो । पुरस्कारका लागि छनोटको सूचीमा राख्ने कुरा उनीहरूको उद्देश्यमा निर्भर रहन्छ।

मैले बुझेसम्म मदन पुरस्कार गुठीको लक्ष्य र उद्देश्य भनेको मार्क्सवादी दर्शन, साहित्य र कलाको संवर्द्धन गर्नु होइन, बरु त्यसको विदुपीकरण गर्नु हो। अझ माओवाद र जनयुद्ध भनेको कुरा त उसका लागि वर्गशत्रु नै हो । यसलाई त जसरी हुन्छ 'नेस्तनाबुद' गर्नैतिरै यो संस्था लागिपर्छ । मेरो जानकारीमा आएसम्म अहिलेसम्म मालेमावादी कृति वा लेखक उक्त पुरस्कारबाट पुरस्कृत भएका छैनन्। पारिजातको शिरीषको फूल र मोदनाथको मानव महाकाव्य गैरमार्क्सवादी साहित्यभित्रका तत्कालीन समयका उत्कृष्ट कृति भएकाले पुरस्कृत भएका हुन्। जतिबेला पारिजात र मोदनाथ दुवै कम्युनिस्ट थिएनन्। हिमाली दर्शन कृतिमा पनि सोझो रूपमा हेर्दा माओवाद र जनयुद्धको कहींकतै झल्को आउँदैन, बरु यो पूर्वीय दर्शन र भारतीय दर्शनको चिरफारसहित तिनमा भएका भौतिकवादी चिन्तनधारा के-कसरी प्रविष्ट भएका छन् भनेर अनुसन्धान गरिएको छ। त्यसैले यो पुस्तक मार्क्सवादी तथा गैरमार्क्सवादी सबैले पढ्नैपर्ने दार्शनिक कृतिका रूपमा आएको छ। मदन पुरस्कारसँग जोडेर अनावश्यक 'उठापटक्की' गरी सामाजिक सञ्जालमा उखरमाउलो गर्नु जरुरी छैन । कथम् छनोटमा परी नै हालेछ भने स्वयम् लेखकको प्रतिक्रिया नबुझीकन कमरेड किरणका बारेमा अनावश्यक टीकाटिप्पणी गरेर समर्थन वा विरोध गर्नु वा उत्तेजित भएर प्रतिक्रिया दिँदै कमरेड किरणलाई विवादमा तान्ने कोसिस कम्तीमा बौद्धिक व्यक्तिहरूबाट नगर्ने पो हो कि ?




त्यसपछि सामाजिक सञ्जालमै चक्रपाणि शर्माले लेखे, यस विषयमा धेरै बुझुक बनेर लेखकलाई विवादमा तान्न जरुरी छैन । पुरस्कारको निर्णय भएमा त्यो पुरस्कार लिने-नलिने विषय लेखकको अधिकारको कुरा हो । अहिले सबैलाई स्पष्टिकरण दिन आवश्यक छैन । नोबेल पुरस्कारसमेत लिन अस्वीकार गरेका तथ्य जगजाहेर छन्।

यसको प्रत्युत्तरमा एचएम दुःखीले लेखे, मेरो आसय लेखकलाई तान्नु वा उहाँबाट स्पष्टीकरणको माग गर्नु नभएर अनावश्यक विवादमा पार्न नलागौं भन्ने हो है कमरेड, बुझुक बनेको हैन है।

दुःखीको स्टाटसमा मोक्तानको टिप्पणी थियो, मदन पुरस्कारको छनोटमा पर्न लाइब्रेरीमा पुगेको भरमा हुँदैन । पुरस्कारको दाबीसहित निवेदन दर्ता भएपछि मात्रै छनोटप्रक्रियामा जान्छ । त्यसो हुनाले साझाले दर्ता गरेको पक्का हो । मुख्य प्रश्न भनेको दर्ता गर्दा लेखकको सहमति लिए कि लिएनन् भन्ने हो । हामी लेखकको जबाफ पर्खिरहेका छौं तर अन्तिम आठमा पर्नु अन्तिम छनोट नै हो। अब त्यसमध्येबाट एउटालाई दिने हो। आठौं नम्बरमा परेकाले पाउँदैनन् भन्ने कुरा तर्कसङ्गत हुँदैन। आठमध्ये जुनसुकैलाई दिन सक्छन्। उनीहरूले आफ्नो स्वार्थ र लेखकको चरित्रमाथि खेल्नु अन्यथा हैन। हेरौं के हुन्छ ?

त्यसपछि रोशन जनकपुरीले लेखे- सहमत।

मातृका नामका व्यक्तिले फेसबुकमा लेखे, हीरामणिजी, आठौं स्थानमा परेको आठौं नम्बरमा परेर होइनजस्तो लाग्छ तर किरण दाइले चाँडै बोल्न जरुरी छ। यति ढिलो नगरेकै राम्रो।

त्यसपछि हीरामणिले लेखे, होला तर मलाई त्यस्तै लागेर हो । म यसबारेमा धेरै जानकार छैन, छनोटको विधि के हो ?

उनको जबाफमा आईपी खरेलले लेखे, सहमत छु म । पुनः मातृकाले लेखे, हीरामणिजी, किरण दाइको सिग्नल पाए भने मदन पुरस्कार दिन्छन् पनि ! उहाँको विचार आउन ढिलो गर्नु हुँदैन । झनै विवाद बढ्न सक्छ।

यसको जबाफमा हीरामणिले लेखे, मेरो बुझाइमा उहाँले सिग्नल दिनुहुँदैन होला।

केपी घिमिरेले जबाफ दिँदै लेखे, हामीहरू, कमरेड किरणलाई साम्राज्यवादी, विस्तारवादी, तानाशाही, राजावादीहरू र कम्युनिस्ट नकाब ओढेका नकाबधारीहरूले सधैं दुस्मन नै देख्नु तर कमरेड किरणलाई विनीहरूले राम्रो भनेर आफ्नो आहालमा डुबाएको देख्न चाहँदैनौं। खगेश्वर भण्डारीको प्रतिक्रिया थियो, अरू त थाहा भएन सायद यो पुस्तक कुनै तुलनाका लागि लेखिएको हैन होला । त्यसपछि काजी गाउँलेले लेखे, मदन पुरस्कार छनोट समितिले पनि पढ्न जरुरी छ 'हिमाली दर्शन'। यसको प्रतिक्रियामा कृष्णराज अधिकारीले लेखे, क. किरणको लेखकीय व्यक्तित्वलाई मदन पुरस्कारले उठाउने होइन, खसाल्छ। उसले क. किरणलाई पुरस्कार दिएर उपयोग गर्न खोज्छ प्रचण्डलाई नईले पुरस्कार दिन खोजेभैं । त्यसैले बेलैमा सचेत रहनु जरुरी हुन्छ। अनि पुरस्कारका लागि निवेदन कसले, कसरी पुऱ्यायो त्यो पनि थाहा हुनुपर्छ।

यसै मेसोमा डा. जगदीश भण्डारीले लेखे, क.किरणले आफ्नो धारणा सार्वजनिक गर्नुहुन्छ नै । पर्खौं केहीबेर, कसो! फेरि मातृकाले लेखे, तर दाइ, चाँडै गराउँदा राम्रो हुन्थ्यो। बद्री बजगाईको प्रतिक्रिया थियो, सही विचार, सही टाइममा दुःखी कमरेडको। त्यसपछि आरएम डङ्गोलले लेखे, राजनीतिक र साहित्यिक दुवै वृत्तमा उहाँको प्रतिरोधी चेतनाको जुन व्यक्तित्व छ त्यसलाई क्षयीकरण गराउने प्रपञ्चबाट उहाँ बच्नुपर्छ।

फेसबुकमा यसप्रकारका कयौं टिप्पणी र प्रतिक्रियापछि नै कमरेड किरणले एक अन्तरवार्तामा आफू उक्त पुरस्कारको प्रतिस्पर्धामा नै नरहेको भनी स्पष्टिकरण दिनुभयो।

यो बहस जन्माउने लेख यसप्रकार रहेको छ :

आरम्भ

कुनै निश्चित प्रतियोगितामा भाग लिएर विजयी बन्ने वा उत्कृष्ट स्थान हासिल गर्ने व्यक्तिलाई पुरस्कार प्रदान गरिन्छ तर यसका लागि खुला र पारदर्शी ढङ्गले निश्चित विधा, विधि, प्रणाली तय गरिएको हुन्छ। यसमा तोकिएको क्षेत्रबाट योग्यता वा क्षमता पुगेका व्यक्तिहरू नियमसङ्गत ढङ्गले विधिवत् शैलीले प्रक्रियामा सामेल हुन्छन् र निर्णायकहरूले निष्पक्ष रूपले परीक्षा वा प्रक्रियामा सामेल भएकाहरूको प्रतिभा र क्षमतालाई निश्चित अङ्क प्रदान गरी पुरस्कारका लागि प्रस्ताव गर्छन्। पुरस्कार प्राप्त गर्नु र सम्मान/अभिनन्दन प्राप्त गर्नु फरक कुरा हुन्। पुरस्कार जोकसैले प्राप्त गर्न सक्छ तर सम्मान, अभिनन्दन, मानपदवी जोकसै र जस्तासुकै व्यक्तिले जुनकुनै मानिसले प्राप्त गर्न सक्तैनन्।

सामान्य अर्थमा पुरस्कार, सम्मान, अभिनन्दन, मानपदवीकुनै पनि व्यक्ति, व्यक्तित्व, कृति र कृतित्वको सम्मान र कदर हो। समाजमा कुनै राम्रो र अनुकरणीय काम गरेबापत राज्य र समाजले त्यस्ता व्यक्तिलाई प्रोत्साहन गर्न र समाजलाई नयाँ विचार र व्यवहार प्रदान गरेर अग्रगामी दिशामा डोहोऱ्याउन पुरस्कार र सम्मान प्रदान गर्ने प्रचलन छ। राजनीतिक, शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा समाजसेवाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्ति, व्यक्तित्व वा सिर्जनालाई पुरस्कृत गर्नु, अभिनन्दन गर्नु राम्रो कामको उचित सम्मान र थप नयाँ कामका लागि प्रेरणा दिनु हो । पुरस्कारले आर्थिक पक्षसमेत जोड्छ भने सम्मान र अभिनन्दनले आर्थिकभन्दा नैतिक सम्मानको पक्षलाई जोड दिन्छन्। उच्च र निःस्वार्थ भावनाका साथ प्रदान गरिने सम्मान, अभिनन्दन र पुरस्कारले व्यक्ति, व्यक्तित्व वा कृति र कृतित्वको गरिमा बढाउँछ भने निहित स्वार्थ राखेर गरिने सम्मान वा पुरस्कारले समाजलाई विकृत बनाउँछ।

उठान

नेपाली साहित्य-संस्कृतिको समृद्धि र श्रीवृद्धिका लागि कयौं पुरस्कार र सम्मान स्थापना गरिएका छन्। कयौं सम्मान र पुरस्कार निजी स्रोत र व्यवस्थापनबाट सञ्चालन गरिएका छन् भने कयौं संस्थागत र सरकारी स्तरबाट । श्रमिक वर्गबाट स्थापित कृष्णमणि पुरस्कार जस्ता कयौं सम्मान आज पनि उत्तिकै ओज बोकन सफल छन्। वर्गसमाजमा राजनीति, अर्थ, संस्कृतिजस्तै साहित्य पनि वर्गीय छ र यी क्षेत्रमा विभिन्न तप्काबाट राखिएका पुरस्कार र सम्मान पनि वर्गीय उद्देश्यबाट प्रेरित छन्। 'अन्तरमनको यात्रा' कृतिका लागि कथित 'मदन पुरस्कार' दिइएपछि एक टेलिभिजन अन्तर्वार्तामा उक्त कृतिका स्रष्टा जगदीश घिमिरेले यो लेखकसँग भनेका थिए, 'मदन पुरस्कार प्रगतिवादी स्रष्टालाई नदिइएको साँचो हो र नदिइनु उचित हो।'

अर्को प्रश्नको जबाफमा उनले भनेका थिए, 'के इच्छुक पुरस्कार जगदीश घिमिरेले पाउँछ ?' तुलनात्मक रूपमा प्रस्ट वक्ता घिमिरेको यो भनाइबाट पनि 'निष्पक्ष' भनेर थापिएका पुरस्कारका पसलहरूभित्र कति खतरनाक वर्गविरोधी योजना र षड्यन्त्रहरू हुँदा रहेछन् भन्ने बुझ्न कुनै कठिनाइ पर्दैन। सोही पुरस्कारको बदलास्वरूप दीक्षित परिवारले घिमिरेलाई कृष्णलाल अधिकारीको 'मकैको खेती' पुस्तक सम्पादन गर्न लगायो र इतिहासको भ्रष्टीकरण गऱ्यो । कुनै दिन मकैको खेती पुस्तक कृष्णलालले नै लेखेका हुन् भनेर समीक्षा गर्ने कमलमणि दीक्षितले घिमिरेलाई मोहरा बनाएर उक्त कृति साहित्यिक थिएन, कृषिसम्बन्धी हिन्दी पुस्तकको अनुवाद मात्र थियो भनेर इतिहासलाई उल्टो घुमाउने धृष्टता गरे। कृष्णलाल अधिकारीलाई मकैको खेती पुस्तक लेखेकोमा भोजराज कायस्थेको उजुरीमा चन्द्रशमशेर राणाले जेल हालेपछि उनै कमलमणिका हजुरबा राममणि आदीलाई बनारसबाट झिकाएर नेपाल भाषा प्रकाशिनी समितिको अध्यक्ष बनाउनुका साथै मकैको खेती पुस्तकको भ्रष्टीकृत स्वरूप नेपाली कृषि शिक्षावली भाग १ नामको पुस्तक राममणि आदीकै नाममा छपाएका थिए। घिमिरेलाई सम्पादक बनाएर निकालिएको कृष्णलालको मकैको खेतीनामक पुस्तक सोही कृषि शिक्षावलीको परिमार्जित रूपबाहेक केही होइन। दीक्षित एन्ड घिमिरे समूहको यो षड्यन्त्रको भण्डाफोर गर्दै 'नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती' पुस्तक सम्पादन/प्रकाशन गर्ने यस लेखकलाई दीक्षितले मुद्दा हाल्नेलगायत विभिन्न किसिमका धम्कीसमेत दिएका थिए । यस घटनाबाट पनि के प्रमाणित हुन्छ भने पुरस्कारभित्र कति ठूलो राजनीति र षड्यन्त्र लुकेको हुँदो रहेछ!

युद्धप्रसाद मिश्र र इच्छुक मात्र यस्ता सज्जन र वर्गप्रतिबद्ध स्रष्टा हुन् जसले कहिल्यै बदनाम पुरस्कार थापेनन् । दिवंगत प्रगतिशील स्रष्टा एवम् प्रलेसका संस्थापक श्यामप्रसाद लामिछाने शर्मालें वर्गविरोधी संस्थाले दिएको बदनाम पुरस्कार थापेकै कारण हिजो कुनै समयसम्म केही प्रगतिशील चरित्र बोकेको संस्था प्रलेसले नै विवादित बनेर फुट र बहिष्कारको पीडा खप्नु परेको थियो । मोदनाथ प्रश्रित पनि बदनाम पुरस्कार थापेकै कारण आजसम्म आलोचित छन् । यद्यपि प्रश्रित अहिले प्रगतिशील क्याम्पबाट पूरै बाहिरि इसकेका छन्।

सीताराम पुरस्कार, मोती पुरस्कार, लुनकरणदास चौधरी पुरस्कारलगायत यस किसिमका बदनाम पुरस्कार हुन्। यी पुरस्कारले धनीमहाजनको स्तुतिगान गर्न मात्र लगाउँदैनन्, पुरस्कार र धनराशिको मोहमा पारेर तिनले समाजमा गरेका अनैतिक क्रियाकलाप र लूटमाथि आँखा चिम्लिन बाध्य पार्छन्। प्रश्रितको 'गौंथलीको गुँड' काण्ड यसको राम्रो उदाहरण हो।

नेपाली साहित्यका क्षेत्रमा दीक्षित परिवारद्वारा सञ्चालित कथित मदन पुरस्कार गुठी र उक्त गुठीका नाममा दिइने कथित 'मदन पुरस्कार' पनि आफैंमा विवादित, यस्तै बदनाम संस्था र पुरस्कार हुन्। दीक्षित परिवारको जी-हजुरी गर्ने, तिनको गुनगान गाउने र मार्क्सवादका विरुद्ध योजनाबद्ध रूपमा लागेकाहरूले नै उक्त पुरस्कार नाउँको यो हरियो घाँस पाउने गरेको इतिहास कतैबाट छिपेको छैन । मार्क्सवादी बन्नुपूर्वका पारिजात र मोदनाथ प्रश्रितको नाउँ हटाइदिने हो भने यो हरियो घाँसको टाट्नामा बाँधिनेहरू सबै कम्युनिस्टविरोधी मात्र छन् र कथित मदन पुरस्कार पाएका कृतिहरू मार्क्सवादविरुद्ध, प्रतिगमनका पक्षधर र यथास्थितिवादी मात्र छन्।

२०७२ सालअघि यो घाँस थाप्ने तीन व्यक्ति र कृतिका बारेमा मार्क्सवादी समालोचक गुणराज लोहनी भन्छन्, 'नारायण वाग्लेको उपन्यास 'पल्पसा क्याफे', महेशविक्रम शाहको कथासङ्ग्रह 'छापामारको छोरो' र राधा पौडेलको एउटी नर्सको डायरी 'खलङ्गामा हमला' जनयुद्धलाई मात्रै आधार बनाएर रचिएका कृतिहरू हुन्। फरकफरक विधाका यी तीनवटा कृति जो विशुद्ध माओवादी जनयुद्धका विरुद्ध लेखिएका छन्, यिनैले नेपालको नोबेल पुरस्कार भनेर चिनिने मदन पुरस्कार प्राप्त गरेका छन्।'

नयाँ संस्कृति (अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय प्रकाशन), वर्ष २४, अङ्क ३, २०७३, पृ. ६५-६७)

मदन पुरस्कार गुठी, सीताराम प्रसाईं, अरू खेतान, चौधरी वा माडबारी समूहले प्रदान गर्ने पुरस्कारजस्तै राजस्वमारा एनसेलले गर्ने लिटलेरी फेस्टिबल यस्तै नकारात्मक घटनाको सटिक उदाहरण हो । अर्को नकारात्मक उदाहरणका रूपमा तानाशाह ज्ञानेन्द्र शाहलाई गीतकारका रूपमा महिमामण्डित गर्ने पात्र व्याकुल माइला गणतन्त्र र सङ्घीय नेपालको राष्ट्रिय गीतका रचनाकार घोषित हुनु र देश वर्गसङ्घर्षको उच्च प्रक्रिया जनयुद्धमा अघि बढिरहेको र श्रमिक जनताले मुक्तिका लागि सामन्ती शासनका विरुद्ध धरतीमा रगत रोपिरहेको समयमा ज्ञानेन्द्र शाहले सत्ताको दुरुपयोग गरेर राजभक्त माधव घिमिरेलाई कथित 'राष्ट्रकवि' को पगरी गुथाउनुलाई लिन सकिन्छ । कृष्ण सेन इच्छुकको हत्यामा संलग्न विक्रम थापा र अमरसिंह शाह, जनआन्दोलन दमन गर्ने दुर्जकुमार राई, दोरम्बा हत्याकाण्डका खलनायक शाहीसेनाका मेजर राममणि पोखरेलहरूले उन्मुक्ति मात्र

... बाँकी पृष्ठ ७ मा

## गीत

### cfpm u/fJalnbfg Û

डा. रामप्रसाद ज्ञवाली

वीरहरूको बलिदानीले
बन्दछ देश महान्
जबजब पर्छन् सङ्कट ठूला
देश माग्छ बलिदान
साथी ! आऊ गरौं बलिदान !
आफ्नो माटो, आफ्नो बाटो
आफ्नो दृष्टि, आफ्नै गान
आफ्नो भाषा, आफ्नो संस्कृति
आफ्नो मौलिकता पहिचान
आफ्नापन यी बाँचे मात्रै
बाँच्छन् राष्ट्रियता सम्मान
जबजब गुम्छन् आफ्ना पन यी
देश माग्छ बलिदान
साथी ! आऊ गरौं बलिदान !
जत्ति भए पनि धनसम्पत्ति
जत्ति भए पनि पद-सम्मान
मर्नै पर्दछ आखिर साथी !
छाडी सारा वैभव सान
स्वाभिमान नै मुख्य कुरा हो
मुख्य कुरा नै हो पहिचान
जबजब गुम्छन् मुख्य कुरा यी
यी देश माग्छ बलिदान
साथी ! आऊ गरौं बलिदान !

### फूलमाया



- लीला रानामगर

फूलमाया हो उनको नाम
नामले उनी फूलजस्तै
सौन्दर्य भए पनि
फूलजस्तो छैन उनको कथा
एउटा सहरको गल्लीभित्र
घर नं ५१४ को
बाहिरपट्टि लेखिएको छ-
'कुकुरदेखि सावधान !'
त्यही घरको भित्र बस्छिन् फूलमाया !
फूलमाया कम्ती सुन्दर छैनन्
जुन 'फेयर एन्ड लभ्ली' को विज्ञापनको
होर्डिङबोर्डमा टाँसिएकी सुन्दरीभन्दा
कम छैनन् फूलमाया
फूलमाया 'मिस नेपाल' की
सुन्दरीहरूभन्दा पनि कम छैनन्
सुन्दर बगैंचाभित्र
फुलेकी चमेलीजस्ती
मखमलीजस्ती
अरू त कति हो कति
कुनै फूलभन्दा कम छैनन् फूलमाया
शरदमा खसेका शीतका लहरजस्तै भिजेका छन्
उनका परेलीहरू
यो कोलाहल बस्तीहरू
किन मौन छ ?
जहाँ कसैले लेख्न सकेका छैनन्
फूलमायाका गीत
-मुक्तिका गीत
-गरिब, किसानका गीत
गीत त
लेखिने गर्छन् लेन्डुपहरूका
छापिने गर्छन् एनजीओ/आईएनजीओका समाचार
फूलमाया बर्सौं पहिलेदेखि
यही पीडाले ग्रसित छिन्
उनका कथा बन्दैनन् अखबारका हेडलाइन
बन्दैनन् टेलिभिजनमा ब्रेकिङ न्युज
बज्दैन कुनै रेडियोको ध्वनिमा
फूलमाया
साहूमहाजनको घरमा दासी छिन्
उहिल्यैदेखि
भन महोदय ! आज म प्रश्न गर्छु तिमीलाई-
के यही हो तिम्रो गणतन्त्र ?

## कथित मदन ...

होइन, बढुवा र प्रोत्साहनसमेत पाउनु पुरस्कार र सम्मानको दुरुपयोगका अरू दृष्टान्त हुन् । यस्ता सयौँ दृष्टान्त दिन सकिन्छ ।

महान् सांस्कृतिक सहिद कृष्ण सेन 'इच्छुक' का नाममा स्थापित र कुनै बेला पुष्पकमल दाहाल 'प्रचण्ड' र मोहन वैद्य 'किरण' संरक्षक रहेको इच्छुक सांस्कृतिक प्रतिष्ठान र इच्छुक पुरस्कार प्रतिष्ठानकै अध्यक्ष प्रतिष्ठानको अपारदर्शी आर्थिक कारोबारमा लिप्त भएको भन्दै अख्तियारले प्रतिष्ठान कार्यालय नै छापामारेर अनुसन्धान थाल्नु र हिजोको ओज बोक्न नसकेर थलापर्नु सम्मानित संस्था र पुरस्कारका नाममा आएका विकृति हुन् । इच्छुक कसैको झोलाका वा खोपीका देउता होइनन्, जनयुद्धले जन्माएका महान् सांस्कृतिक सहिद हुन्, आस्था र निष्ठाका सतिसाल हुन् । त्यसैले इच्छुक प्रतिष्ठान साझा हुनुपर्छ र त्यसबाट प्रदान गरिने सम्मान र पुरस्कार कुनै एउटा गुटविशेषलाई होइन, वर्गसङ्घर्षमा लामबद्ध क्रान्तिकारी स्रष्टालाई ऊर्जा भर्ने काममा प्रयोग गर्नुपर्छ ।

सन्दर्भ कथित मदन पुरस्कारकै हो । नेपालमा विगतदेखि नै सञ्चालित वर्गसङ्घर्षमा श्रमजीवी सर्वहारावर्गका पक्षमा लामबद्ध नभएर सत्तासीन वर्गका पक्षमा लागेका पात्रलाई यो पुरस्कार वितरण गरिएको ज्वलन्त इतिहास छ । कथित मदन पुरस्कार प्राप्तकर्ताहरू निम्नलिखित छन् :

सत्यमोहन जोशी (२०१३, २०१७ र २०२८), चित्तरञ्जन नेपाली (२०१३), सिर्जना कँडेल, लीलाध्वज थापा, करुणाकर वैद्य, कृष्णचन्द्रसिंह प्रधान, गङ्गाविक्रम सिजापति, नित्यराज पाण्डे, भीमनिधि तिवारी, शिशिर कँडेल, गोपालप्रसाद रिमाल, कोमलनाथ अधिकारी, जनकलाल शर्मा, बालकृष्ण पोखरेल, मुकुन्दशरण उपाध्याय, नवराज चालिसे, लक्ष्मीबहादुर बिस्ट, पारिजात (शिरीषको फूल), उत्तम कुँवर, मोदनाथ प्रश्रित (मानव महाकाव्य), शङ्कर लामिछाने, ग्रीष्मबहादुर देवकोटा, पारसमणि प्रधान, धर्मराज थापा, तारानाथ शर्मा, महानन्द सापकोटा, स्थिरजङ्गबहादुर सिंह, बिहारीकृष्ण श्रेष्ठ, डा. चूडामणि बन्धु, प्रदीप रिमाल, ईश्वर बल्लभ, धनबज्र बज्राचार्य, भवानी भिक्षु, डा. वासुदेव त्रिपाठी, धनुषचन्द्र गौतम (धच गोतामे), डा. छविलाल गजुरेल, जगदीशशमशेर राणा, मोहन कोइराला, मदनमणि दीक्षित, डा. ध्रुवचन्द्र गौतम, कञ्चन पुडासैनी, मोहनराज शर्मा, नयराज पन्त, राजेश्वर देवकोटा, दौलतविक्रम बिस्ट, डा. राजेश गौतम, युजनराज भण्डारी, सरुभक्त, डा. भवेश्वर पंगेनी, शरदचन्द्र शर्मा भट्टराई, फादर विलियम बार्क, विनोदप्रसाद धिताल, डा. दयाराम श्रेष्ठ, लोकेन्द्रबहादुर चन्द, डा. केशवप्रसाद उपाध्याय, बुद्धिनारायण श्रेष्ठ, हरिराम जोशी, रेवतीरमण खनाल, गोपाल पराजुली, नारायण वाग्ले, कृष्ण धराबासी, महेशविक्रम शाह, जगदीश घिमिरे, युवराज नयाँघरे, नरबहादुर साउद, झमक घिमिरे, अमर न्यौपाने, राजन मुकारुङ, राधा पौडेल, विजय पाण्डे र रामलमल जोशी ।

यी पात्रहरूको नाम सरसर्ती मात्र अध्ययन गर्ने हो भने पनि कथित मदन पुरस्कार कसकसले पाएका रहेछन् र तिनलाई किन यो हरियो घाँस खुवाइयो होला भन्ने अनुमान गर्न कुनै गाह्रो पर्दैन । स्थापनादेखि यतिबेलासम्म अधिकांश तत्कालीन सत्ताका प्रशंसक, भाट, ब्राह्मण समुदायका र दीक्षित परिवारका आसेपासेहरूलाई मात्र यो हरियो घाँस खुवाएको देखिन्छ । रिमाल मात्र यसमा पर्दैनन् ।

कथित मदन पुरस्कार प्राप्त कृतिकार र कृतिका बारेमा चर्चा गर्दै समालोचक गुणराज लोहनी भन्छन्, 'शैलीशिल्पका हिसाबले नारायण वाग्ले र राधा पौडेलको मदन पुरस्कार पाउने हैसियत हैन । जुन कुरा उनीहरूको लेखनबाट पनि स्पष्ट हुन्छ । यी दुईजनालाई लेख्न कतैबाट प्रेरित गरिएको हो भन्न सकिन्छ । राधाको डायरीलाई त नेपा लयले पूरै सम्पादन गरिदिएको कुरा बाहिर पनि आएको थियो । महेशविक्रम एकजना पुलिस अधिकृत हुन् । उनी आफैँ माओवादी जनयुद्धलाई दमन गर्न खटिएका थिए । उनको कमान्डले कतिजना निर्दोष जनतालाई मार्‍यो होला ! कति बेपत्ता भए होलान् ! अङ्गभङ्ग भए होलान् ! कैयौँ महिला बलात्कृत भए होलान् ! प्रतिक्रियावादी पुरानो सत्ताको नूनपानी खाने तर नयाँ सत्ताको गुणगान गाउने कुरा उनको हिम्मत र हैसियतभन्दा बाहिरको कुरा थियो । त्यसैले महेशविक्रम शाहले जनयुद्धलाई विद्रूपीकरण गर्नु उनको कर्तव्य नै थियो तर आफू निष्पक्ष पत्रकार र जनताको स्वास्थ्य सेवा गर्ने भन्न रुचाउने नारायाण वाग्ले र राधा पौडेलले विद्रूपीकरण गर्नुका पछाडि कुनै कारण रहेको अवश्य छ । यिनै साहित्यहरूले अहिले मदन पुरस्कार पाउन थालेका छन् । मदन पुरस्कार दिने संस्था जसको पकडमा छ, उनीहरू निगम पुँजीवादका नेपाली प्रतिनिधि मात्र नभएर संस्थापक पनि हुन् । साहित्यमा कुनै योगदान नभएका राणा परिवारका सम्भ्रान्त सन्तानहरूको नामबाट गुठी सञ्चालन गरिएको मदन पुरस्कारको स्थापनाकालदेखि नै तत्कालीन सत्ताको भजनकीर्तन गर्नेहरूलाई उक्त पुरस्कारले सुशोभित गरिन्थ्यो । विगत ६१ वर्षदेखि अ-साहित्यबाहेक सबै साहित्यिक रचनाहरू समकालीन राजनीतिक संरचनाको पक्षपोषण गरेका थिए । उदाहरणका लागि २०४५ सालमा पञ्चायतविरुद्ध भीषण आन्दोलन भइराखेको परिवेशमा पञ्चायती व्यवस्थाका विरोधी काङ्ग्रेस र कम्युनिस्टहरूका विरुद्धमा राजेश्वर देवकोटाद्वारा लेखिएको उपन्यास 'उत्सर्ग' लाई यो पुरस्कार दिइएको थियो । प्रगतिशील सशक्त महिला हस्ताक्षर पारिजातलाई नै मन नपरेको र च्यातिदिनू भनिएको विशुद्ध यौनमनोविज्ञानमा आधारित उपन्यास 'शिरीषको फूल' लाई २०२२ सालमा मदन पुरस्कार दिइएको थियो । यसरी मदन पुरस्कार गुठीले पञ्चायतकालमा पञ्चायती व्यवस्थाको, संसदीय व्यवस्थाको स्थापनापश्चात् उक्त व्यवस्था र पछिल्लो दलाल पुँजीवादी व्यवस्थाको पक्षपोषण गर्ने साहित्य, खोज, अनुसन्धानलाई पुरस्कृत गर्दै आएको छ ।'

नयाँ संस्कृति, ऐ.

कथित मदन पुरस्कार दिने वा प्राप्त गर्ने प्रणालीका बारेमा अझै पनि अध्येताहरूले गहन र मिहीन अध्ययन गरेको पाइँदैन किनकि यो हरियो घाँसले अध्येताहरूको घ्राणशक्ति पनि कमजोर बनाइदिएको छ । देखिनु र हुनुको अन्तरविरोध यहाँ पनि राम्रैसँग देखिन्छ । हरियो घाँसले मानिसलाई कतिसम्म क्रूर, निर्विवेकी र मूर्ख बनाउँदो रहेछ भन्ने उदाहरणका लागि धेरै टाढा जानै पर्दैन । आफूलाई क्रान्तिकारी र आमूल परिवर्तनकारी भन्न रुचाउने केही संस्कृतिकर्मीहरूले बुर्जुवा प्रज्ञाप्रतिष्ठानहरूमा जान आफ्नै कमरेडहरूसँगसमेत लुकेर/लुकाएर र पार्टी एचक्यूको आदेशसमेत अटेर गरेर रातारात गरेको गुटबन्दी, दौडधूप, हसिनपसिन अनि बुर्जुवा सत्ताले लोप्पा ख्वाइदिएपछि देखिएको 'हिस्स हर्के, हरिया दाँत' को अवस्था हामीले नै भोगेको धेरै लामो समय भएको छैन । यही अवस्था हामीले अन्य यथास्थितिवादी संस्थामा पनि भोगेका छौँ ।

यिनै र यस्तै कारणले हुनसक्छ, मदन पुरस्कार नामको यो पुरस्कार र यसका दाताहरूको अन्तर्यका बारेमा पनि खासै गहन खोज, आलोचना र टिप्पणी भएको पाइँदैन किनकि केही मिडियाका पात्रहरू किनेर वा भोज खुवाएर यसलाई 'नेपालको नोबेल पुरस्कार' भन्न लगाइएको छ । समालोचकहरू इतिहास खोज्न र पर्गेल्नेतिर उत्साहित देखिँदैनन् किनकि उनीहरूलाई पनि विरोधमा लेख्दा वा सत्य उजागर गर्दा हरियो घाँसबाट कटिएला कि भन्ने चिन्ता छ । भाट स्रष्टाहरू त भजन गर्नेतिर लाग्ने नै भए, बर्सेनि प्रतिगामीहरूको कुम्भमेला आयोजना गरेर प्रदान गरिने यो हरियो घाँस खोसिने हो कि भन्ने चिन्ताले यथार्थ बक्न नपाउँदै जीवन ओरालो लागेको स्रष्टाहरूलाई पत्तै हुँदैन ।

कथित मदन पुरस्कार पाउने कृतिकार र कृतिका बारेमा लोहनी अगाडि लेख्छन्, '२०६२ सालदेखि अहिलेसम्म २०६८ सालमा झमककुमारीको 'जीवन काँडा कि फूल' लाई छाडेर जति पनि मदन पुरस्कार पाएका छन्, ती सबै रचना खोज-अनुसन्धानका नाममा राजा-महाराजाका इतिहास, पुरुषार्थ, विकृत संसदीय व्यवस्थामा सामेल पार्टी वा सङ्गठनका इतिहास, आदर्शवादी दर्शनको प्रचारप्रसार र गुणगान गाएका कृतिहरू पुरस्कृत भएका छन् । त्यसैले अहिलेसम्मको परिघटनालाई नियाल्ने हो भने मदन पुरस्कार पाएका उत्कृष्टमा दरिनुको साटो प्रतिगमन र यथास्थितिवादको दलाली, गुलामी गर्नेहरूमा बदनाम हुन पुगेका छन् । त्यसैले २०६२ देखि २०७३ सम्मका जनयुद्धकाल र शान्तिप्रक्रियाको अवधिमा हिजोकै विरासतलाई निरन्तरता दिँदै जनयुद्धविरुद्ध सबैभन्दा बढी विषवमन गर्न सक्ने प्रतिगामी लेखनपद्धतिका 'पल्पसा क्याफे', 'छापामारको छोरो', जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा', युवराज नयाँघरेको 'एक हातको ताली', राजन मुकारुङको 'दमिनी भीर', राधा पौडेलको 'खलङ्गामा हमला', विजयकुमारको 'खुशी' र रामलाल जोशीको 'ऐना' मदन पुरस्कारद्वारा सुशोभित भएका छन् । यीमध्ये राजन मुकारुङ वामपन्थी विचार राख्छन्, बाँकी सबै सामन्ती राजतन्त्रका पक्षपाती हुन् । मदन पुस्कार पाएका बाहेक पनि अन्य थुपै कृतिहरू छन्, जो जनयुद्धका विरुद्धमा लेखिएका छन् । जनगदीश घिमिरेको 'सकस', नारायण वाग्लेका 'मयुर टाइम्स', शारदा शर्माको 'ताप', बुद्धिसागर न्यौपानेको 'कर्णाली ब्लुज', महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' गोविन्द वर्तमानको 'सोन्ह साँझ' जनयुद्धविरुद्ध प्रायोजनसहित आलेखनको पूर्व तयारीमा सिर्जित साहित्यिक कृति हुन् ।'

लोहनी, ऐ.

कुनै समयमा तारानाथ शर्माको नाउँ हक्की समालोचकका रूपमा आउँथ्यो । जतिबेलबसम्म उनी मार्क्सवादका पक्षपाती थिए उनले बालकृष्ण समको चिसो चुलोलाई नेपाली साहित्यको झुसिलो डकारसम्म पनि भन्न भ्याए तर उनै शर्मा पछि गएर राजभक्त बने । उनको विचारसँगै समालोचक कलम पनि मर्‍यो । त्यसपछि डा. बराल निकै खरो समालोचकका रूपमा अघि आएका थिए । यतिबेला उनी कहाँ छन्, बत्ती बालेर खोज्नुपर्ने अवस्था उत्पन्न हुँदै गएको छ ।

कथित मदन पुरस्कार राणा शासक परिवारका मदनशमशेर राणा र उनकी श्रीमती (कुनचाहिँ हो) जगदम्बाको श्रीसम्पत्ति कर, बल, छल कब्जा गरेर आँखामा छारो हाल्न गरिएको कसरत मात्र हो । दीक्षित परिवारले आफ्नो सबै सम्पत्ति हत्याइसकेपछिको 'रानी' जगदम्बाको अवस्थाबारे चित्रण गर्दै निर्भीक लेखक एवम् महिला आन्दोलनकी अगुवा शान्ता श्रेष्ठ भन्नुहुन्छ, 'जगदम्बाले मर्ने बेलासम्म पनि आफ्नै भवनमा भाडा तिर्नुपरेको थियो । राष्ट्रबैङ्कमा काम गर्ने एकजना कामदारले भनेअनुसार कमलमणि दीक्षितले मदन पुरस्कार गुठीमा काम गर्ने वासुदेव लुइँटेल (भूतको भिनाजु) लाई मासिक एक हजार ६ सयभन्दा तलब कहिल्यै बढाएनन् । घरबाहिर घुमाउन लैजाँदा जगदम्बालाई कामदारको जस्तो लुगामा निकाल्ने गरिएको थियो तर कमलमणिका पत्नी र घरमा काम गर्ने सहयोगी भने रानी-महारानीको जस्तो पोसाकमा हुन्थे ।'

नेत्री श्रेष्ठ भन्नुहुन्छ, 'दीक्षित परिवारले जगदम्बालाई कसैसँग सहजै भेटघाट गर्नसमेत दिएका थिएनन् । एक दिन तामाङ समुदायका दुईजना व्यक्ति मदनशमशेर राणा हाम्रा पिता हुनुहुन्छ भन्दै दरबारमा आएछन् । कोमल हृदयकी जगदम्बाले आफू बस्ने गरेको ऐनैऐनाले घेरिएको दरबार दिइछिन् । त्यसपछि त दीक्षित परिवारले जगदम्बालाई कसैसँग भेट्नै नदिएर यातनासहित थुनेझैँ राखेछन् ।'

दीक्षित परिवारले सम्पत्ति कब्जा गरेपछि र मदनशमशेरको मृत्यु भइसकेपछि जगदम्बाको आर्थिक अवस्था अत्यन्त नाजुक भयो । उनलाई साँझबिहान टार्न पनि धौधौ भयो । अशक्त अवस्थामा दीक्षित परिवारले उनलाई घरबाहिर निस्कन पनि दिएन । त्यत्रो सम्पत्ति हडपेका दीक्षित परिवारले राम्रो खानलाउन र उपचार गर्ने वातावरणबाट वञ्चित राखेकै समयमा जगदम्बाको कन्तबिजोगपूर्ण मृत्यु भएको पनि श्रेष्ठले यो लेखकसँग बताउनुभएको थियो ।

(श्रेष्ठसँगको कुराकानीमा आधारित)

यसरी दीक्षित परिवारको सम्पत्ति हडपेर त्यो सम्पत्ति पचाउन पुरस्कारका नाममा फालिएको 'कलो' लाई पुरस्कारको नाम दिएर नेपालका कयौँ स्रष्टा त्यही हरियो घाँसमा भुलिरहेका छन् ।

## अपहरण शैलीमा ...

राखी उहाँहरूलाई चर्को मानसिक तथा शारीरिक यातना दिएको प्रारम्भिक रिपोर्टमा प्राप्त भएको छ । देश र जनताको मुक्तिका लागि पूर्णकालीन राजनीतिक अभियानमा लागेका हाम्रो पार्टीका जिम्मेवार नेताहरूमाथि केपी सरकारले गरेको यस्तो रबैयाको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ ।'

यसैगरी वक्तव्यमा अगाडि भनिएको छ, 'केपी ओली र प्रचण्डको संयुक्त सरकार निर्माणदेखि नै हाम्रो पार्टीका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूमाथि निरन्तर धरपकड गर्ने, बेपत्ता पार्ने, झूट्टा मुद्दा लगाउने, घरघरमा पुर्जी टाँस्ने गरेर उनीहरूले संविधानमा व्यवस्था गरिएको प्रावधानलाई समेत कुल्चिरहेका छन् । अहिले पनि हाम्रो पार्टीका पोलिटब्युरो सदस्यद्वय पदम राई र ओम पुनलाई यो सरकारले झूट्टा मुद्दा लगाएर महिनौँ दिनदेखि जेलमा सडाएको छ । यसैगरी दर्जनौँ नेता र कार्यकर्ताले झूट्टा मुद्दा खेपिरहेका छन् ।'

केही दिनअघि केही सञ्चारमाध्यमहरूले नेकपाका महासचिवलगायत नेताहरू पुलिसको घेरामा भन्दै झूट्टा समाचार प्रसारित गरेका थिए । यस्तो प्रायोजित समाचार केपी सरकारले नै नेकपामाथि भीषण दमन गर्ने उद्देश्यसहित प्रसारण गर्न लगाएको आरोप पनि नेकपाले लगाएको छ । केपी सरकार चौतर्फी असफल भएपछि उसका प्रतिपक्षलाई दमन गर्न षड्यन्त्र गर्न लागेको भन्दै महासचिव विप्लवले विज्ञप्तिमा भन्नुभएको छ, 'नेपालको संविधानविपरीत र हिजो सङ्कटकालमा माओवादीका नेता/कार्यकर्तालाई बेपत्ता पार्न, हत्या गर्न र चरम यातना दिन सजिलो होस् भनी खडा गरिएको सुरक्षा सेललाई केपी आफैँले परिचालन गर्ने गरी तयार पारिएको कथित केन्द्रीय जाँच ब्युरोमार्फत राजनीतिक प्रतिशोध साध्न र केपी सरकारको क्रियाकलापको विरोध गर्ने सबैलाई ठीक पार्नका लागि सक्रिय पारिएको छ । केपी ओली र उनको सरकारले हेक्का राख्नुपर्दछ- हिजोको जहानियाँ राणा शासन, निरङ्कुश पञ्चायतकाल वा पछिल्लो शाहीकालमा भएगरेका यस्ता षड्यन्त्र, दमन र यातनाले उनीहरूको लूटको स्वर्गको बचाउ गर्न सकेन । बरु उनीहरूको लूटको स्वर्ग सदाका लागि समाप्त भएको थियो । कथित गणितीय दुईतिहाइ वा संसदीय बहुमतलाई पनि जनताले सजिलै बढार्न सक्छन् भन्ने तथ्य विगतको इतिहास साक्षीका रूपमा रहेको छ भने केपीको यो ६ महिने सरकारको रबैया र जनताले गर्दै गरेको आन्दोलनका सामु हायलकायल हुँदै गएको परिणामले देखाइराखेको छ । त्यसैले हामी भन्छौँ- केपी सरकारले हाम्रा पार्टीका चारैजना पोलिटब्युरो सदस्यलगायत झूट्टा मुद्दा खेपिरहेका सबै नेता-कार्यकर्तालाई बिनासर्त रिहा गरोस् । यो हाम्रो आग्रह हो । साथै सबै मानवअधिकारवादी, नागरिक समाज र पत्रकारहरूमा केपी सरकारको यो अमानवीय र मानवअधिकारविरोधी हर्कतको भण्डाफोर गर्न पनि अनुरोध गरिन्छ । केपी सरकारले हाम्रा नेता/कार्यकर्तालाई बिनासर्त, ससम्मान रिहा गरेन भने हाम्रो पार्टी सङ्घर्षमा उत्रिन बाध्य हुनेछ । यसबाट निस्कने जुनसुकै परिणामको भागीदार स्वयम् केपी सरकार र उसका मतियारहरू हुनेछन् ।'

# बलात्कारविरुद्ध अखिल क्रान्तिकारीको प्रदर्शन

**दाङ/कैलाली**

कञ्चनपुर भीमदत्त नगरपालिका २ उल्टाखाम निवासी सरस्वती माध्यमिक विद्यालय कक्षा ९ मा अध्ययनरत छात्रा निर्मला पन्तको बलात्कारपछि हत्या भएको विरोधमा आइतबार दाङमा विद्यार्थीले प्रदर्शन गरेका छन् । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) को आयोजनामा दाङको घोराही र तुल्सीपुरमा विरोध प्रदर्शन गरिएको हो ।

र्‍यालीमा सहभागी विद्यार्थीहरूले १३ वर्षीय अबोध बालिका निर्मला पन्तको बलात्कारपछि बीभत्स हत्या गर्ने हत्यारालाई तुरुन्तै पक्राउ गरी कडाभन्दा कडा कारबाही गर्न माग गरेका छन् । उनीहरूले अबोध हत्या गरिएकी बालिकाका पीडित परिवारलाई उचित क्षतिपूर्तिको मागसमेत गरेका छन् । उक्त अमानवीय घटनाको विरोधमा हजारौँ विद्यार्थीहरू भीषण वर्षा र प्रहरी दमनको कुनै परबाह नगरी सडकमा उत्रिएका थिए ।

र्‍यालीपछि घोराहीको भरतपुर क्याम्पसचोकमा भएको विरोधसभामा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा राप्ती ब्युरो संयोजक पदम पोखेल र दाङ जिल्ला अध्यक्ष प्रीतिमा चौधरीले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन सङ्गठनका जिल्ला उपाध्यक्ष अनिल केसीले गरेका थिए । यस्तै तुल्सीपुरको बीपीचोकमा भएको विरोधसभालाई अखिल क्रान्तिकारीका जिल्ला कोषाध्यक्ष प्रकाश वलीले सम्बोधन गरेका थिए । सभालाई सम्बोधन गर्ने विद्यार्थी नेताहरूले निर्मलाको हत्यारालाई कानुनी कारबाही नभए अखिल (क्रान्तिकारी) ले नै कारबाही गर्ने चेतावनी दिए । उनीहरूले भीमदत्त नगरपालिकाका मेयरले सर्पको टोकाइबाट उक्त घटना भएको हो भन्ने जबाफ दिएकाले उनले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने माग गरे । कार्यक्रमको सञ्चालन अखिल क्रान्तिकारीका जिल्ला सदस्य तेजप्रसाद पोखेलले गरेका थिए ।

यसैगरी अखिल (क्रान्तिकारी) कैलालीले पनि आइतबार विरोध प्रदर्शन गरेको छ । जिल्लाका धनगढी, अत्तरिया लम्कीलगायत ठाउँमा विद्यार्थीले विरोध प्रदर्शन गरेका छन् । प्रदर्शनमा हजारौँ विद्यार्थी सहभागी भएका छन् ।

# विद्यार्थीद्वारा शिक्षा नियमावलीको विरोध

काठमाडौँ महानगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्र विद्यालय शिक्षा नियमावली २०७४ मा समावेश गरिएका केही बुँदाहरू विद्यार्थीको हितविपरीत भएको भन्दै अखिल क्रान्तिकारी काठमाडौँ जिल्लाले विरोध गरेको छ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य भनेर गरेको व्यवस्थाको उल्लघन गरी विद्यालयहरूले विद्यार्थीबाट विभिन्न शीर्षकमा चर्को शुल्क लिएको क्रान्तिकारीले जनाएको छ ।

निजी विद्यालय खोल्न अनुमति दिने कार्य तत्काल बन्द गर्न माग गर्दै काठमाडौँ जिल्लाभित्रका शिक्षक दरबन्दी मिलानको समस्या तत्काल माग गर्न पनि क्रान्तिकारीले माग गरेको छ । क्रान्तिकारीका काठमाडौँ जिल्ला अध्यक्ष दर्शनकुमार नेपालीद्वारा हस्ताक्षरित मागपत्रमा सरकारी विद्यालयले चलअचल सम्पत्ति दुरुपयोग गरिरहेको भन्दै उक्त कार्य तत्काल बन्द गर्न माग गरिएको छ ।

# अखिल क्रान्तिकारी ललितपुरमा विनोद

अखिल (क्रान्तिकारी) को ललितपुर जिल्ला समितिको २३ औँ सम्मेलन गत बिहीबार सम्पन्न भएको छ । सम्मेलनले विनोद लुइँटेलको नेतृत्वमा २९ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । जिल्ला कार्यसमितिको उपाध्यक्षमा रमेश सुनार, सचिवमा निगम भण्डारी, सहसचिवमा ललितजङ्ग बम र कोषाध्यक्षमा डेविड पाण्डे निर्वाचित भएका छन् । सम्मेलनमा अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाल प्रमुख अतिथिका रूपमा उपस्थित थिए । क्रान्तिकारीका महासचिव प्रकाश शाहीलगायत विद्यार्थी नेताहरू पनि सम्मेलनमा सहभागी थिए । प्रमुख अतिथि ढकालले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने अभियानमा विद्यार्थीको महत्वपूर्ण भूमिका हुने विश्वास व्यक्त गरे । अध्यक्ष ढकालले सरकारले शिक्षालाई निजीकरण गरेर श्रमजीवी वर्गका छोराछोरीलाई आधारभूत शिक्षा हासिल गर्नबाट समेत वञ्चित गराएको भन्दै वर्तमान दलाल संसदीय व्यवस्था खारेज नगरिएसम्म आमनागरिकका छोराछोरीले निःशुल्क शिक्षा प्राप्त गर्न नसक्ने बताए ।

## देशलाई युद्धमा ...

यो प्रचारबाजीलाई षड्यन्त्रपूर्ण जाल भएको पनि बताएका छन् ।

गत बुधबार दिउँसो केही अनलाइन सञ्चारमाध्यमले विप्लवलगायत उच्च तहका नेताहरू अर्घाखाँचीको जङ्गलमा रहेको र उनीहरू प्रहरीको घेरामा परेको समाचार लेखेका थिए ।

## बलात्कारीलाई ...

उपाध्याय र अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकालले सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा महिला सङ्घकी महासचिव उपाध्यायले कञ्चनपुरमा बलात्कारपछि हत्या गरिएकी १३ वर्षीया बालिका निर्मलाका हत्यारालाई अविलम्ब कारबाही गर्न माग गरिन् । उनले रेल र पानीजहाजको कुरा गर्ने केपी सरकारले महिला र आमनागरिकको सुरक्षा गर्न नसकेको बताउँदै बलात्कार र छुवाछूतजस्तो जघन्य अपराधमा संलग्न दोषीहरूलाई सरकारले फाँसीको सजाय दिने व्यवस्था बनाउनुपर्ने धारणा व्यक्त गरिन् । उनले सरकार पञ्चायती व्यवस्थाभन्दा निरङ्कुश शैलीमा प्रस्तुत भएको बताइन् । केही दिनअघि नेकपाका दुई पोलिटब्युरो सदस्य कृष्ण धमला 'गम्भीर' र मोहन कार्की 'जीवन्त' लाई अपहरण शैलीमा काठमाडौँबाट पक्राउ गरी काभ्रेको धुलिखेलमा बन्धक बनाइएको र यातना दिइएको भन्दै महासचिव उपाध्यायले उनीहरूको अविलम्ब रिहाइको माग गरिन् । उपाध्यायले न्याय र स्वतन्त्रताको आवाज उठाउने नेताहरूलाई बन्धक नबनाउन आग्रह गरिन् ।

सोही सभामा सम्बोधन गर्दै अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष ढकालले ९ कक्षामा अध्ययनरत निर्मला पन्तका हत्यारालाई कारबाही गर्न माग गरे । ढकालले पन्तका हत्याराविरुद्ध हजारौँ विद्यार्थी आन्दोलनमा उत्रने चेतावनी दिए । सभाको सञ्चालन अखिल क्रान्तिकारी काठमाडौँमा जिल्ला अध्यक्ष दर्शन नेपालीले गरेका थिए ।

बिहीबार साथीको घरमा पढ्न गएकी निर्मला नजिकैको उखुबारीमा मृत अवस्थामा फेलापरेकी थिइन् । स्थानीय सरस्वती माविमा ९ कक्षामा अध्ययनरत बालिकालाई बलात्कारपछि हत्या गरिएको प्रारम्भिक अनुसन्धानका क्रममा देखिएको थियो । उक्त घटनाका दोषीहरूलाई कडा कारबाहीको माग गर्दै देशभर विरोध प्रदर्शनहरू भइरहेका छन् । घटनाको अनुसन्धान गर्न नेपाल प्रहरीको सीआईबीको टोली कञ्चनपुर पुगेर स्थानीय प्रहरीसँग समन्वय गरिरहको बताइएको छ ।



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**





# मैले बनाएको हो नं.१

हो, सर्वाधिक परिमाणमा रेमिटेन्स भित्र्याएबापत सीआईपी सम्मान २०१४ बाट सम्मानित आईएमईलाई उनीजस्तै स्वदेशमा रहेका लाखौं सेवाग्राहीहरूले देखाएको विश्वासले बनाएको हो नेपालको नं. १ रेमिटेन्स कम्पनी ।

IME International Money Express

**नेपालको नं. १ रेमिटेन्स कम्पनी**
— सीआईपी सम्मान २०१४ को विजेता —

+977 1 4430600
+977 1 4425800
IME Complex , Panipokhari, Kathmandu, P.O. Box: 19797, Nepal

ime गरौं
Toll Free 16600 151515
facebook.com/imeremit
imeinfo@imeremit.com
www.imeremit.com



www.machbank.com

# अब बचत मात्र होइन स्मार्ट बचत गरौं

स्मार्ट बचतको साथमा पाउनुहोस् स्मार्ट सुविधाहरु*

FREE
- इन्टरनेट बैंकिङ्ग सुविधा
- एमबिएल मोबाइल मनी (M3)

FREE
- डिम्याट खाता
- मेरो शेयर सुविधा

FREE
- डेबिट कार्ड
- क्रेडिट कार्ड

FREE
- सि-आस्वा सुविधा
- अन्तरशाखा कारोबार सुविधा



MBL Smart बचत
स्मार्ट ब्याजदर

साथै पाउनुहोस् स्मार्ट स्वास्थ्य र दुर्घटना बीमाको* सुविधा
- रु. ५००,०००/- वा खातामा रहेको मासिक औसत मौज्दातको ५ गुणासम्मको (जुन कम हुन्छ) दुर्घटना बीमा
- रु. १ लाख सम्मको अस्पताल भर्ना खर्च
- रु. ५,०००/- सम्मको औषधी खर्च

* शर्तहरू लागु हुनेछन्

थप जानकारीको लागि "SMART" टाइप गरी ३४५४५ मा SMS गर्नुहोस् ।

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
एमबिएल टावर, लाजिम्पाट, काठमाण्डौ, फोन: ०१-४४२८५५६



राष्ट्रियता र जनजीविकाको पक्षमा निरन्तर आवाज उठाइरहेको रातो खबर साप्ताहिक चौथो वर्षमा प्रवेश गरेको शुभ अवसरमा अझै निरन्तर आवाजविहीनहरुको आवाज बनिरहोस् हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**मिन बहादुर शेरचन स्टोर्स**, सिर्जना चोक, पोखरा, कास्की


नेपाल सरकार
### अर्थ मन्त्रालय
## आन्तरिक राजश्व विभागको सूचना

आर्थिक विधेयक २०७५ बाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी ईटा उत्पादन, मदिरा, डिष्ट्रिब्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक, सवारी, क्रसर, बालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय संचालन गर्ने व्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ, अटोमोबाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्युटी पार्लर, क्याटरिङ सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशीनरी उपकरण, प्रयोग भएको ड्राइक्लिनर्स, बार सहितको रेस्टुरेन्ट, आइसक्रिम उद्योग, कलर ल्याब, बुटिक, सुटिङ सर्टिङको सामान सहितको टेलरिङ व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपुर्ति गर्ने व्यक्तिलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने व्यवस्था लागु गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**"हाम्रो गौरव हाम्रो पौरख, राष्ट्र निर्माणको दिगो भर"**

## नेपाल इन्जिनियरिङ कलेजको बि.ई. तथा बि.आर्क. कार्यक्रमहरूको नयाँ भर्ना सम्बन्धी सूचना

नेपालको इन्जिनियरिङ शिक्षा क्षेत्रमा विगत २४ वर्ष देखि संचालित, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ख्याति प्राप्त गैर नाफा मूलक सामाजिक संस्था यस नेपाल इन्जिनियरिङ कलेजमा शैक्षिक सत्र २०७५ को लागि स्नातक तहका निम्न कार्यक्रमहरूमा भर्नाको लागि दरखास्त आह्वान गरिन्छ ।

| सि.नं. | कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १. | बि.ई. सिभिल | १४४ |
| २. | बि.ई. सिभिल एण्ड रुरल | ४८ |
| ३. | बि. आर्किटेक्चर | ४८ |
| ४. | बि.ई. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८ |
| ५. | बि.ई. कम्प्युटर | ९६ |
| ६. | बि.ई. इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन | ९६ |
| ७. | बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स | ४८* |

**फाराम Online भर्नु पर्नेछ**
**फाराम दस्तुर रु.२,०००/-**

फाराम दस्तुर Online फाराम भर्नुभन्दा अगाडी नै तोकिएको स्थानमा बुझाउनु पर्नेछ ।

नोट: उल्लेखित कार्यक्रमहरुमा छात्राहरुका लागि २०% सिट सुरक्षित गरिएको छ ।

*बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स (*nec* BDH) को प्रवेश परीक्षाको सूचना पछि प्रकाशित गरिने छ ।

**न्यूनतम योग्यता:** बिज्ञान विषय (फिजिकल वा बायो ग्रुप) लिई १०+२/Diploma in Engineering वा सो सरहमा कम्तिमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको ।

**१०+२ का सम्पूर्ण विषयहरुमा न्युनत्तम C ग्रेड ल्याएको हुनु पर्नेछ ।**

**फाराम भर्ने मिति: २०७५/०४/०१ गतेदेखि २०७५/०४/२५ गतेसम्म बेलुका ५:०० बजेसम्म**

**फाराम दस्तुर बुझाउने स्थानहरू:**

| नेपाल इन्जिनियरिङ कलेज | नेपाल इन्जिनियरिङ कलेज, *nec* CPS | Bright Educational Academy (BEA) |
|---|---|---|
| चाँगुनारायण-४, भक्तपुर | प्रयागपोखरी, लगनखेल, ललितपुर | थापाथली, काठमाडौं |
| सम्पर्क नं.: ०१-५२२१००६ | सम्पर्क नं.: ०१-५५३०१५८ | सम्पर्क नं.: ०१-४२४०२१३ |
| (बिहान ७:३० बजेदेखि साँझ ५:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) |

**प्रवेश परीक्षा**

**२०७५/४/२६ गते शनिबार** | **स्थान** नेपाल इन्जिनियरिङ कलेज, चाँगुनारायण-४, भक्तपुर | **समय** बिहान १० बजे

*पुनश्च: ११ कक्षा पास गरेका र १२ कक्षाको अन्तिम परीक्षा दिई परीक्षाफल प्रकाशित हुन बाँकी रहेका विद्यार्थीहरुले समेत आवेदन दिन सक्ने छन् ।*

**आवेदन फाराम भर्दा पेश गर्नु पर्ने कागजातहरू:**

- १२ कक्षाको परिक्षा दिएको फोटो सहितको प्रवेशपत्रको प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति फोटो।

**विस्तृत जानकारीको लागि**

**नेपाल इन्जिनियरिङ कलेज**
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण-४, भक्तपुर
फोन नं.: ०१-५२२१००६, फ्याक्स नं.: ०१-५२२१००१
मोबाइल नं. : ९८४१६६९६८४/९८४१३४४९१९
www.nec.edu.np, Email: info@nec.edu.np

निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ